# नेपालमा आदिवासी आन्दोलनको फेहरिस्त

## द ईण्डीजेनश वर्ल्ड (The Indigenous World) मा प्रकाशित लेखहरूको संकलन

## (सन् २००६–२०२०)



नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह

(लाहुर्निप)

# नेपालमा
# आदिवासी आन्दोलनको फेहरिस्त

## द ईण्डीजेनश वर्ल्ड (The Indigenous World) मा प्रकाशित लेखहरूको संकलन

(सन् २००६–२०२०)




नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

**प्रकाशक**
नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)
अनामनगर, काठमाडौं, नेपाल पो.ब.नं.:११११७९
फोन: +९७७ ०१ ५७०५५१०
ईमेल: lahurnip.nepal@gmail.com
वेबसाइट: www.lahurnip.org

सर्वाधिकार ©: लाहुर्निप र IWGIA

प्रथम प्रकाशन सन् २०२०

५०० प्रति

**आवरण सज्जा कम्प्युटर लेआउट**
यति इन्टरप्राइजेज
इमेल: yetienter@wlink.com.np

**मुद्रण**
बी.एल. प्रेस
बागबजार, काठमाडौं

ISBN: 978-9937-9-4091-5

नेपाल बारे **द ईण्डीजेनश वर्ल्ड** (The Indigenous World) **मा** सन् २००६ देखि २०२० सम्ममा प्रकाशित लेखहरूलाई खस नेपाली भाषामा अनुवाद गरी IWGIA-International Work Group for Indigenous Affairs को अनुमति लिई प्रकाशन गरिएको हो ।

यो पुस्तक शैक्षिक, प्रशिक्षण वा गैरनाफामूलक उद्देश्यका लागि स्रोत उल्लेख गरी पूर्ण वा आंशिक रुपमा पुनःप्रकाशन गर्न सकिने छ । यो प्रकाशनलाई बिक्री वा अन्य व्यापारिक प्रयोजनको लागि प्रतिलिपि अधिकारवालासंग पूर्वअनुमति नलिइकन गर्न सकिने छैन ।

पुस्तकको पछाडिको कभर पेजमा भएका तस्वीरहरू **द इण्डीजेनश वर्ल्ड** (सन् २००६-२०२०) बाट साभार ।

# विषयसूची


| | | | |
|---|---|---|---|
| | आभार | | i |
| | लेखकका बारे | | iii |
| १. | परिचय | शंकर लिम्बू | १ |
| २. | २००६ मा नेपाल | ओम गुरुङ | ११ |
| ३. | २००७ मा नेपाल | शंकर लिम्बू | १९ |
| ४. | २००८ मा नेपाल | शंकर लिम्बू | २७ |
| ५. | २००९ मा नेपाल | मुक्तसिंह तामाङ | ३५ |
| ६. | २०१० मा नेपाल | पासाङ डोल्मा शेर्पा | ४९ |
| ७. | २०११ मा नेपाल | कृष्ण भट्टचन | ५५ |
| ८. | २०१२ मा नेपाल | कृष्ण भट्टचन | ६३ |
| ९. | २०१३ मा नेपाल | कृष्ण भट्टचन | ७१ |
| १०. | २०१४ मा नेपाल | कृष्ण भट्टचन | ७९ |
| ११. | २०१५ मा नेपाल | कृष्ण भट्टचन | ८७ |
| १२. | २०१६ मा नेपाल | कृष्ण भट्टचन | ९५ |
| १३. | २०१७ मा नेपाल | कृष्ण भट्टचन | १०३ |
| १४. | २०१८ मा नेपाल | कृष्ण भट्टचन | १११ |
| १५. | २०१९ मा नेपाल | कृष्ण भट्टचन | १२१ |
| १६. | २०२० मा नेपाल | कृष्ण भट्टचन | १२९ |
| | लाहुर्निप बारे | | १३९ |
| | IWGIA बारे | | १३९ |

# आभार

नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) लाई 'द ईण्डीजेनश वर्ल्ड' पुस्तकको नेपाल अंश प्रकाशन गर्नको लागि अनुमति तथा सहयोग गर्नु भएकोमा International Work Group for Indigenous Affairs (IWGIA)लाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छौं। यस पुस्तक IWGIA ले प्रत्येक वर्ष शृङ्खलाबद्ध रुपमा प्रकाशन गर्दै आएको छ, जसमा विश्वका आदिवासीहरूले आफ्नै भूमिमा पहिचान र प्रतिष्ठापूर्ण जीवन पद्धति जिउँने क्रममा राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणलगायतका क्षेत्रमा भोगेका संरचनागत विभेद् र ऐतिहासिक अन्यायको पीडादायी अनुभवको फेहरिस्त समावेश गरिएको हुन्छ। सम्बन्धित आदिवासी समुदायका विज्ञहरूले लेखेका सामग्री आफैंमा सूचनामूलकका साथै आधिकारिक दस्तावेज पनि हो। प्रस्तुत नेपाली अनुवाद 'आदिवासी आन्दोलनको फेहरिस्त' सन् २००६ देखि २०२० सम्म नेपालका आदिवासीको सन्दर्भमा घटेका घट्नाहरू बारे 'आदिवासी विश्व'मा छापिएका सामग्रीहरूलाई अनुवाद गरी राखिएको छ।

पुस्तकका लेखहरू श्रद्धेय डा. कृष्ण भट्टचन तथा अधिवक्ता शंकर लिम्बूले अंग्रेजीबाट खस नेपाली भाषामा अनुवाद गर्नु भएको र अधिवक्ता शान्तिकुमारी राईले भाषा सम्पादन गर्नु भएको, अधिवक्ता टहल थामी, अधिवक्ता दुर्गामणी याम्फू तथा अधिवक्ता मनोज आठपहरियाले यस पुस्तक तयारीमा पुऱ्याउनु भएको योगदानप्रति धन्यवाद दिन चाहन्छु।

श्री सिने लिथ, ईब्गीयाका एशियामा महिला, भूमि अधिकार हेर्ने वरिष्ठ सल्लाहकार, जसको विज्ञता र सहयोगविना यो पुस्तक प्रकाशन गर्न असम्भव नै थियो। त्यसैले लाहुर्निपको तर्फबाट वहाँलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

यो संकलनमा अंग्रेजी मूलपाठमा रहेको परिचयात्मक विवरण तथा पाद टिप्पणी (फूट नोट) राखिएको छैन।

अधिवक्ता दिनेश कुमार घले
उपाध्यक्ष, लाहुर्निप

# लेखकहरूका वारे

**ओम गुरुङ–** नेपाल आदिवासी जनजाति महासंघ (नेफिन)को पूर्व महासचिव हुनुहुन्छ ।

**कृष्ण भट्टचन–** थकाली आदिवासी हुनुहुन्छ । वहाँ नेपालको त्रिभवन विश्वविद्यालयको समाजशास्त्र तथा मानवशास्त्र विभागको संस्थापकहरूमध्ये एक र पूर्व विभागीय प्रमुख हुनुहुन्छ र आदिवासीको सवालमा वहाँको धेरै पुस्तक र लेखहरू प्रकाशित छन् ।

**पासाङ डोल्मा शेर्पा–** उच्चस्तरीय कार्यदलको सदस्य र नेपालको त्रिभवन विश्वविद्यालयको समाजशास्त्र विभागमा समाजशास्त्र विषयको उप-प्राध्यापक हुनुहुन्छ ।

**मुक्तसिंह तामाङ–** नेपालको त्रिभवन विश्वविद्यालयको समाजशास्त्र तथा मानव शास्त्र विभागमा उप-प्राध्यापक हुनुहुन्छ । वहाँले कोर्नेल विश्वविद्यालयबाट विद्यावारिधिको डिग्री प्राप्त गर्नु भएको छ । वहाँले मूलतः नेपालको आदिवासीको आन्दोलन, इतिहास र सहभागी सामाजिक विकास वारे अनुसन्धान गर्नु भएको छ ।

**शंकर लिम्बू–** अधिवक्ता हुनुहुन्छ, जो नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)को सचिव हुनुहुन्छ तथा एशिया ईण्डीजेनश पिपुल्स प्याक्ट (एआईपीपी)को अभियान र नीति जनवकालत संयोजक हुनुहुन्छ ।

# परिचय

## शंकर लिम्बू

यो प्रकाशन आदिवासीहरूले भोगेका घट्नाहरू सम्बन्धित प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरूको विस्तृत दस्तावेजीकरण हो । यस पुस्तक इन्टरनेशनल वर्क ग्रुप फर ईण्डीजेनश एफियर्स (ईब्गीया)ले 'द ईण्डीजेनश वर्ल्ड' मा सन् २००५ देखि २०१९ सम्मका घटनाका वारेमा छापेको नेपाल सम्बन्धी लेखहरूको खस नेपाली अनुवाद हो । यसै अवधिमा भएका महत्वपूर्ण ऐतिहासिक घट्नाहरू राजतन्त्रको अन्त्य, संकटकाल, सशस्त्र द्वन्द्व, शान्ति प्रक्रिया, राजनीति र आदिवासीको आन्दोलन, संविधान निर्माण प्रक्रिया, समावेशी लोकतन्त्र, गणतन्त्र र आदिवासीहरूको अनुभव जस्ता विषयहरू यस पुस्तकमा चर्चा गरिएका छन् । यसरी यो आदिवासीहरूको अवस्था वारे छोटो र स्पष्ट चित्रण हो, जुन नेपालमा आदिवासीहरूको दूरावस्था र सम्भावनाको सम्बन्धमा राम्रो जानकारी राख्न चाहनेहरूका लागि सहयोगी हुनसक्दछ ।

प्रत्येक वर्ष नेपाललगायत विश्वभरी, वर्षभरिका मानव अधिकारको अवस्था, राजनीतिक, सामाजिक, साँस्कृतिक र अन्य क्षेत्रमा घटेका विषयहरूमा केन्द्रित ईब्गीयाले 'द ईण्डीजेनश वर्ल्ड' नामक पुस्तक छाप्ने गर्दछ । यसले मानव अधिकार तथा आधारभूत स्वतन्त्रताको उल्लंघन बारे अनुगमन गर्न र त्यस वारे भएको प्रगतिको विषयमा जानकारी गराउँदछ । यस प्रकाशनले आदिवासीको विषयमा भएका विकासको तुलनात्मक चित्र पनि देखाउँदछ ।

सन् २००५ देखि २०२० सम्म आदिवासी आन्दोलनमा थुप्रै उतार-चढावहरू आए । सन् २००५ को आीदवासी दिवसको पावन अवसरमा तात्कालीन सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाले बृहत सभालाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ लाई अनुमोदन गर्ने  घोषणा गर्नु भयो । सन् २००५ को जनवरी १९ देखि २० सम्म भएको 'आदिवासी र शान्ति निर्माण' विषयक राष्ट्रिय सम्मेलनमा महासन्धि अनुमोदनको विषयलाई पुनः दोहोऱ्याइयो । यस कार्यक्रम आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान (आदिवासीको सम्पूर्ण विकास गर्ने अख्तियारी प्राप्त अर्ध-सरकारी निकाय), अन्तर्राष्ट्रिय श्रम संगठन, मानव अधिकार र सुशासन ईकाई (डानिडा/हुगो),  क्यानेडियन सहयोग निकाय, नेपाल सरकारका सम्बन्धित मन्त्रालयद्वारा आयोजना गरिएको र प्रधानमन्त्री यस सम्वाद कार्यक्रममा उपस्थित भएका थिए ।

सन् २००६ देखि २००७ को वर्ष नेपालको राजनीतिक परिवर्तनको ऐतिहासिक मोड रह्यो । यस वर्ष दोस्रो जन आन्दोलनको अवधि थियो, जसले राजालाई आफ्ना सम्पूर्ण शक्ति त्यागन मात्र होइन कि आफ्ना कार्यकाल रहेको बखत विघटन गरेको संसदलाई पुनर्स्थापना गर्न बाध्य पनि बनायो । सन् २८ डिसेम्बर २००८ मा पुनर्स्थापित संसदले २५० वर्ष लामो राजतन्त्रलाई समाप्त तथा गणतन्त्र घोषणा, अन्तरिम संविधानको चौथो संशोधन गर्‍यो ।

**यो जानकारी राख्न महत्वपूर्ण रहन्छ**

सन् १९९६ मा जनयुद्ध थालनी गरे तापनि खासै सफलता प्राप्त गर्न नसकेपछि आदिवासी जनजाति, मधेशी, दलितलगायत ऐतिहासिक अन्याय र संरचनागत विभेद्मा परेका समुदाय त्यसमा पनि आफ्नै भूमि र थातथलोबाट बेदखल गरिएका आदिवासी जनजातिहरूको मूक्तिको सवालसंग जोडिएको आत्मनिर्णयको अधिकार, जातीय स्वायत्तता र स्वशासनको मुद्दालाई उठान गरेर आफ्नो राजनीतिक अभिष्ट पूरा गर्न माओवादी सफल मात्र भएन कि लिम्बुवान, खम्बुवान, तामाङसालिङ, थारुवान/थरहट, मगरात, तमूवान, नेवाः जस्ता राज्यको स्थापनाका एजेण्डामार्फत् मुलुकको ८० प्रतिशत भू-भाग कब्जा गर्न सफल बन्यो । यद्यपि दोस्रो जनआन्दोलनले राजालाई घुँडा टेकाएपश्चात् राजनीतिक दलहरूसंग माओवादीहरूले गरेको वार्ताका प्रमुख मागहरूमा गणतन्त्र र नयाँ संविधानको मस्यौदाका लागि संविधानसभाको गठनलाई उठाए । तर सडकमा उत्रेका लाखौं जनताले भने लोकतन्त्रको स्थापनाभन्दा बढी माग गरिरहेका थिए । तिनीहरूले दलित, आदिवासी, मधेशी र महिलालगायत समाजका विभिन्न क्षेत्रमा विगतका सीमान्तकृत वर्गहरूको व्यापक समावेशिताको माग गरेका थिए ।

नेपालको अन्तरिम संविधान, २०६३ को पाँचौ संशोधनले स्वायत्त क्षेत्रका लागि आदिवासी जनजाति तथा पीछडिएका समुदायहरूको चाहनालाई मान्यता दिन भन्यो । पहिलो संविधानसभाको राज्य पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिले पहिचान तथा सामर्थ्यको आधारमा १४ प्रदेश र २३ वटा स्वायत्त क्षेत्र आदिवासी जनजातिलाई रहने सिफारिश गरेको थियो ।

पहिलो संविधानसभामा सहमत भएका विषयहरूलाई दोस्रो संविधानसभाले समेटेर नया संविधान लेखिन्छ भनिएको थियो । दोस्रो संविधानसभाबाट आदिवासी विरुद्धमा ११ वटा धारा, विभेद्कारी २३ वटा धारा, बहिष्करण गर्ने ४९ वटा धारा र खसआर्य (क्षेत्री, बाहुन, ठकुरी, सन्यासी (दशनामी), जो नेपालको प्रभुत्वशाली समूह हो) को नश्लीय सर्वोच्चता कायम गर्ने ५ वटा धारा रहेको नेपालको संविधान, (२०७२) जारी भयो । तात्कालीन संविधानसभाका प्रभावशाली सदस्य माननीय प्रदीप गिरीले आदिवासी, मधेशी र दलितलाई न्याय नदिने संविधान जारी भएको भनी मतदान नै बहिष्कार गरेर संविधानमा विमति जनाएको कुरा मिडियामा पटक-पटक बताउँदै आउनु भएको छ। आदिवासीले नश्लीय (Racist) तथा कालो संविधान (Draconian Law) भनी संविधान जलाएर विरोध गरी आएका छन् ।

**यो पुस्तकले धेरै प्रश्नहरूको उत्तर दिन्छ**

पहिलो संविधानसभाको दौरानमा प्रमुख एजेण्डा बनेको आदिवासीको अधिकारको राष्ट्रिय एजेण्डा एकाएक दोस्रो संविधानसभाले संविधान जारी गर्दाको बखत कस्तो तिकडमबाजी अपनाएर आदिवासीलाई पुनः दोस्रो दर्जाको नागरिक बनाइयो ? कस्ता षडयन्त्रमूलक, धोखाघडी अपनाएर आदिवासीहरूको मूक्तिको सवाल तथा रगत र पसिना बगाएर गरेको आन्दोलनको उपलब्धिलाई परास्त गरियो ? कस्तो प्रक्रियाबद्ध तरिकाले कानूनी स्रेस्ता मिलाएर खसआर्य सरह समान हैसियत र अधिकार उपभोग गर्न बन्चित गरियो ? सिंहदरवारभित्रबाट मात्र होइन, मूलधारका राजनीतिक पार्टीबाट कस्ता खेल खेलिए ? शान्तिपूर्ण आन्दोलन र आवाजहरूलाई ज्यानमारा, डकैती, राज्य विरुद्धका अपराध, संगठित अपराध जस्ता मुद्दामा कसरी फसाइए ? आदिवासी आन्दोलन कहाँनिर चुक्यो ? राज्य र राजनीतिक पार्टीहरूले आदिवासी नेतृत्व तथा संस्थाहरूलाई कसरी अधीनस्थ पारी भुत्ते बनाए ? नेपालका आदिवासी मात्र होइन, विश्वकै आदिवासीले संविधानसभाबाट संविधान निर्माणमा नेपालको अनुभवबाट के शिक्षा लिन सक्दछन् लगायतका विषयहरू यस पुस्तकमा सिलसिलेवार ढंगले राखिएका छन् । त्यस हिसाबले यो पुस्तक सन् २००५ देखि २०१९ सम्म नेपालका आदिवासी जनजातिले भोगेको मुख्य-मुख्य तथ्यपरक घट्ना तथा यथार्थ इतिहासको फेहरिस्त दस्तावेज हो, अनि वर्तमान र भविष्यको लागि मार्गचित्र कोर्ने आधार पनि हो ।

**आदिवासी तथा आदिवासी आन्दोलनका लागि**

नेपालमा आदिवासीको इतिहास आदिवासीले विरलै लेखेका छन्। 'मूलधार' वा उपनिवेशवादी इतिहासकारहरूले पृथ्वीनारायण शाहले कीर्तिपूर नेपाल मण्डलका तत्काल चारमध्ये एउटा नेवा:हरूको शक्तिशाली राज्यलाई जितेको कुरा गौरवशाली भनी लेख्दछन्। आक्रमणका बेला नेवा:हरूको नाक काटिएको, पानीको स्रोत काटेको तथा आर्थिक नाकाबन्दीलगायतका राजाको क्रूरतापूर्ण कार्यहरू सम्बन्धमा विदेशी इतिहासकारहरूले लेखेका छन्। खस नेपाली इतिहासकारहरूले यस्ता क्रूरतालाई वेवास्ता गर्दछन् वा आदिवासीहरूको इतिहासका विरुद्ध हुन्छन्।

हामी सबैलाई थाहा छ कि क्यानाडा, अष्ट्रेलिया र ताईवानका सरकार प्रमुखले आ-आफ्ना मुलुकमा आदिवासीप्रति भएको ऐतिहासिक अन्यायलाई आधिकारिक रुपमा माफी माग्छन्। तर आफ्ना पीडालाई व्यक्त गर्न छयाक ल्होँमा, जहाँ पृथ्वीनारायण शाहले टेक्दा चिप्लिएको भन्ने विश्वास गरिन्छ र थुक्ने प्रथालाई रोक्न नेपाल सरकारले प्रहरी परिचालन गर्दछ। ईब्गीयाले यी लेखहरूको संगालोमार्फत आदिवासीहरूले आफ्नो इतिहास आफैंले लेख्ने अवसर दिएको छ। यो पुस्तकलाई आदिवासीहरूले भर्खरको विगतमा भोगेको पीडादायी अनुभवको दस्तावेजलाई भविष्यको मुक्तिको मार्गचित्र कोर्नको लागि वर्तमानमा पुनरावलोकलन गर्न आवश्यकताको शुरुवाती रुपमा लिन सकिन्छ। यो पुस्तकले आदिवासी आन्दोलनको समीक्षा गर्न सहयोग पुऱ्याउनेछ, भने आदिवासी अभियन्ता, कार्यकर्ता र नेताहरूलाई आदिवासी आन्दोलनको सबल र दुर्बल पक्ष पहिचान गर्न तथा सही र गलत पहिचान गर्न पथप्रदर्शन गर्नेछ, भन्नेमा हामी विश्वस्त छौं। यो पुस्तक त्यसतो ऐना हो, जसले आदिवासी आन्दोलन र नेतृत्वलाई आफ्ना प्रतिबिम्ब हेर्न मद्दत गर्दछ।

**सरकार, सरकारी निकाय र राजनीतिक पार्टीहरूको लागि**

मुलुकको आधाभन्दा बढि जनसंख्याको हिस्सा बढ्दो निराशा र असन्तुष्टिबीच गुज्रनु राष्ट्रको गम्भीर समस्याहरूमध्ये एक हो। नेपालको संविधान, कानून, सरकारी नीति तथा कार्यक्रमहरूमा आदिवासी जनजाति अदृश्य रहेको बेला मुलुकको सर्वाङ्गीण विकास तथा दिगो शान्तिको लागि यी अर्को गम्भीर चुनौतीहरू हुन्।

देशको विविधतालाई संविधानको पन्नामा उल्लेख हुनु मात्र पर्याप्त होइन, यी विषयहरू व्यवहारमा महशूस वा अभ्यास गरिएको देखिनु पर्दछ। त्यसको ठीक विपरीत आदिवासीहरूको कानून र संविधान तर्जूमा तथा परिवर्तन गरी आफ्नो भाग्य र भविष्यको निर्णय गर्ने हैसियतमा कहिल्यै रहेनन्। त्यस अवस्थाको परिणतिका सूचनाहरू यस पुस्तकमा रहेका छन्। यस पुस्तकमा दिइएको जानकारीले सरकार, सरकारी निकाय र राजनीतिक पार्टीहरूलाई आदिवासीप्रति भएको गलत कार्य सच्याउन मद्दत गर्छ।

यस पुस्तकले आदिवासीको अपेक्षा, समस्या, पीडा, सवाल र अपेक्षाहरू सम्बोधन गर्न केही हदसम्म विचार प्रदान गर्छ। खासगरी ढिला गरी शुरु भएको राष्ट्र निर्माण प्रक्रियामा थाँती रहेका आदिवासी सम्बन्धित एजेण्डा- जस्तै आदिवासीवादको आधारमा बहुराष्ट्रिय राज्य (प्लुरिनेशनल स्टेट्स) जस्ता विषयमा यस पुस्तकले भरपूर जानकारी दिन्छ। सरकार र 'मूलधार'का राजनीतिक पार्टीहरूले गरेका वाचाहरू पूरा गरोस् भन्ने अपेक्षा पूरा नगरेको कारण बढेको दूरीलाई कम गर्न यस पुस्तकका सामग्रीले मार्गचित्र प्रदान गर्दछ। यस पुस्तकले कानून, नीति निर्माण, परिमार्जन तथा कार्यक्रम तर्जूमाको दौरानमा आदिवासीलाई न्याय दिने कार्यमा व्यावहारिक मार्गचित्र प्रदान गर्दछ।

**नेपालका छिमेकी राष्ट्र र नेपालमा काम गर्ने अन्तर्राष्ट्रिय समुदायका लागि**

विश्व समुदायमा सदस्य राष्ट्रको हैसियतले नेपालको छिमेकी (चीन र भारत)का साथ-साथै नेपालमा कार्यरत अन्तर्राष्ट्रिय समुदायसंग प्रत्यक्ष र अप्रत्यक्ष पारस्परिक दायित्व रहेको छ। विश्व राजनीति, अन्तर्राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय स्तरमा बनाइएका विकासका योजना र कार्यक्रममा आदिवासी तथा आदिवासी अधिकार एक महत्वपूर्ण विषय बनेको छ।

संयुक्त राष्ट्रसंघमा आदिवासीको विषय र आदिवासीको अधिकारलाई हेर्ने विभिन्न निकायहरू छन्। महासभामा पर्यवेक्षकको हैसियतलगायत आदिवासीको सहभागिता अभिवृद्धि गर्ने बारे हाल छलफल भइरहेको छ। यस परिप्रेक्ष्यमा छिमेकी राष्ट्र,

नेपालमा काम गरिरहेका बहुपक्षीय, दुईपक्षीय, अन्तर्राष्ट्रिय गैरसरकारी निकाय वा व्यापारिक संस्थाहरूको कामले आदिवासीहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा असर पार्दछ। तसर्थ अत्यन्त महत्वपूर्ण प्रश्न के हो भने उनीहरूको सहयोगले आदिवासीलाई न्याय गरेको छ वा अन्याय ? अर्को प्रश्नहरू हुन्। उनीहरूको सहयोगले आदिवासीहरूलाई कस्तो असर पारेको छ ? आदिवासीहरूको भूमिमा संचालन हुने अन्तर्राष्ट्रिय सहयोग, लगानी, परियोजना वा त्यस्तै प्रकारका क्रियाकलापहरूको विषयमा आदिवासीहरूको के कस्तो भोगाई र धारणा छन् ? साथै ऐतिहासिक कालदेखि नै छिमेकी मुलुकहरू (चीन र भारत)संग मुलुक-मुलुकबीचको सम्बन्ध जस्तै जनता-जनताबीचको सम्बन्ध पनि विशिष्ट छ। त्यसैले क्षेत्रीय सम्बन्धमा पनि आदिवासीको विषयले आफ्नै महत्व राख्दछ। यस सम्बन्धमा यस पुस्तकले केही जानकारी प्रदान गर्दछ।

**विदेशी दातृ निकाय तथा लगानीकर्ताको लागि**

दातृ निकायको सहयोग नेपाल सरकारले नै स्वीकार गरेको विषय हो। त्यस्तै विभिन्न अन्तर्राष्ट्रिय लगानीकर्ताहरूलाई यहाँको साधन र स्रोत दोहन गरी व्यापार गर्न प्रोत्साहन सरकारले दिएको छ। यी लगानीहरू खासगरी आदिवासीहरूको भूमिमा गरिंदा आदिवासीहरूको सामाजिक, साँस्कृतिक, आर्थिक, भौतिक, धार्मिक, आध्यात्मिक र मानसिक रुपमा बहुपक्षीय असर पार्दछ। यस्ता परियोजनाबाट पर्ने नकारात्मक असरले विवादहरू सृजना भई आएका छन्। कतिपय यस्ता विवादहरू शान्तिपूर्ण तरिकाले निप्टारा भएका छन्, भने कतिपयमा द्वन्द्व र यातनालगायतका गम्भीर मानव अधिकार हननका घटनाहरू घटेकाछन्। कतिपय स्थानहरूमा विवाद नै नआउने गरी कामकारबाही भएको राम्रो अभ्यास पनि रहेको छ। त्यसैले आशा छ- यो पुस्तकले अन्तर्राष्ट्रिय समुदाय, जो नेपालको विकासको कार्यमा संलग्न रहन र आदिवासीलाई न्याय दिन चाहन्छन्, उनीहरूलाई केही मूलभूत जानकारी प्रदान गर्नेछ।

**मानव अधिकारवादी संघसंस्था र गैरसरकारी संस्थाहरूको लागि**

आदिवासीका मानव अधिकार तथा आधारभूत स्वतन्त्रताका विषयलाई कतिपय

मानव अधिकारवादी संघसंस्था तथा गैरसरकारी संस्थाहरूले त्यति महत्व दिने गरेका छैनन् । खासगरी सामुहिक (collective) मानव अधिकारका विषय- संविधान, कानून, नीति, योजना र कार्यक्रमहरूमा नजर अन्दाज गरेकै कारण आदिवासी समुदाय गम्भीर रुपमा पीडित बनेको अवस्था पनि विद्यमान छ । त्यस्ता विषयहरू यस पुस्तकमा समेटिएको हुनाले मानव अधिकारवादी संघसंस्था तथा गैरसरकारी संस्थाहरूलाई आदिवासीका सामुहिक अधिकारलाई सम्मान गर्नेगरी कार्य गर्नका निम्ति यो पुस्तक उपयोगी हुन सक्दछ ।

**पाठक तथा विद्यार्थीहरूका निम्ति**

नेपालका आदिवासीको विषयमा जानकारी राख्न चाहने पाठक तथा विद्यार्थीहरूलाई जड समस्या, सवाल र त्यसको व्यावहारिक समाधान गरी सबैको भलो गर्ने बारेमा सूचना दिन यस पुस्तक उपयोगी बन्ने छ । आदिवासीको विषयमा खोज अनुसन्धानकर्ताको लागि रणनीतिक विचार, महत्वपूर्ण सूचना तथा तरकीब तथा जल्दोबल्दो सवालमा काम गर्न यस पुस्तक सहयोगी हुनेछ ।

अन्तमा, पुस्तक तपाईको हातमा छ । यसमा समाविष्ट विषय वा पुस्तकको बारेमा तपाईको सुझाव, सल्लाह र टिप्पणीको लाहुर्निप सदैव स्वागत गर्दछ ।

# सन् २००६ मा नेपाल

## ओम गुरुङ

नेपाल साँस्कृतिक विविधताले भरिपूर्ण छ। नेपालको संविधान, १९९१ ले पनि नेपाललाई बहुजातीय, बहुसाँस्कृतिक र बहुभाषिक मुलुक हो भनी उल्लेख गरेको छ। धेरै साँस्कृतिक विविधता भएको देश भए पनि संवधानले हिन्दू अधिराज्य र खस नेपाली भाषालाई सरकारी कामकाजको एक मात्र भाषाको रुपमा घोषणा गरेको छ। राज्यको नीतिहरू खासगरी एक भाषा-खस नेपाली र एक धर्म (हिन्दू) तथा हिन्दू धर्म पालना गर्न राज्यले गरेको संस्थागत समर्थनको कारणले कतिपय आदिवासी समुदायहरूले आदिवासी संस्कृति, भाषा र धर्महरू गुमाउँदै गएर अन्ततः आफ्नो जातीय पहिचान नै गुम्ने अवस्थामा पुऱ्याएको छ। पछिल्लो राष्ट्रिय जनगणना अनुसार नेपालको २ करोड ३४ लाख कूल जनसंख्यामध्ये ३७.२ प्रतिशत आदिवासीहरू रहेको छ। नेपाल राजपत्रमा ५९ आदिवासीहरूको पहिचान र सूचीकरण भएको छ। तर यसमा अन्य धेरै छुटेको भन्ने विश्वास छ।

**सशस्त्र द्वन्द्व**

शेरबहादुर देउवाको सरकारले संयुक्त जनमोर्चाको ४० बूँदे मागलाई सम्बोधन नगरेपछि नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले १३ फेब्रुवरी, १९९६ मा जनयुद्धको घोषणा गऱ्यो। त्यस बेलादेखि नेपालमा सशस्त्र द्वन्द्व चर्किरहेको छ। विगत १० वर्षमा ४०,००० जना आन्तरिक विस्थापनमा परिसकेका छन् तथा १४,००० जना मारिएका छन्। यो सशस्त्र द्वन्द्वबाट आदिवासीहरू सबैभन्दा बढी पीडित भएका छन्।

शान्ति निर्माणको प्रयास राष्ट्रिय र अन्तर्राष्ट्रिय गरी दुवै तहमा भएका छन्। तर शान्ति निर्माणमा लागेका संस्थाहरूले सशस्त्र द्वन्द्वबाट सबैभन्दा बढी प्रभावित कम्युनिष्टहरूमध्ये सबैभन्दा बढी त्यसमा सहभागी आदिवासीहरू हुन् भन्ने तथ्यलाई बेवास्ता गरेका छन्। त्यसैले नेफिनले सरकार, राजनीतिक दल र अन्तर्राष्ट्रिय समुदायहरूलाई पहिला आदिवासीहरूको पहिचान र अधिकारको सम्मान गर्न र दोस्रो शान्ति निर्माण प्रक्रियाहरूमा आदिवासीहरूको पूर्ण र प्रभावकारी सहभागिताका लागि समावेश गर्न जोड्दार आव्हान गरेको छ। नेफिन यो कुरामा विश्वास गर्दछ कि राज्यको वर्तमान संरचना त्रुटीपूर्ण, विभेद्कारी र असमावेशी

छ । विद्यमान हिंसात्मक द्वन्द्व नेपाली समाजको संरचनागत समस्याको उपज हो । जहिलेसम्म राज्यको विद्यमान संरचना रहिरहन्छ, तबसम्म एक वा अर्को द्वन्द्व अवश्यम्भावी छ । नेफिनको एउटा प्रष्ट माग राज्यको पुनर्संरचना हो ।

**राजकीय कु: (तख्ता पलट) लोकतन्त्रको पतन**

राजा ज्ञानेन्द्रले नेपालको संसद्को विघटन र लोकतान्त्रिक तरिकाले निर्वाचित सरकार भंग गरेदेखि झन-झन बढी महत्वाकांक्षी भएको छ । १ फेब्रुअरी, २००५ को राजकीय कु (तख्ता पलट) पछि उनले मुलुकको राजनीतिक र प्रशासनिक सम्पूर्ण शक्ति आफ्नो हातमा लियो र लोकतन्त्रको अन्त्य भयो । यसको परिणाम नेपाली जनताहरूको राजनीतिक, नागरिक र मानव अधिकार निषेध गरियो । सबै प्रकारमा लोकतान्त्रिक मूल्य र मान्यताहरूलाई नष्ट गरियो ।

लोकतन्त्रको विनाशले सबैभन्दा बढी असर ती आदिवासीहरूलाई पर्‍यो, जसले आफ्नो अधिकारको संरक्षण र सम्वर्द्धनको लागि जनवकालत गरिरहेका थिए र जसले भाषिक स्वतन्त्रता, धर्मनिरपेक्षता, बहुलवाद र आत्मनिर्णयसहितको राष्ट्रिय क्षेत्रगत स्वायत्तताको सवालहरू उठाइरहेका थिए । वर्तमान शासन सत्ता वर्तमान लोकतन्त्र अघिको पञ्चायती शासन सत्ताको प्रतिरुप हो र शासकहरूले निरंकुश पञ्चायती शासन संयन्त्रको तत्वहरूलाई पुन:जागृत गर्न बढी प्रयत्नशील छन् । उनीहरूले एउटा राष्ट्र, एउटा संस्कृति, एउटा भाषा र एउटा धर्मको एकल नीति पुन: लाद्न प्रयास गरिरहेका छन् । उनीहरूले नेपाली समाजको विविधताको बावजूद एकरुपताको पक्षमा वकालत गरिरहेका छन् ।

**सरकारको अध्यादेश र आदिवासीको प्रत्युत्तर**

अहिले नेपालमा विधिको शासन नभएकोले सरकारले मुलुकलाई अध्यादेशको भरमा चलाइरहेको छ । यस अघिको सरकारले शिक्षा र निजामती सेवाका क्षेत्रमा शुरु गरेको आरक्षणको नीति समाप्त गरिसकेको छ (हेर्नुहोस् द ईण्डीजेनश वर्ल्ड २००५) । सञ्चारलाई नियमन गर्न ल्याएको सरकारको अध्यादेशले अभिव्यक्तिको स्वतन्त्रतालाई उल्लंघन गरेको छ । गैरसरकारी संस्थाहरूलाई नियमन गर्न ल्याएको

आचार संहिताले जातीय संस्थाहरू खोल्न पाउने स्वतन्त्रतालाई यसले साम्प्रदायिक सद्भाव विथोल्छ भन्ने ठानेर नराम्रोसंग कुण्ठित गरेको छ। पूर्वी र मध्यपहाडी क्षेत्रहरूका कैयन जिल्लाहरूमा सरकारी सुरक्षा बलले सुरक्षाको नाममा टाढाका आफ्ना नातेदारहरूसंग फोनमा मातृभाषामा कुराकानी गर्नसमेत दिएको छैन। सुरक्षा बलले आदिवासीको ऐतिहासिक र आस्थागत महत्वका भूमि र भू-क्षेत्रहरूमा तारवार लगाएर अतिक्रमण गरेको छ।

अहिलेसम्ममा ३३ वटा अध्यादेशहरू जारी भइसकेको छन् र सरकारले अरु पनि जारी गर्ने तयारीमा छ। यहीं तरिकाबाट वन तथा भू-संरक्षण मन्त्रालयले आदिवासीको चाहना विरुद्धको गठन आदेशको तयारी शुरु गरिसकेको छ, जसले आदिवासीको भू-क्षेत्रमा रहेको जैविक स्रोतहरूको नियन्त्रण, पहुँच र लाभको बाँडफाँडलाई नराम्रोसंग प्रभाव पार्न सक्छ। त्यसैले नेफिनको प्रतिनिधि मण्डल ५ जुन, २००५ मा वन तथा भू-संरक्षण मन्त्रालयमा गएर आदिवासीहरूको प्रभावकारी सहभागिता र परामर्शविना आदिवासीहरूको स्वार्थलाई प्रभाव पार्ने अध्यादेश नल्याउन माग गर्दै एउटा स्मरणपत्र बुझाएको थियो।

नेफिनको प्रतिनिधिमण्डलले २५ जुलाई, २००५ मा मन्त्रीपरिषद्का उपाध्यक्षहरूसंग भेट गरी निम्न माग राखेर अर्को स्मरणपत्र बुझाएको थियो

१) सरकारले शुरु गरेको आरक्षण नीतिलाई कार्यान्वयन गरियोस्;
२) नेफिनको संस्थापक महासचिव श्री सुरेश आले मगरलाई भारतीय अधिकारीहरूले नेपाल सरकारलाई २००४ मा बुझाएपछि एकान्तमा राखिएकोमा सार्वजनिक गरियोस् र कानूनी उपचारको लागि अदालतमा हाजिर गराइयोस्;
३) नेपाल टीभी र रेडियो नेपालमा आदिवासीको कार्यक्रमहरू प्रसारण गर्न विशेष समय तालीका तोकियोस्;
४) विश्व आदिवासी दिवसलाई सम्मान गर्नका लागि अगष्ट ९ लाई राष्ट्रिय विदाको घोषणा गरियोस् र आदिवासीहरूको सामाजिक, आर्थिक, शैक्षिक र वातावरणीय विकासका लागि विशेष कार्यक्रमहरू बनाइयोस्।

## समावेशी लोकतन्त्रका लागि जनवकालत

वर्तमान शासन व्यवस्थामा आदिवासीहरूले राजनीतिक रुपमा निसासिएको अनुभव गरिरहेका छन् । उनीहरूले आफ्ना संस्कृति, भाषा, धर्म, मूल्य, मान्यता र परम्परालाई विकास र संरक्षण गर्न ज्यादै गाह्रो भएको छ । वर्तमान अवस्थामा उनीहरूले आफ्ना अधिकारहरूको सुरक्षा र सम्वर्द्धन गर्न सक्दैनन् । राजाको अधिनायकवादी शासनमा आदिवासीहरूको अधिकार प्रत्याभूत हुन सक्दैन भन्ने उनीहरूले महशूस गर्न थालेका छन् । उनीहरू अब लोकतन्त्रको महत्वको बारेमा जागरुक छन् । यसको परिणाम उनीहरूको विशिष्ट पहिचान र स्वतन्त्र मागहरू र नेफिनको सामुहिक नेतृत्वमा आदिवासीहरू नेपालको लोकतान्त्रिक आन्दोलनमा सक्रियतापूवर्क सहभागी भइरहेका छन् । तर आदिवासीहरू यो तथ्यका वारेमा पनि सचेत छन् कि जित्नेले सबै लाने किसिमको लोकतन्त्रले आदिवासीहरूको चाहनालाई पूरा गर्न सक्दैन र उनीहरूको बहु-आयामिक सवालहरूलाई पनि सम्बोधन गर्दैन । त्यसैले नेफिनले समावेशी लोकतन्त्रको वकालत गरिरहेको छ, जहाँ सबै समुदायहरूको सहभागिता र समानुपातिक प्रतिनिधित्व होस् । यो राजनीतिक नेताहरू, प्राज्ञहरू, जनजाति बौद्धिकहरू र अभियन्ताहरूको बीच बहसको विषय भएको छ ।

## बहुसाँस्कृतिक खाकामा शान्ति–निर्माण

माथि उल्लेख भए अनुसार सशस्त्र द्वन्द्वको दीर्घ समाधानका लागि बहुसाँस्कृतिक खाकाको प्रवर्द्धन गर्न नेफिनले अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ र नेपालको शान्ति-निर्माण विषयक संगोष्ठीको आयोजना गरेको थियो । यो संगोष्ठी १९ देखि २० जनवरी, २००५ सम्म भएको थियो । यसको उद्देश्य नेपाल जस्तो बहुसाँस्कृतिक देशमा शान्ति-निर्माणका लाीग अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ लाई अन्तर्राष्ट्रिय कानूनी खाकाको रुपमा उपयोग गर्न राष्ट्रिय तहमा सचेतना जगाउनु थियो । संगोष्ठीमा कार्यपत्र प्रस्तुत गर्नेहरूमध्येका एक जना आईएलओका पूर्व निर्देशक र ग्वाटेमालाको शान्ति प्रक्रियाको लागि संयुक्त राष्ट्रसंघको विशेष प्रतिनिधि श्री ईयान च्याम्बर्स पनि थिए । आफ्नो प्रस्तुतीमा श्री च्याम्बर्सले ग्वाटेमालाको शान्ति प्रक्रियाको आफ्नो अनुभव प्रस्तुत गर्नु भएको थियो । यो नेपालको सन्दर्भमा अत्यन्तै सान्दर्भिक र उपयोगी थियो । उक्त संगोष्ठीमा तात्कालीन

प्रधानमन्त्री शेरबहादुर देउवाले अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ लाई अनुमोदन गर्ने प्रतिबद्धता दोहोऱ्याउनु भएको थियो ।

**अन्य वकालतका कार्यहरू**

नेफिनले वर्षैभरी आदिवासीको अधिकारको प्रवर्द्धन र राज्य संयन्त्रमा सहभागिताका लागि संगोष्ठी, ऱ्याली, अनुसन्धान, प्रकाशन र कैयन अन्य कार्यहरू गरेको थियो । विगत वर्षहरूमा जस्तै सरकारी कर्मचारीतन्त्र, राजनीतिक दलहरू, समाज र जनता तथा निजी क्षेत्रमा सञ्चारलाई ध्यानाकर्षण गर्न अगष्ट ९ का दिन विश्व आदिवासी दिवसलाई उपयोग गरेको थियो ।

विगतमा अगष्ट ९ मनाउने काम काठमाडौं केन्द्रित हुने गरेकोमा यो वर्ष देशका विभिन्न भागहरूमा विभिन्न कार्यक्रम गरी मनायो । यसरी मनाउनका लागि संगोष्ठी, प्रवचन, जनवकालत, मातृभाषामा कवितावाचन प्रतियोगिता, लोकगीत, लोकनाच प्रतियोगिता, जातीय खाना महोत्सव, आदिवासी कला, भेषभूषा र गहनाको प्रदर्शन, परम्परागत खेलकूद र साँस्कृतिक जुलूसलगायतका कार्यहरू भएका थिए । यी कार्यक्रमहरूमा हजारौं आदिवासीहरूको सभागिता थियो ।

नगरकोटमा भएको नेवार र तामाङहरूको नरसंहारको विरुद्धमा नेफिनले २१ डिसेम्बर, २००५ मा विशाल विरोध ऱ्यालीको आयोजना गरेको थियो । आफ्नो परम्परागत चाड मनाउन नगरकोट (काठमाडौंबाट १२ किलोमिटर उत्तर-पूर्व) स्थित मन्दिरमा उपस्थित भीडमा एकजना रक्त पिपासु सिपाहीले अन्धाधुन्द गोली हानेर नरसंहार गरेको थियो । उक्त नरसंहारमा ११ जना सर्वसधारणको ज्यान गएको थियो र तीमध्ये १० जना आदिवासी तामाङ र नेवार थिए । उक्त घटनामा कम्तीमा पनि १६ जना गंभीर घाइते भएका थिए । उक्त घटनाको विस्तृत जांचबुझको शिलशिलामा नेफिनले घटनास्थलको भ्रमण गरेको थियो र मृतक तथा घाइतेका परिवारका सदस्यहरू र घटनाका प्रत्यक्षदर्शीहरूसंग भेट्ने र प्रत्यक्ष जानकारी संकलन गर्ने काम गरेको थियो । उक्त जानकारीको आधारमा नेफिन विश्वस्त भयो कि उक्त नरसंहारका लागि सरकार जिम्मेवर छ ।

यसले मृतक र घाइते परिवारका लागि उपयुक्त क्षतिपूर्तिका लागि र उक्त अपराधमा संलग्नलाई न्यायको कठघरामा उभ्याउन माग राखेको थियो। यसले उक्त नरसंहारका सम्बन्धमा अझै विस्तृत अनुसन्धान गर्नका लागि एउटा समिति बनाएको थियो र सरकारलाई तत्काल यस्ता नरसंहार बन्द गर्न चेतावनी दिएको थियो ।

अन्तर्राष्ट्रिय तहमा नेफिनका प्रतिनिधिहरूले मे, २००५मा न्यूयोर्कमा भएको संयुक्त राष्ट्रसंघको आदिवासीको सवालहरूका सम्बन्धमा स्थायी मञ्चको सत्रमा र फेब्रुअरी, २००५ मा न्यूयोर्कमै भएको बेईजिङ्ग १० जोड को बैठकमा भाग लिएको थियो। स्थायी मञ्चमा, नेफिनका महासचिव डा. ओम गुरुङ र नेफिनका जनसम्पर्क सचिव लक्की शेर्पाले सहस्राब्दी विकास लक्षहरू (गरिबी न्यूनीकरण विश्वव्यापी शिक्षा)को लक्षहरू १ र २ अन्तर्गत एजेण्डा विषय ३ अन्तर्गत गरिबी र विश्वव्यापी शिक्षाको सत्रमा बोल्नु भएको थियो। स्थायी मञ्चमा सहभागिताको क्रममा मानव अधिकारको उच्चायुक्तको कार्यालयका आदिवासीको अधिकार र आधारभूत स्वतन्त्राका सम्बन्धमा विशेष समाधिक्षक श्री रुडल्फो स्टाभन हेगनसंग भेट्ने अवसर पाइएको थियो। वहाँलाई नेपालमा राज्य र माओवादी दुवैले गरेका मानव अधिकार उल्लंघनका वारेमा जानकारी दिइएको थियो र श्री स्टाभन हेगनलाई नेपाल भ्रमणको लागि प्रोत्साहित गरिएको थियो।

# सन् २००७ मा नेपाल

## शंकर लिम्बू

## राजनीतिक स्थिति

नेपाली समाजको नीति-निर्माणको तहमा आदिवासीहरूको पहुँच ज्यादै सीमित मात्रामा छ । राजनीतिक दल बनाउने अधिकार आदिवासीहरूका लागि निषेध छ । हिन्दू (हिन्दू चार श्रेणीको जात व्यवस्थाभित्रका कथित माथिल्लो जातमा पर्ने बाहुन र क्षेत्री)का लागि उहिलेदेखि रहँदै आएको सौविध्यात्मक नीतिका कारणले आदिवासीहरूको प्रतिनिधित्व र सहभागिता सीमित वा सांकेतिक मात्र छ । औपचारिक तथ्याङ्कले देखाए अनुसार न्यायाधीशहरूमध्ये ७७ प्रतिशत बाहुन क्षेत्रीहरू छन् भने आदिवासी १.७ प्रतिशत मात्र छन् । यसैगरी मन्त्रीपरिषद्मा बाहुन क्षेत्रीको प्रतिनिधित्व ६२ प्रतिशत छ भने नेवार (९.२ प्रतिशत) बाहेकका आदिवासीहरूको प्रतिधिनित्व १२.५ प्रतिशत मात्र छ । विधायिका सभामा बाहुन क्षेत्रीको प्रतिनिधित्व ६२ प्रतिशत छ भने आदिवासीहरूको १३ प्रतिशत र निजामती सेवा प्रशासनमा बाहुन क्षेत्रीको प्रतिनिधित्व ८४.५ प्रतिशत छ भने नेवार बाहेकका आदिवासीहरूको प्रतिनिधित्व २.३ प्रतिशत मात्र छ ।

## विद्यमान राजनीतिक दलहरूमा आदिवासी जनजातिको सहभागिता

सरकारको शासकीय निकायहरूमा र राजनीतिक दलहरूको संयन्त्रमा आदिवासी जनजातिको सहभागिता यस प्रकार रहेको छ- नेपाली कांग्रेस (नेकां) मा १६.७ प्रतिशत, नेपाल कम्युनिष्ट पार्टी एकीकृत मार्क्सवादी र लेनिनवादी (नेकपा एमाले) मा २१.१ प्रतिशत र नेपाल सद्भावनामा २०.७ प्रतिशत । यी तथ्याङ्कले आदिवासी जनजातिहरूको न्यून प्रतिनिधित्व देखाउँछ भने अर्कोतिर हिन्दू जातको भने अत्यधिक बढी प्रतिनिधित्व छ । यी आदिवासी प्रतिनिधिहरू आफ्ना आदिवासीहरूसंगभन्दा पनि उनीहरूकै राजनीतिक दलसंग जवाफदेही छन् भन्ने हेक्का राख्नु पनि महत्वपूर्ण छ । उनीहरूलाई आदिवासीहरूको प्रतिनिधि भनेर औपचारिक मान्यता छैन । त्यसैले उनीहरू आदिवासीको सवालहरू र समस्याहरू उठाउन कार्यादेश (म्याण्डेट) छैन । उनीहरू नाम मात्रको प्रतिनिधिहरू भएकोले आदिवासीका चासोहरू उठाउन असफल भएको र आदिवासीहरूको आवाज उठाउने कुनै ठाउँ नभएको प्रष्ट देखिन्छ । वर्तमान राजनीतिक व्यवस्थाको नीति नै आदिवासीहरूलाई “फुटाऊ र शासन गर” भन्ने छ, र उनीहरूलाई राजनीतिक रुपमा संगठित हुन निषेध गरेको छ ।

## आर्थिक स्थिति

आदिवासीहरूको गुजाराको मुख्य रणनीतिहरू कन्दमूल बटुल्ने, बागवानी, चरिचरन र खेतीपाती हुन्, जुन सबै भूमि र प्राकृतिक स्रोतहरूमा निर्भर छन् । भूमिहीनता आदिवासीहरूको सबैभन्दा नाजुक समस्या हो । भू-स्वामित्व सम्बन्धी २००१ को जनगणनाको तथ्याङ्क अनुसार आदिवासी घरपरिवारको ठूलो अनुपात (४५.८ देखि ५८.६ प्रतिशत) भूमिहीन छ । १९६४ को भूमि सम्बन्धी ऐन र १९६३ को भूमि (सर्भे र मापण)ले आदिवासीहरूको ऐतिहासिक थातथलोलाई अन्त्य गरी अीदिवासीहरूको आफ्नो परम्परागत थातथलो र प्राकृतिक स्रोतहरू (जसलाई किपट भनिन्थ्यो) बाट विस्थापन गऱ्यो उनीहरूको मञ्जुरी वा क्षतिपूर्ति वेगर हिन्दू जनता (बाहुन तथा क्षेत्री)लाई हस्तान्तरण गऱ्यो । गरिबीको तथ्याङ्कमा उनीहरूको प्रथाजन्य भूमिबाट विस्थापनमा पारिएका आदिवासी जनजातिहरूको संख्या ठूलो छ, जसमा ७१ प्रतिशत लिम्बू, ५६ प्रतिशत राई र ५९ प्रतिशत तामाङ गरिबीको रेखामुनि बाँचिरहेका छन् ।

त्यसैगरी १९७४ को खर्क जग्गा राष्ट्रियकरण ऐनले चरनलाई राष्ट्रियकरण गऱ्यो र ती चरनहरू हिन्दू (बाहुन र क्षेत्री)को स्वामित्वमा भएका नाफामूलक संस्थान र कम्पनीहरूलाई दिएकोले आदिवासीहरू उनीहरूको उच्च भेगको चरिचरन र चरनमा आधारित प्रथाजन्य पशुपालनबाट विस्थापित भए । यसरी विस्थापित भएकामध्ये धेरैले लागू पदार्थको चोरी पैठारी जस्ता गैरकानूनी व्यापार व्यवसायमा संलग्न हुन बाध्य भए । यसैगरी १९९३ को वन ऐनमा भएको सामुदायिक वन उपभोक्ता समितिको प्रावधानले आदिवासीहरूलाई उनीहरूको परम्परागत थातथलोबाट विस्थापित गऱ्यो र स्वामित्व सामुदायिक वन उपभोक्ता समितिलाई हस्तान्तरण गऱ्यो, जुन प्राय:जसो गैरआदिवासी, खासगरेर बाहुन र क्षेत्रीको अधिपत्यमा छन् । वन ऐनको खण्ड ५९ ले वनबाट रुख वा घाँस काट्ने जो कोहीलाई गोली हान्न सक्ने अधिकार वन रक्षकलाई दिएको छ र यसले आदिवासीहरूले आफ्नो दैनिक गुजाराको काम गर्न निषेध गर्दछ ।

## शैक्षिक स्थिति

संविधानलगायतका विद्यमान कानूनहरूले शिक्षामा आदिवासीहरूको अधिकारलाई पूर्ण रुपमा प्रत्याभूत गरेको छैन । यी कानूनहरू अन्तर्राष्ट्रिय स्तरसंग मेल खाँदैन । केवल ३१ प्रतिशत आदिवासीहरूको मात्र खस नेपाली भाषामा दक्षता भएकोले मातृभाषामा शिक्षाको अधिकार अत्यन्त महत्वपूर्ण छ । औसतमा २६ आदिवासीहरूको साक्षरता दर ३४.२४ प्रतिशत छ र १.१ प्रतिशतसम्मका आदिवासीहरूले उच्च शिक्षा (स्नातक वा सोभन्दा माथि नेवार २३.७ प्रतिशत बाहेक) हासिल गरेका छन्, जब कि राष्ट्रिय औसत ३७.९ प्रतिशत हो । यसरी प्रष्टै देखिन्छ कि शिक्षामा आदिवासीहरू र हिन्दूहरूबीच धेरै ठूलो अन्तर छ । यो अन्तर हुनुको मुख्य कारण खस नेपाली भाषा शिक्षाको माध्यम भएकोले हो ।

## धर्म

आदिवासीहरूको प्रतिरोधको बावजूद गैरहिन्दूमाथि उत्पीडन र विभेद् कायम छ । २००१ को जनगणनामा आदिवासीको धर्महरू राखिएन । यसको विपरीत हिन्दू धर्मको बहुमत देखाउन तथ्याङ्क निर्माण गऱ्यो ।

## राजाको प्रतिगामी राजनीतिक चाल विरुद्ध २००६ को दोस्रो जनआन्दोलन

माओवादी पार्टीले नेतृत्व गरेको एघार वर्ष लामो जनयुद्धको नाममा भएको सशस्त्र द्वन्द्व रोल्पा जिल्लामा भएको आदिवासीको थातथलोमा १३ फेब्रुअरी, १९९६मा शुरु भएको थियो । उक्त द्वन्द्वमा आदिवासीहरू विभिन्न कारणले संलग्न भएका थिए । पहिलो- द्वन्द्व ग्रामीण आदिवासी क्षेत्रमा भएको थियो । दोस्रो- माओवादीहरूले नेपालको रोगहरूमध्ये एक आदिवासी जनजातिमाथिको उत्पीडनलाई पहिचान गरेको थियो । तेस्रो- उनीहरूले पनि आदिवासीहरूको आत्मनिर्णयको अधिकारको मुद्दा उठाएका थिए । चौथो- द्वन्द्वकालमा माओवादी संगठनहरूमा आदिवासी जनजातिहरूको प्रतिनिधित्वको अनुपात अत्यन्त उच्च थियो । आदिवासीहरूलाई व्यापक परिचालन गरेको थियो र हत्या, अपहरण, मानवढालको उपयोग, विस्थापन, साँस्कृतिक हिंसालगायतका अपूरणीय क्षति व्यहोरेको थियो । राजाको प्रतिगामी शासन सत्ता विरुद्ध सातदलको गठबन्धन र माओवादी मिलेर

'दोस्रो जनआन्दोलन' को आयोजना २००० को अप्रील महिनामा गऱ्यो । राजाले ४ अक्टोबर, २००२ मा संसद् र जननिर्वाचित सरकारलाई विघटन गरेपछि नयाँ प्रधानमन्त्री नियुक्ति गऱ्यो । १ फेब्रुअरी, २००५ मा प्रधानमन्त्रीलाई हटाएर सम्पूर्ण राज्य शक्ति आफ्नो हातमा लियो । दोस्रो जनआन्दोलनको मुख्य एजेण्डा थियो- गणतान्त्रिक राज्य निर्माण गर्ने (राजतन्त्रको उन्मूलन) र समानुपातिक प्रतिनिधित्वको आधारमा राज्यको पुनर्संरचना गर्ने । जन-उभारमा आदिवासी जनजातिका संघसंस्थाहरूलगायत समाजका हरेक तह र तप्का सहभागी भएका थिए, जुन १९ दिनसम्म चल्यो र राजाको निरंकुश शासन अन्त्य गर्न सफल भयो । २७ अप्रील, २००६ मा राजा निरंकुश शासन गर्नबाट पछाडि हट्यो र सातदलको गठबन्धनले सर्वसम्मतिबाट नेपाली कांग्रेसका नेता गिरीजाप्रसाद कोइरालालाई प्रधानमन्त्रीको रुपमा छनौट गऱ्यो । त्यसको भोलिपल्ट २००२ पछि पहिलोपल्ट पुनर्स्थापित संसद्को अधिवेशन भयो । प्रतिनिधिसभाले नेपाललाई धर्मनिरपेक्ष देश भएको र राज्यको पुनर्संरचना राष्ट्रिय एजेण्डाको विषयवस्तु भएको घोषणा गऱ्यो । साथै यसले सर्वसम्मतिबाट २८ अगष्ट, २००६ मा अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ लाई सरकारले अनुमोदन गर्ने संकल्प प्रस्ताव पारित गऱ्यो । बिडम्वना ! यो छ कि सरकारले उक्त महासन्धिलाई अनुमोदन गर्न ढिलाई गरिरहेको छ ।

**युद्धविराम**

२६ अप्रीलमा माओवादीहरूले आफ्नो रणनीति फेरे र युद्धविरामको घोषणा गरे । उनीहरूले राजाको निरंकुश शक्तिको विरुद्ध शान्तिपूर्ण आन्दोलन (दोस्रो जनआन्दोलन)मा सामेल हुने अठोट गरे । युद्धविरामको मुख्य प्रभाव राजा निरंकुश शासन गर्नबाट पछाडि हट्यो र संसद्को पुनर्स्थापना भयो, जसले फेरी सरकार र माओवादीबीच नोभेम्बर, २००६ मा हस्ताक्षर भई शान्ति सम्झौता र हतियार व्यवस्थापनमा बृहत सम्झौता गर्ने बाटो खोल्यो । सरकार र माओवादीबीच नोभेम्बर, २००६ मा भएको बृहत् शान्ति सम्झौताले समावेशीकरण, लोकतन्त्र र राज्यको पुनर्संरचना गरेर एकात्मक राज्य व्यवस्थालाई अन्त्य गरी आदिवासीहरूलगायतका बहिष्करणमा पारिएका समूहहरूको सवाल र समस्याहरूलाई सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो ।

**अन्तरिम संविधान**

जुन, २००६ मा सातदलको गठबन्धन र माओवादीबीच भएको सम्झौता अनुसार सरकारले अन्तरिम संविधानको मस्यौदा तयार पार्न एउटा समिति गठन गऱ्यो। समितिमा आदिवासी सदस्यहरूको अथक प्रयासको बावजूद आदिवासी सदस्यहरू न्यून भएको कारणले संविधानले आदिवासीहरूको सवाल र समस्याहरूलाई सम्बोधन गर्न असफल भयो। अन्तरिम संविधानमा सातदलको गठबन्धन र माओवादीका शीर्ष नेताहरूले हस्ताक्षर गर्दासम्ममा आत्मनिर्णयको आधारमा राज्यको पुनर्संरचना गर्ने जस्ता आदिवासीहरूसंग सम्बन्धित कतिपय मुख्य प्रावधानहरू हटाइसकेको थियो। अन्तरिम संविधानले आदिवासीहरूलाई दल गठन गर्न निषेध गरेको छ। (धारा १२.३, १४१, १४२.३); धारा ५ ले स्थानीय निकायमा कथ्य मातृभाषालाई स्वीकार गरे पनि अनिवार्य रुपमा राष्ट्रिय खस नेपाली भाषामा यसको उल्था गरी अभिलेखीकरण गर्न पर्ने प्रावधान राख्यो। यो प्रावधान यसकारणले समस्यामूलक छ कि यसले राज्यको सबै तहको सार्वजनिक कार्यालयहरूमा आदिवासीको भाषाहरूलाई मान्यता दिँदैन र यसले भाषाको आधारमा निरन्तरता पाएको बहिष्करणबाट जोगाउँदैन। संविधानको धारा १७ले मातृभाषामा अनिवार्य शिक्षालाई प्राथमिक (आधारभूत) तहमा सीमित गरेको छ। अन्तरिम संविधानले हिन्दू साँस्कृतिक चिन्हहरू, जस्तै गाई, जंगी निशानछाप आदि, राष्ट्रिय चिन्हको रुपमा घोषणा गरेर हिन्दूको सर्वोच्चतालाई निरन्तरता दियो।

हिन्दू प्रभुत्वको निरन्तरतालाई अवज्ञा गर्न र संविधानमा सुधारको माग राख्दै आदिवासीहरूले शान्तिपूर्ण आन्दोलन गर्दै आएका छन्। प्रधानमन्त्री र अन्य दलका नेताहरूले मौखिक रुपमा सकारात्मक प्रतिक्रिया दिए पनि व्यवहारमा भने केही काम गरेका छैनन्। संसद्ले आदिवासी सदस्यहरूले सुधारका लागि दिएको प्रस्तावलाई बेवास्ता गरी अन्तरिम संविधानलाई जनवरी, २००७ मा पारित गऱ्यो। प्रधानमन्त्रीले आदिवासीहरूको सवालहरूलगायतका कैयन राष्ट्रिय सवालहरूलाई संवैधानिक रुपमा सम्बोधन गर्न आवश्यक रहेको भनेर सरकारले पनि यी सबै काम २००७ मा हुने संविधान सभाको निर्वाचनको माध्यमबाट गर्ने

भनेको थियो ।

मधेशी र आदिवासीहरूले आन्दोलनलाई निरन्तरता दिएका छन् तथा संघीयता र जातीय आधारमा समानुपातिक प्रतिनिधित्वसहितको राज्य पुनर्संरचना प्रत्याभूत गर्ने प्रावधानहरू अन्तरिम संविधान संशोधन गरी सुधार गर्न दवाव दिनका लागि नेपाल बन्द गर्दै आएका छन् ।

**निष्कर्ष**

राज्य निर्माण भएदेखि नै हिन्दू जनता (बाहुन र क्षेत्री)लाई सौविध्यात्मक व्यवहारमा आधारित कानूनी तथा नीतिको खाकाले निरन्तरता पाइरह्यो । कानूनहरू र नीतिहरूले आदिवासी जनजाति, आदिवासी महिला, मधेशी, महिला र दलितलाई भेद्भाव, बहिष्करण र सीमान्तीकरण गर्दछन् र यी समूहहरू र हिन्दूबीच ठूलो असमानता सृजना गरेको छ । यस्तो त्रुटीपूर्ण राज्य नीतिले संरचनागत हिंसालाई मलजल गरेको र द्वन्द्वको आगोमा घिउ थप्ने काम गरेको छ ।

सामाजिक न्याय सुनिश्चित गर्न र चिरस्थायी शान्ति स्थापना गर्न राज्य पुनर्संरचना गर्नु पर्दछ र राजनीतिक शक्ति बहिष्करणमा परेका समूहहरूलाई, जस्तै- आदिवासी, उदाहरणका लागि संघीय ढाँचा अवलम्बन गरेर, हस्तान्तरण गर्नु पर्दछ । आदिवासीको पहिचान र उनीहरू विरुद्ध भएका ऐतिहासिक अन्यायलाई पहिचान गर्नु पर्दछ । विभेद्कारी र नश्लीय कानूनहरू, नीतिहरू र अभ्यासहरू फिर्ता लिइनु पर्दछ । नेपाल पक्ष रहेको अन्तर्राष्ट्रिय कानूनहरू पालना गरिनु पर्दछ र यससंग बाझिने प्रावधानहरू स्तरीकरण गरिनु पर्दछ । अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ लाई संसद्को संकल्प प्रस्ताव अनुसार तत्काल अनुमोदन गरिनु पर्दछ ।

# सन् २००८ मा नेपाल

## शंकर लिम्बू

**संक्रमणकालमा आदिवासीको आन्दोलन**

१९९६ मा नेपाल कम्युनिष्ट पार्टी माओवादीले उनीहरूकै शब्दमा 'जनयुद्ध' शुरुवात गऱ्यो। आदिवासीहरूको सवाल र आत्मनिर्णयको अधिकारको विषय उठान नगरुन्जेल माओवादी गतिविधिले खासै महत्वपूर्ण असर पारेन। ठूलो संख्यामा आदिवासीहरूले माओवादी गतिविधिमा संलग्न भएपछि देशको ८० प्रतिशत भू-भाग कब्जा गऱ्यो। २२ नोभेम्बर, २००६ मा सातपार्टी संलग्न गठबन्धन र माओवादीबीच शक्ति साझेदारीको लागि सम्झौता भएपछि १० वर्षे युद्ध समाप्त भयो।

आदिवासीलगायत नेपालका सबै समाजको समस्यालाई सम्बोधन गर्न 'राज्यको पुनर्संरचना' महत्वपूर्ण हो भनी किटान गऱ्यो र संविधानसभाको चुनाव गर्ने प्रतिबद्धता जाहेर गऱ्यो। सातदल र माओवादीले सबै इच्छुक पक्षका साथै आदिवासीलाई राजाको निरंकुशतन्त्रको विरुद्धमा दोस्रो जनआन्दोलन गर्न र लोकतन्त्र तथा राजाले सन् २००२ मा भंग गरेको संसद् पुनर्स्थापनाको लागि आव्हान गऱ्यो। आदिवासीहरूको संगठनले सक्रिय रुपमा आन्दोलनमा सहभागिता जनायो र धर्म निरपेक्ष राज्य, राज्यको पुनर्संरचना, आदिवासीहरूको आत्मनिर्णयको अधिकार र अरु राजनीतिक, सामाजिक तथा साँस्कृतिक अधिकारको माग गऱ्यो। १९ दिने लामो दोस्रो जनआन्दोलनले राजालाई झुक्न बाध्य बनायो र उनले ५ अप्रील, २००७ मा आन्दोलनरत पक्षलाई अर्को प्रधानमन्त्रीको सिफारिश गर्न अनुरोध गऱ्यो। यसले आन्दोलनलाई शान्त बनाउन सकेन र २४ अप्रील २००७ मा संसद्लाई पुनर्स्थापना नगरिन्जेल निरन्तर रह्यो। यो नेपाली राजनीतिमा ऐतिहासिक परिवर्तनको बिन्दु थियो।

यसै महिनामा पुनर्स्थापित संसद्ले संविधानसभाले नयाँ संविधान लेख्ने घोषणा गऱ्यो। यसले नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा गऱ्यो र पछि यसलाई नेपालको अन्तरिम संविधानमा समावेश गऱ्यो। अन्तरिम संविधानले आदिवासीहरूले उठाएको मागलाई आंशिक रुपमा समावेश गऱ्यो। हतियारबन्द द्वन्द्वको अन्त्यपश्चात् गरिएका थुप्रै सम्झौताहरू जस्तो- १२ बुँदे सम्झौता- २००६, ८ बुँदे सहमति

२००७, विस्तृत शान्ति सम्झौता २००७, अक्टोबर, २००७ को सातपार्टी र माओवादीबीचको समझदारीहरूले आदिवासीलगायतका बहिष्करणमा परेका समुदायको मुद्दाहरूलाई सम्बोधन गर्ने कुरालाई पुनर्प्रतिवद्धता गर्दै निरन्तर भइरहेको नश्लीय विभेद् सम्बन्धी नीति र अभ्यासलाई उन्मूलन गर्ने भनियो । दुर्भाग्यपूर्ण रुपमा राजनीतिक पार्टी तथा आदिवासीबीच आन्दोलनको दौरानमा गरिएको सहकार्य अन्तरिम संविधान मस्यौदा समिति आदिवासीको सहभागिताविना स्थापना गर्ना साथ टुटेर गयो । यो जनआन्दोलनको कार्यादेश तथा सत्तारुढ पार्टीहरूको प्रतिबद्धताको अवहेलना थियो । पछि संविधान मस्यौदा समितिमा तीन जना आदिवासी विज्ञहरू नियुक्ति गरिए । यद्यपि यो नियुक्ति राजनीतिक पार्टीहरूले गरेका थिए, आदिवासीहरू आफैंले चयन वा मनोनयन गरेका थिएनन् । यो नियुक्तिले आदिवासीहरूलाई भविष्य बनाउने भए निरन्तर आन्दोलन गर्नुपर्ने प्रष्ट सन्देश थियो । बर्चश्वशाली हिन्दूहरूको अत्यधिक प्रतिनिधित्वको कारण आदिवासीहरूको धेरै सवाललाई बेवास्ता गरियो भन्ने समितिका सदस्य आदिवासीका विज्ञ शान्ति कुमारी राई र कुमार योन्जनको भनाई थियो ।

**नेपालको अन्तरिम संविधान, २०६३**

२००७ मा संसद्ले अन्तरिम संविधान पारित गऱ्यो । आदिवासी, मधेशी (तराईको हिन्दू अल्पसंख्यक भारतीय सीमामा रहेका), दलित (हिन्दूहरूले अछूत भनी मान्दछन्), नागरिक समाज तथा विज्ञहरूले यस संविधानको कडा रुपमा आलोचना गरे । जाति, भाषा तथा क्षेत्रहरूमा आधारित संविधानसभामा जातीय जनसंख्याको आधारमा स्वतन्त्र र पूर्ण समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणाली जस्तो आधारभूत सवाललाई पूर्ण रुपमा बेवास्ता गरियो । त्यसैले आदिवासीहरूले शान्तिपूर्ण आन्दोलन गर्न वाध्य बनाएको महशूस गरे ।

नेपालको अन्तरिम संविधानको धारा ६३ र संविधानसभा निर्वाचन ऐन, २००७ को दफा ५८ दुवैले आदिवासीहरूको संविधानसभामा स्वतन्त्र प्रतिनिधित्व हुनुपर्छ भन्ने आदिवासीहरूको इच्छालाई इन्कार गरियो । राजनीतिक पार्टीहरूलाई समानुपातिकमा उम्मेदवार छान्ने अधिकार दिइयो । यो वास्तवमा आदिवासीहरूको

आफ्नै चयन वा निर्वाचन अनुरुप हुनुपर्ने हो र यथा अवस्थामा यो हुन सम्भव छैन । यो मौजुदा आदिवासीहरूलाई 'फुटाऊ र शासन गर'को नीतिमा आधारित छ । यसबाट मुक्ति पाउने, नपाउने राजनीतिक पार्टीमा निर्भर गर्दछ । तर पुरातनवादी सोंच भएका वर्चश्वशाली समुदायको नियन्त्रणमा रहेको छ ।

यसको अलवा पहिलाको संविधानमा भएको भाषिक, साँस्कृतिक र धार्मिक रुपमा विभेद्कारी नीतिलाई नयाँ शब्दावली प्रयोग गरेर निरन्तरता दिइएको छ । संविधानको धारा ३५ ले स्थानीयलाई प्राकृतिक स्रोतसाधन, सम्पदाको परिचालन गर्दा प्राथमिकता दिनुपर्ने उल्लेख गरिए तापनि आदिवासीहरूको भूमि तथा प्राकृतिक स्रोतउपरको अधिकारलाई मान्यता दिएको छैन ।

१७ जनवरी, २००७ मा आफ्ना सरोकारका विषय अन्तरिम संविधानको मस्यौदाकारहरूले सम्बोधन नगरेका कारण मण्डलामा भेला भएर अन्तरिम संविधान जलाए । त्यसको लगत्तै संविधानसभामा स्वतन्त्र प्रतिनिधित्व, समानुपातिक निर्वाचन प्रणालीको माध्यमबाट संविधानसभाको निर्वाचन, संघीयता, जातीय आधारमा क्षेत्रीय स्वायत्तता र मानव अधिकार तथा आधारभूत स्वतन्त्रताको प्रत्याभूति सम्बन्धी विषय लिएर नेपाल आदिवासी जनजाति महासंघ (नेफिन) को आयोजनामा देशका विभिन्न भागमा आदिवासीहरूले घनीभूत रुपमा शान्तिपूर्ण आन्दोलन गरे । अन्तरिम संविधानको तत्काल संशोधनको माग गरे । अन्तरिम संविधानको तीन पटकसम्म संशोधन भइसके तापनि आदिवासीको मागलाई ध्यान दिइएन ।

**संविधान सभा**

माथि उल्लेख गरिए अनुसार आदिवासीहरूको भविष्यको निम्ति नयाँ संविधान लेखन कार्य अत्यन्त जटील हुने देखिन्छ । संविधानसभाको निर्वाचन दुईपटक स्थगन गरी नयाँ मिति १० अप्रील, २००८ मा तोकियो । थुप्रै गैरआदिवासी संस्था, जसले अल्पसंख्यकहरूलाई प्रतिनिधित्व गर्छन् । जस्तै- तराई लोकतान्त्रिक पार्टीले यथा-अवस्थामा संविधानसभाको चुनावमा भाग नलिने प्रष्ट गरे । त्यस्तै

आदिवासीहरूको राजनीतिक संगठनहरू जस्तो- संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, संघीय लिम्बुवान मञ्च, तामाङसालीङ र खम्बुवान मूक्ति मोर्चाहरूले संविधानसभामा स्वतन्त्र सहभागिता, भाषिक, क्षेत्र, जातिगत र इतिहासको आधारमा स्वायत्तताको विषय लिएर हडतालहरू आव्हान गरे ।

यद्यपि सातपार्टीले, जो सरकारमा छ र जसले संविधानसभामा बहुमत प्राप्त गर्ने सम्भावना धेरै छ, यी मागहरूलाई नकारात्मक रुपमा लिएर उनीहरूलाई राष्ट्र विखण्डन गर्ने बाटोको रुपमा बिल्ला भिराई दिए । प्रधानमन्त्रीले आदिवासी वा अरुको आत्मनिर्णयको अधिकारलाई सार्वजनिक रुपमा इन्कार गरे । त्यसैगरी नेपाल कम्युनिष्ट पार्टी एमाले (देशमा भएको सबैभन्दा ठूला पार्टीमध्ये एक)का सह-सचिवले पनि मधेशी अल्पसंख्यकको आत्मनिर्णयको अधिकारको विषयमा त्यस्तै प्रकारको विचार अभिव्यक्त गरे ।

आदिवासीहरूको अर्को मुख्य चासो संविधानको धारा ६७ र पार्टी परित्याग सम्बन्धी ऐन, १९९८ को दफा ३(घ), जसले संसद् सदस्यहरूलाई पार्टीले अनुमति नदिएका सवाललाई संसद्मा उठाउन निषेध गर्ने सम्बन्धी थियो । त्यसकारण सर्वसम्मत् निर्णयको नाममा संविधानसभाभित्र निर्णय गर्ने कार्य अत्यन्त अलोकतान्त्रिक थियो । निर्णय गर्ने अन्तिम अधिकार राजनीतिक पार्टीहरूमा अन्तरनिहीत थियो । यदि सर्वसम्मत् हुन नसकेको अवस्थामा निर्णयको लागि दुई तिहाई मतको जरुरी थियो । आदिवासीहरूको प्रतिनिधित्व ६०१ जनामा २० प्रतिशत मात्र हुने अपेक्षा गरिएको कारण पनि आदिवासीहरूको मुख्य सवालहरूलाई नयाँ संविधानमा नसमेटिने अवस्था देखिन्थ्यो ।

**राज्यको पुनर्संरचना**

महत्वपूर्ण रुपमा आदिवासी र बहिष्करणमा परेका समुदायले ऐतिहासिक अन्यायबाट पीडित बनेका विषयलाई स्वीकार गरी राज्यको पुनर्संरचना गर्नुपर्ने कुरा अन्तरिम संविधानमा उल्लिखित गरियो । संविधानको धारा ३३ ले नेपाल राज्य लोकतान्त्रिक हुने र धारा १३८ ले वर्ग, जाति, भाषा, लिङ्ग, संस्कृति, धर्म र क्षेत्रको आधारमा

गरिने विभेद्लाई निषेध गरियो। यी प्रावधानहरू व्यवहारमा लागू गरिएन र चासोका सबै आवाजहरूलाई बेवास्ता गरियो। उदाहरणको निम्ति- नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)ले भर्खरै बर्चश्वशाली समूहबाट मात्र राजदूत नियुक्ति गरिएको विषयलाई लिएर संविधानको धारा ३३(घ)(१) अनुसार यस्ता नियुक्तिहरूमा सीमान्तकृत समुदायलाई अनिवार्य समावेश गर्नुपर्ने व्यवस्था छ र यसको उल्लंघन भयो भनी संसदीय विशेष सुनुवाई समितिमा उजूर गऱ्यो । तर यसको कुनै सुनुवाई भएन ।

नेपालका आदिवासीहरूले आत्मनिर्णयको अधिकारको लागि निरन्तर आन्दोलन गर्दै आएका छन् । लिम्बूहरूको स्वायत्तताको पुनर्स्थापनाको लागि भएको ऐतिहासिक आन्दोलन वा स्वायत्तताको लागि भएका नेवाः मण्डल, थारुवान वा तमूवान आन्दोलनहरू उदाहरणको लागि- नयाँ संविधान लेखन तथा राज्य पुनर्संरचना गर्ने ऐतिहासिक अवसर छोप्न उत्प्रेरित तथा दृढनिश्चयी छन् ।

**सकारात्मक विकासः अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ को अनुमोदन**

बितेका महिनाहरूमा आदिवासी आन्दोलनले विचारणीय सफलता हासिल गरेकोमा शंका छैन। सामान्यतया आदिवासीहरूको सवाल राजनीतिक रुपमा राष्ट्रिय एजेण्डा बन्न पुग्यो। यो अन्तरिम संविधानको विभिन्न प्रावधानहरूमा देखा पर्दछ। महत्वपूर्ण रुपमा महासन्धि नं. १६९ संसदले २२ अगष्टमा औपचारिक रुपमा स्थानीय विकासमन्त्री देव प्रसाद गुरुङले अनुमोदनको लागि पेश गऱ्यो। महासन्धि नं. १६९ एकमात्र कानूनी रुपमा बाध्यात्मक र आदिवासहिरूको अधिकारको विषयमा केन्द्रित कानूनी रुपमा वाध्यात्मक हालसम्मको एकमात्र अन्तर्राष्ट्रिय कानून हो र एशियामा नेपाल यसलाई अनुमोदन गर्ने पहिलो देश बन्यो।

**आदिवासी आन्दोलनको तीतो अनुभव**

दुर्भाग्यवश नेपाल कम्युनिष्ट पार्टी एमाले र माओवादी पार्टीको राजनीतिक क्रियाकलापले आदिवासी आन्दोलनलाई यो इतिहासको महत्वपूर्ण क्षणमा अत्यन्त कमजोर बनायो। उदाहरणको लागि नेपाल सरकार र नेपाल अदिवासी जनजाति

महासंघ (नेफिन) बीच ६ अगष्ट, २००७ मा भएको २० बुँदे सम्झौतामा समानुपातिक प्रतिनिधित्व र आत्मनिर्णयको अधिकारको विषयलाई छुटाइयो । त्यसभन्दा अगाडि संसदमा भएका आदिवासी नेता र सरकारले आदिवासीको सवालमा दह्रो अडान लिएनन्, जसले आदिवासीबीच द्वन्द्व सृजना गऱ्यो र आन्दोलनलाई अत्यन्त कमजोर बनायो । यसको पछाडिको मुख्य कारण आदिवासीहरू आबद्ध रहेका राजनीतिक पार्टीहरूको प्रभाव, नेताहरूबीचको व्यक्तिगत लालच, अवधारणागत अस्पष्टता र जवाफदेहीताको कमीले हुन गएको थियो ।

# सन् २००९ मा नेपाल

## मुक्तसिंह तामाङ

**राजनीतिक रुपान्तरण**

नेपाल राज्यको लागि विगत वर्ष रुपान्तरणकारी रह्यो । आदिवासी आन्दोलनले मुख्य भूमिका खेलेको राजनीतिक विकासले मुलुकलाई प्रभावकारी रुपमा लोकतान्त्रिक संक्रमणतिर डोऱ्यायो । उदाहरणको लागि मुलुक निरंकुशताबाट लोकतन्त्रतर्फ, हिन्दू अधिराज्यबाट धर्मनिरपेक्ष गणतन्त्र तर्फ, एकात्मक र केन्द्रिकृत संरचनाबाट संघीयता तर्फ गएको छ। आदिवासी आन्दोलनले प्रवर्द्धन गरेको 'समावेशी'को अवधारणाले गहिरोसंग जरा गाडेको जात-जातिमा आधारित असमानतालाई तोड्ने सन्दर्भमा बहशको एउटा महत्वपूर्ण शब्दको रुपमा उपयोग भएको थियो ।

विगत केही वर्षहरूमा आदिवासी आन्दोलनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दस्तावेजहरूमा सुनिश्चित भएका आदिवासीहरूको अधिकारहरू बमोजिम स्रोतहरूको सम-न्यायोचित वितरण र आदिवासीहरूको अधिकारको संरक्षणका लागि राज्य र सरकोकारवालाहरूको ध्यान आकर्षण गर्न सफल भएको थियो । राष्ट्रिय योजना आयोगले घोषणा गरेको त्रि-वर्षीय अन्तरिम योजना (२००८-२०१०), उदाहरणको लागि- आदिवासीहरूको विकासका लागि लक्ष्य निर्धारण र बजेट विनियोजन गरेको थियो । संयुक्त राष्ट्रसंघ र दातृ संस्थालगायतका सामान्यत विकासको सत्ता (रेजीम)ले आजकल 'समावेशीकरण'लाई आफ्नो प्राथमिकताहरूमध्ये एकको रुपमा स्वीकार गरेका छन् । विकासको बहश पनि पहिचान र साँस्कृतिक अधिकारलाई समावेश गरी आफैँलाई व्यापक बनाएको छ। नेपाल सरकारले आदिवासी र जनजाति सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको महसन्धि नं. १६९ को अनुमोदन र आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ लाई स्वीकार गरेकोलाई आदिवासीहरूले स्वागत गरेका थिए र उनीहरूमा ठूलो आशा जागेको छ ।

निम्नलिखित घटनाहरूले राजनीतिक विकास, राज्य र अन्तर्राष्ट्रिय समुदायको प्रत्युत्तर र आदिवासी आन्दोलनभित्रको विकासक्रमलाई समेट्दछ ।

- नयाँ संविधानमा जातियतामा आधारित संघीय पद्धतिको मान्यताको लागि जनजातिको पार्टी संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च र नेपाल सरकारबीच भएको सम्झौता (मार्च, २००८) ।

- संविधान सभाको निर्वाचनमा २१८ जना आदिवासी सभासद् निर्वाचित (प्रथम हुने निर्वाचित हुने बाट ८२ जना, समानुपातिक प्रतिनिधित्व पद्धतिबाट १२० र मनोनित बाट १६) । (अप्रील, २००८)
- अन्तरिम संविधानको पाँचौं संशोधनले राजतन्त्रको अन्त्य गरी गणतन्त्रको घोषणा । (मे, २००८)
- २००८ को अगष्ट ९ मा आयोजित विश्व आदिवासी दिवस आदिवासीको स्वायत्तता र आत्मनिर्णय सुनिश्चित हुनेगरी संघीय ढाँचाको माग ।
- नेपाल सरकारले अनुमोदन गरेको आईएलओ महासन्धि नं. १६९ लागू । प्रधानमन्त्री पुष्पकमल दाहालबाट आईएलओ महासन्धि नं. १६९ लाई कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त । आईएलओ महासन्धि नं. १६९ को कार्यान्वयनको लागि राष्ट्रिय कार्ययोजनाको तयारी । (सेप्टेम्बर, २००८)
- आदिवासीहरूको मानव अधिकारको अवस्था र मौलिक स्वतन्त्रता सम्बन्धी संयुक्त राष्ट्रसंघको विशेष समाधिक्षक प्राध्यापक जेम्स अनायाको नेपाल भ्रमण । (डिसेम्बर, २००८)
- डिएफआईडीको सहयोगमा सञ्चालित जनजाति सशक्तीकरण परियोजना (जेप) अन्तर्गत ५७ वटा जिल्ला समन्वय समितिहरू र २०० वटा गाउँ समन्वय समितिहरूको निर्माण । (डिसेम्बर, २००८)
- संविधान सभामा आदिवासीको अधिकारलाई प्रवर्द्धन गर्नका लागि ३५ जना संविधान सभाका सभासद्हरूबाट अनौपचारिक आदिवासी ककशको निर्माण ।

माथि उल्लिखित समयरेखाले यो समयावधिमा आदिवासीको अधिकारका सम्बन्धमा आदिवासी संघसंस्थाहरूको सक्रिय परिचालन संग-संगै नीतिगत प्रतिबद्धतामा उल्लेखनीय उपलब्धि हासिल भएको देखिन्छ ।

**आदिवासी आन्दोलनको सुदृढीकरण र विस्तार**

आदिवासीहरूका संघसंस्थाहरूको संख्या र गुणस्तर दुवैमा बृद्धि भएको छ । संस्थागत बृद्धिले एकातिर उनीहरूले गरिरहेको कामको सघनता देखाउँछ भने अर्कोतिर आन्दोलनभित्र फाटो र तनावलाई पनि बढाएको छ ।

राष्ट्रिय तहमा आदिवासीहरूको प्रतिनिधिमूलक संस्था नेपाल आदिवासी जनजाति महासंघ (नेफिन)ले यसको संस्थागत विस्तार विभिन्न तहमा गरेको छ । उदाहरणको लागि तीन वर्ष पहिले स्थानीय तहमा सीमित संख्यामा संस्थागत सम्बन्ध भएको नेफिन सन् २००८ को अन्तसम्ममा २००० गाउँ विकास समिति (गाविस- राज्यको तल्लो तहमा भएको प्रशासनिक निकाय)मा आदिवासी गाउँ समन्वय परिषद् गठन गर्न समर्थ भयो । यसरी तल्लो तहसम्म पुग्न मूलतः आदिवासी जिल्ला समन्वय समितिको निर्माण र परिचालनको माध्यम सम्भव भएको हो । अहिले नेफिनसंग ५७ जिल्लामा आदिवासी जिल्ला समन्वय समिति छ र जसले विभिन्न आदिवासीका संघ संथाहरूको गतिविधिहरूको समन्वय गर्नुको साथै राज्यको स्रोत वितरणका सम्बन्धमा स्थानीय तहको नीति निर्णयमा प्रभाव पार्न सामुहिक रुपमा लागेको छ। २००५ मा सूचीकृत ५९ आदिवासीहरूमध्ये ४८ आदिवासीका आफ्नो दर्ता भएको संस्था थियो । अहिले ५४ आदिवासीहरूको संस्था बनेर नेफिनको संघीय परिषद्को सदस्यको हैसियतमा आबद्ध भएका छन् ।

नेफिनको विभिन्न तहमा आफ्नो संस्थागत विस्तारका अतिरिक्त विभिन्न नागरिक समाजहरू- खास गरेर वकिलका संस्थाहरू, गैरसरकारी संस्थाहरू, विद्यार्थी संगठनहरू, युवाका संस्थाहरू, वातावरणीय समूहहरू र पत्रकारको समूहहरूलाई भातृ वा भगिनी संगठन बनाएर आफ्नो संस्थागत विस्तार गरेको छ । यो गठबन्धनले राजनीतिक दलहरू र पदाधिकारीहरूलाई प्रभाव पार्न सफल हुनुको साथै सामुहिक कार्यको प्रक्रियामा व्यापक आधार दिएको छ ।

नेफिनको संस्थागत बृद्धिसंगै विभिन्न तहमा आदिवासी महिलाको पनि विभिन्न मोर्चाहरू बनेका छन् र आदिवासी महिलाको अधिकारको सवाल उठाउन सक्रिय रुपमा लागी परेका छन् । राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ) धेरै क्रियाशील छ र २० जिल्लामा प्रतिनिधित्वसहित व्यापक आधार भएको संयन्त्र तयार गरेको छ । राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च अर्को उच्च तहको आदिवासी महिलाको संस्था हो र यसको वर्तमान अध्यक्ष संविधान सभाको सभासद्का रुपमा कार्यरत छ । कैयन आदिवासी महिलाका संघसंस्थाहरू आफ्नो समुदायभित्र वा विशेष सवालमा कार्यरत छन् ।

हालैका वर्षहरूमा आदिवासी पत्रकारहरूले नेपालको लोकतान्त्रिक प्रक्रियामा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । हालै भएको जातीय सञ्चार सम्बन्धी एक अध्ययनले ४०० वटाजतिको प्रकाशनहरू गणना गरेको छ । तर प्राय:जसो विभिन्न आदिवासीहरूले आक्कल-झुक्कल प्रकाशनहरू गर्ने गरेको देखिन्छ। आदिवासी पत्रकारहरू- आदिवासी जनजाति पत्रकार संघ (अनीज) मा संगठित छन् र यसमा हाल ५०० सदस्यहरू छन् । यो संस्था आदिवासीको अधिकार बारे सूचनाको उत्पादन र वितरण गर्न यसको शाखाहरू २९ जिल्लामा छन् ।

अहिले दुईवटा आदिवासी वकिलहरूको संस्था कार्यरत छन् । एउटा नेपालका आदिवासीहरूको मानव अधिकारको लागि वकिल समूह (लाहुर्निप) छ, जसले नेपाल पक्ष रहेको अन्तर्राष्ट्रिय मानव अधिकारको दस्तावेजहरूको आधारमा जनवकालत गर्ने र आदिवासीहरूको अधिकारको संरक्षणका लगि कानूनी लडाई लड्ने गरेको छ । यी अन्तर्राष्ट्रिय दस्तावेजहरूमध्ये अन्तर्राष्ट्रिय श्रम संगठनको आदिवासी र जनजाति सम्बन्धी महासन्धि नं. १६९, आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघको घोषणापत्र, २००७, राजनीतिक तथा नागरिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ मुख्य हुन् । केही वर्ष यता लाहुर्निपले आदिवासीको अधिकार सम्बन्धमा कुन-कुन घरेलु कानूनहरू अन्तर्राष्ट्रिय कानूनसंग बाझिन्छ र अन्तर्राष्ट्रिय मानव अधिकारका कानून अनुरुप छैन भनी प्रष्ट्याउनका लागि नेपालको अन्तरिम संविधानलगायतका राष्ट्रिय कानूनहरूको पुनरावलोकन गर्दै आएको छ ।

सन् २००३ मा ११ वटा गैरसकारी संस्था मिलेर स्थापना भएको आदिवासी जनजाति गैर सरकारी संस्था महासंघ नेपालले सन् २००८ मा ५३ वटा संस्थाहरू आबद्ध गर्न सफल भयो । यसले १७ जिल्लामा सञ्जाल बनाउन सफलता पाएको छ ।

विभिन्न राजनीतिक दलहरूले भावी संघीय ईकाईहरू सम्बन्धमा क्रमिक रुपमा निर्णय गरिरहंदै गर्दा सानो जनसंख्या भएका आदिवासीहरू आफ्नो अधिकारको सम्मानका लागि स्व:स्फूर्त रुपमा एकै ठाउँमा आउँदै गरेका छन् । उदाहरणको

लागि तामसालिङ राज्य/प्रदेशभित्र पर्ने हायू, थामी, सुरेल, जिरेल र ह्योल्मो (योल्मो) लगायतका जनसंख्या अल्पसंख्यक रहेका आदिवासीहरूले भावी संघीय नेपलमा आफ्ना अधिकार सुनिश्चित गर्न एक ठाउँमा आएर गठबन्धन बनाएको छ। यहीं झुकाव अन्य क्षेत्रहरू जस्तै- राजनीतिक दलहरूले नामाकरण गरेका लिम्बूवान, खम्बूवान र अन्यमा पनि देख्न पाइन्छ।

**राजनीति दलहरू र आदिवासीहरू**

विगतको आधा शताब्दी नेपालका आदिवासीहरूले विभिन्न राजनीतिक दलहरूमा सहभागी भएर विभिन्न अनुभव बटुलिसकेका छन्। आदिवासी नेताहरू 'मूलप्रवाह'का राजनीतिक दलहरूसंग उनीहरूको बहिष्करणको संस्कृतिदेखि निराश भएका छन् र उनीहरूको आफ्नै बलियो राजनीतिक दलको आवश्यकता महशूस गर्न थालेका छन्। तापनि उनीहरू अहिले नै त्यस्तो शक्ति निर्माण गर्नसक्ने अवस्थामा भने छैनन्। त्यसैले उनीहरूमध्ये धेरैजसोले विभिन्न राजनीतिक दलहरूकै माध्यमले कामलाई निरन्तरता दिनुपर्ने विश्वास गर्दछन्।

२०६४ सालको चैत २८ गते भएको पहिलो संविधान सभाको निर्वाचनमा आदिवासी नेताहरूले आफ्ना मातृराजनीतिक दललाई छाडेर आफ्नै राजनीतिक दल बनाउन चाहेनन्। केही साना जनजाति-आदिवासी दलहरूले बाहेक बहुसंख्यक आदिवासी नेताहरूले स्थापित राजनीतिक दलहरूबाटै चुनाव लडे। संविधान सभाको निर्वाचनमा सबै गरेर ३,९४६ उम्मेदवारहरूमध्ये २६ प्रतिशत आदिवासीहरू ४० वटा विभिन्न राजनीतिक दलहरूबाट उम्मेदवार थिए। सहभागी राजनीतिक दलहरूमध्ये छवटा दलहरू आदिवासीहरूकै मात्र थियो। चाखलाग्दो कुरा यो छ कि पहिलो हुने निर्वाचित हुने निर्वाचनमा उनीहरूमध्ये कोही पनि निर्वाचित भएनन्। कम्युनिष्ट पार्टी नेपाल माओवादीको सबैभन्दा बढी ७२ जना आदिवासी उम्मेदवार थियो, जसमध्ये प्रत्यक्ष निर्वाचन लड्ने उम्मेदवारहरूमध्ये ५१ अर्थात् ७० प्रतिशतले चुनाव जितेका थिए। यो संख्या नेपाली कांग्रेस वा नेपाल कम्युनिष्ट पार्टी एमालेबाट चुनाव जित्ने क्रमशः ११ र १२ जना आदिवासी उम्मेदवारभन्दा अत्यधिक संख्यामा थियो।

संविधान सभाको निर्वाचनमा कूल ६०१ सदस्यमध्ये २१८ आदिवासीहरू थिए । मुलुकको राजनीतिक परिदृश्यमा यो अत्यन्त धेरै महत्वपूर्ण परिवर्तन हो । किनभने संविधान सभामा आदिवासीको प्रतिनिधित्व आदिवासीको जनसंख्याको ३७.२ प्रतिशतको अनुपातको हाराहारीमा छ । २०५६ सालको निर्वाचनमा २४ प्रतिशत आदिवासीहरू मात्र र ६५ प्रतिशत बाहुन क्षेत्रीहरू सदस्य निर्वाचित भएका थिए । आदिवासीको प्रतिनिधित्व बढेकोमा खुशीयाली मनाएका थिए र निर्वाचनपछिको समयमा आदिवासी अभियन्ताहरू सन्तोष मान्नुको साथै आशावादी भएका थिए । तर समय बित्दै गएसंगै संविधान सभाको प्रक्रियामा उनीहरूले आदिवासीको लागि योगदान गर्न प्रभावकारी हुन्छन् र सक्षम छन् भन्ने विश्वासमा क्रमशः शंका उत्पन्न भएको छ । यसो हुनुको प्रमुख कारण राजनीतिक दलहरूभित्र उनीहरूको भूमिका हो । बहुसंख्यक आदिवासी सभासद्हरूसंग आवश्यक शैक्षिक पृष्ठभूमि छैन र पार्टीका तल्लो तहमा काम गर्ने भएकोले उनीहरूले पार्टीको निर्णयमा नाम मात्रको प्रभाव पार्न सक्छन् । प्रत्येक राजनीतिक दलको केन्द्रिय समिति सधैं झैं निषेधकारी छ । उदाहरणको लागि- हालैको एउटा प्रतिवेदनले देखाए अनुसार नेपाली कांग्रेस र नेकपा एमालेको केन्द्रिय समितिमा आदिवासीको प्रतिनिधित्व ११ प्रतिशत मात्र छ र नेकपा माओवादीको केन्द्रिय समिति आदिवासीको प्रतिनिधित्व १७ प्रतिशत मात्र भएकोले उनीहरूको अवस्था पनि भिन्न छैन । यसलाई दृष्टिगत गर्दा वर्तमान संविधान सभामा आदिवासीको बढ्दो प्रतिनिधित्व जनदवावको सम्बोधन झारा टराई मात्र हो र अन्तरिम संविधानमा वाचा गरिएका वास्तविक समावेशीकरणको लागि पद्धतिगत प्रयास भने होइन । आदिवासी आन्दोलनभित्रका आमूल पविर्तनकारीहरूको तर्क यो छ कि वर्तमान संविधान सभाका आदिवासी सभासद्हरूले आदिवासीहरूको प्रतिनिधित्व गर्दैनन् । किनकी उनीहरू आफ्नो समुदायप्रति उत्तरदायी नभएर आफ्नो राजनीतिक पार्टी र सम्बन्धित पार्टीको विचारधाराप्रति उत्तरदायी छन् । उनीहरूको तर्क यो पनि छ कि आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघको घोषणपत्रको धारा १८ मा उल्लेख भए अनुसार 'आफ्नो कार्य प्रणाली बमोजिम आफैंले चुनेका प्रतिनिधिहरूमार्फत' आफैंले प्रतिनिधित्व गर्ने अधिकार दिनु पर्दछ ।

संघीय संरचनाको सम्बन्धमा बहश गहिरिदै गएसंगै राजनीतिक पार्टीहरूले आफ्नो चुनावी घोषणापत्रमा गरेको वाचा खासगरी संघीय पद्धतिको प्रारुप निर्माण गर्दा 'इतिहास, जातियता र भाषा तथा क्षेत्र'मा आधारित गरिनेछ भन्ने बाचाप्रति इमान्दार रहने आशा राखेका छन्। नेकपा माओवादीले त आफ्नो चुनावी प्रतिवद्धता-पत्रमा प्रस्तावित संघीय इकाईको नक्शा आदिवासीको भू-भागको आधारमा दिएको थियो। आदिवासी अभियन्ताहरूमा बढ्दो भावना यो छ कि चुनावी प्रतिबद्धताले जगाएको आशाको विपरीत जातीय समानता र भाषिक अधिकारको सवालहरू क्रमशः किनारा लाग्दै गएको छ। आउँदो संविधानमा आदिवासीको अधिकारहरू बेवास्ता गरिए, माओवादी र अन्य पार्टीका नेताहरूले पार्टीभित्रैबाट विद्रोह गर्ने सार्वजनिक चेतावनी दिन थालेका छन्। बढ्दो असन्तोष र आदिवासी नेताहरूको पूर्वसक्रिय पहलको परिणाम संविधान सभाभित्र अनौपचारिक आदिवासी ककश निर्माणमा देख्न सकिन्छ।

सबै राजनीतिक दलहरूले आदिवासी सवालमा काम गर्न 'जनजाति मोर्चा/संगठन' बनाएका छन्। तर उनीहरू जनजाति आवाजलाई उनीहरूको दलभित्र प्रभावकारी तरिकाले सुन्ने बनाउन सकेका छैनन्। राजनीतिक दलहरूको जनजाति शाखाहरू जनजाति अभियन्ताले गुनासो गरे जस्तै जनजातिको काममा हस्तक्षेप गर्ने साधन बनेको छ। दलको हस्तक्षेप प्रायःजसो आदिवासी नेताहरूलाई शहवरण गर्ने र सामान्यतः जनजाति आन्दोलनलाई क्षति पुऱ्याएको छ।

आदिवासी सवालहरू सम्बोधन गर्न राजनीतिक दलहरू असफल भएकोले उग्र जातीय संस्थाहरू बढ्दै गएको छ। लिम्बुवान, खम्बुवान, तामाङ-सालिङ र थरुहट (देशभित्रका आदिवासी क्षेत्रहरू)का राज्य परिषद्हरूसंग आबद्धता भएको संविधान सभामा २ जना सभासद् भएको राजनीतिक पार्टी संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चको गतिविधिहरू यसैको एउटा कडी हो। मञ्चले देशका विभिन्न भागहरूमा आदिवासीहरूलाई संगठित गरी सामान्य जनतालाई आदिवासी सवालहरू गहनतापूर्वक उठाउन प्रोत्साहन दिँदै आएको छ। 'मूल प्रवाह'का राजनीतिक पार्टीहरूको अर्ध-सैनिक युवा-दस्ताको नक्कल गर्दै गरेको बेलामा सशस्त्र संघर्ष गर्न आफ्नै युवा समूह 'लिम्बुवान भोलण्टीयर्स' वा 'थारु भोलण्टीयर्स' गठन गरेको छ।

राज्य र सम्बन्धित अधिकारीहरूले वैधानिक जातीय मागहरूलाई सम्बोधन गर्न असफल भइरहेको खण्डमा नेपाली राजनीतिमा हिंसाको सम्भावनालाई नकार्न नसकिने देखिन्छ। नेफिन र यससंग आबद्ध जिल्ला र गाउँ तहका शाखाहरूले आफ्नो उद्देश्य हासिल गर्न हिंसात्मक बाटोको प्रस्ताव गर्ने समूहहरूसंग छुट्टै रहन प्रयास गरिरहेको छ। नेफिन जस्तो नागरिक संगठनले बेहोर्नु परेको एउटा चुनौति यो हो कि संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, नेकपा माओवादी र अन्य राजनीतिक समूहहरू, जसले सशस्त्र संघर्ष सम्भव मात्र नभएर लक्ष्य हासिल गर्ने आवश्यक उपाय हो भन्ने ठान्दछन्। उनीहरूलाई प्रभाव पारेर आफ्नो एजेण्डालाई शान्तिपूर्वक हासिल गर्न चाहन्छ।

मधेशी राजनीतिक शक्तिसंग काम गर्दा नेफिन र आदिवासी संगठनहरूको नागरिक आन्दोलनले व्यहोरेको अर्को बेग्लै प्रकारको चुनौति तराईमा चलिरहेको थारु र अन्य जनजाति पहिचानको आन्दोलन हो। मधेशी ती समूह हुन्, जो नेपालको भारतसंगको सीमानासंग जोडिएको तराईको दक्षिणी समथर भागमा बस्दछन् र जो विगतको पहाडी बाहुन/क्षेत्री-केन्द्रित राज्यको नीतिहरूबाट विभेदित रहँदै आएको छ। मधेशी समाजको विशेषता तहगत हिन्दू जात पद्धति हो। नेपाल तराईका आदिवासीहरू जात पद्धति विनाको आफ्नो समानतामा आधारित सामाजिक चरित्र र भूमिसंगको सम्बन्धको आधारमा आफूलाई मधेशी समाजसंग फरक ठान्दछ। अर्कोतिर नेफिन र अन्य आदिवासी संगठनहरू मधेशीसंग गठबन्धन गरी बहिष्करण र विभेद्को अन्त्य गर्न र स्रोतहरूको न्यायोचित वितरण सुनिश्चित गर्न कार्यरत छन्। अर्कोतर्फ उनीहरूले मधेशीबाट अतिक्रमणको झुकावबाट आफ्नो सुरक्षा आफैंले गर्न परिरहेको छ। जब मधेशी राजनीतिक दलहरूले '*एक मधेश, एक प्रदेश*'को अडान कायम राखे, तब यसलाई जनजातिहरूले आफ्नो अधिकार हरण गरेको रुपमा लिएर यसको विरोध गरे। यसलाई उनीहरूले तराईका उच्च-जातका संभ्रान्तको बर्चस्व रहेको मधेशी राजनीतिक दलहरूले तराईका आदिवासीहरूलाई मधेशीमा समाहित गर्ने उद्देश्य राखी एकाधिकारवादी दृष्टिकोण अपनाएको रुपमा लिए।

**संविधानको मस्यौदा–लेखन प्रक्रियामा आदिवासीको संलग्नता**

आदिवासीको मानव अधिकारको अवस्था र मौलिक स्वतन्त्रता सम्बन्धी विशेष समाधिक्षक जेम्स अनायाले २०६५ सालको पौष महिनामा भएको आफ्नो औपचारिक भ्रमणमा नेपालले स्वीकार गरेको अन्तर्राष्ट्रिय मापदण्ड अनुसार संविधान निर्माण प्रक्रियामा प्रत्यक्ष परामर्श आफ्नै निर्णय गर्ने विधि अनुसार आफैँले छनौट गरेको प्रतिनिधिहरूमार्फत गर्न अतिरिक्त संयन्त्र विकास गर्ने आवश्यकतामा जोड दिएको थियो ।

आफ्नै नागरिक अभियन्ता विधिको माध्यम नेफिनले संविधान सभाका लागि हाल सामुहिक सुझावहरूको तयारी गरेको छ । यसको लागि नेफिन नेतृत्वले आदिवासी बुद्धिजीवी, वकिल, प्राज्ञिक, योजनाकार र शिक्षाविद्हरूलाई संविधान सभाको उपसमितिहरूको समानान्तर विभिन्न विषयगत समितिहरूमा कार्य गर्न आव्हान गरेको छ । यी समितिहरूले दिइएको विषयमा सुझावहरू बनाउने प्रक्रिया छन्, जुन पछि नेफिनको संघीय परिषद्ले छलफल गरी पारित गर्नेछ । यसलाई संघीय परिषद्ले प्रस्तावलाई पारित गरिसकेपछि विभिन्न तहका सम्बन्धित संगठनहरूमा बहश गर्न लगिने छ । यो प्रक्रिया आदिवासीको सामुहिक आवाजको साथै संविधान सभामा आदिवासीको अडानका वारेमा स्थानीय तहका आदिवासी समुदायहरूलाई शिक्षित बनाउनसमेत महत्वपूर्ण छ भन्ने ठानिएको छ ।

बहशको प्रारम्भीक बुँदाहरूमा नेपालमा सार्वजनिक बहशमा अझैसम्म आउन नसकेको केही चाखलाग्दो विकल्पहरूसमेत समेटिएका छन् । राज्य पुनर्संरचनाको विषयगत समितिले उदाहरणको लागि संघीय ढाँचाको निम्ति सिद्धान्तहरू तय गरेको छ । उनीहरूले सुझाएको गुदी सिद्धान्तहरूमा- क) ऐतिहासिक/थातथलो/भूभाग; ख) भाषा; र ग) राज्यको सीमानाका सम्बन्धमा निर्णय गर्दा संघीय स्वायत्तता अन्तर्गत आदिवासी स्वायत्ततालगायत छन् । उनीहरूको १३ वटा बृहत राज्यहरू र त्यसपछि प्रत्येक आदिवासीको लागि स्वायत्त प्रदेश वा क्षेत्र निर्धारण गर्ने प्रस्ताव गरेको छ । उदाहरणको लागि- तामसालिङ राज्यमा चेपाङ, थामी, हायू, सुरेल, जिरेल, सुनुवार, पहरी र ह्योल्मो (योल्मो)को आफ्नै स्वायत्त प्रदेश/क्षेत्रहरू

हुनेछन्, जहाँ उनीहरूको आफ्नै स्वशासन र साझेदारी शासन हुनुको साथै तामसालिङ राज्य र समग्र देशको शासनमा समेत संलग्नता हुनेछ। संघीयताको सिद्धान्त स्वशासन र साझेदारी शासनबीच सन्तुलन राख्नसमेत छलफल भएको छ। समग्रमा प्रारम्भीक रुपमा तीन तहको राज्य संरचनाको प्रस्ताव गरिएको छ, जसले वर्तमान जिल्लाहरूलाई अनावश्यक बनाउने छ। अहिलेसम्म भावि नेपालको विशेष नक्शा कोरेको छैन । तर सबै आदिवासीहरूले आउने नक्शामा सानो जनसंख्या भएको सबै आदिवासीहरूले आत्मनिर्णय र अन्यसंग समानताको अधिकारसमेत उपभोग गर्ने मौका चाहन्छन्।

स्वायत्तता सम्बन्धी आदिवासीको मुख्य माग भूमि तथा प्राकृतिक स्रोतहरूमा स्वामित्व र आत्मनिर्णयको अधिकार रहँदै आएको छ। जे भए पनि आत्मनिर्णयको परिभाषा समयसंगै परिष्कृत हुँदै गएको छ। आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघको घोषणापत्रको धारा ४६ को मर्म अनुसार आदिवासी आन्दोलनले नेपालको सन्दर्भमा आत्मनिर्णयको सिद्धान्तमा विखण्डन समावेश हुन आवश्यक नभएको पैरवी गर्दै आएको छ। उनीहरूको पैरवी अनुसार आत्मनिर्णय आन्तरिक लोकतन्त्रको लागि हो र यदि राज्य बहिष्करण गर्दै रहने र आदिवासीको अधिकारहरू उल्लंघन गर्दै जाने हो भने जनताले यस्तो भक्षक राज्यबाट छुट्कारा पाउन स्वःस्फूर्त रुपमा विद्रोह गर्ने छन्।

**आदिवासी आन्दोलनको आन्तरिक चुनौतिहरू**

आदिवासी आन्दोलनभित्रको चुनौतिहरू कम गम्भीर छैनन्। उदाहरणको लागि नेफिन र अन्य आदिवासीका संगठनहरूको नेतृत्वलाई प्रमुख राजनीतिक दलहरूले अपहरण वा सहवरण गरेकोमा आदिवासीहरूमा व्यापक असन्तोष छ। कैयन आदिवासी नेताहरू राजनीतिक दलहरूसंग आबद्ध छन् त्यसैले कतिपय बेला आदिवासीको सवालमा उनीहरूको बफादारीतामा प्रश्न उठ्ने गरेको छ।

राजनीतिक दलहरूले आदिवासी नेताहरूलाई सहवरण गरेबाट गतिशील आदिवासी आन्दोलनलाई क्षति पुग्ने देखिन्छ। पहिलो आदिवासीहरू विभिन्न राजनीतिक

दलहरूमा विभक्त भएर राजनीतिक दलको प्रतिनिधिको रुपमा एक-अर्कासंग प्रतिस्पर्धा गर्ने प्रवृत्ति छ । दोश्रो- जसै आम जनसमुदाय निराशा हुन्छ, तब संयुक्त आवाज वा कार्यविहीन संगठहनहरू र विचार च्याउ जस्तै उम्रने प्रवृत्ति छ । यस्तो दिशातर्फ उन्मुख देखिन्छ र स्थिति अझै बिग्रदै जाने खतरा छ, यदि समयमै यसलाई सच्याउने काम भएन भने । स्रोतका लागि प्रतिस्पर्धाले अझै टुक्राउँदै छ । गत वर्षको अनुभवले देखाएको छ कि परियोजनाको आर्थिक सहयोगले उपलब्ध गराउने स्रोतहरूका निम्ति आदिवासीका संघसंस्थाहरूबीच खासगरी ठूलो र सानो आदिवासी संघसंस्थाहरू र अति सीमन्तकृत र कम सीमान्तकृत समूहरूबीच ऐक्यबद्ध हुनुको साटो एक-अर्कासंग मनमुटावको भावना बढ्दो छ । केही आदिवासी समूहहरूको विशिष्ट पहिचानको दावीले गर्दा पनि यस्तो प्रतिस्पर्धा भएको देखिन्छ ।

यसरी टुक्रिने क्रममा सामुहिक आवाज उठाउन आन्दोलनले कसरी काम गर्छ भन्ने सवालसंग जोडिएको छ । जनताको चाहनालाई साझा राजनीतिक मागमा समावेशीकरण गर्नका लागि एउटा गतिलो परामर्श प्रक्रिया आवश्यक छ ।

**२००८ मा भएको महत्वपूर्ण उपलब्धिहरू**

सन् २००७ मा एशीयाली मुलुकहरूमध्ये कानूनी रुपमा बाध्यात्मक एउटै मात्र अन्तर्राष्ट्रिय दस्तावेज आदिवासीको अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ लाई अनुमोदन गर्ने नेपाल पहिलो मुलुक बनेको छ । सन् २००८ मा स्थानीय विकास मन्त्रालयका सचिवले अध्यक्षता गरेको एउटा कार्यदलले महासन्धि कार्यान्वयन गर्नका लागि राष्ट्रिय कार्य योजनाको मस्यौदा लेखन शुरु गरेको छ । यो कार्ययोजना कसरी कार्यान्वयन हुन्छ, र आवश्यक स्रोतहरू कसरी जुटाइन्छ । त्यो हेर्न बाँकी छ; तापनि महासन्धिको अनुमोदनले आफैंमा आदिवासी समुदायहरूको सशक्तिकरणको आभाष दिएको छ । सन् २००८ मा एउटा आशलाग्दो विकास के भयो भने प्रधानमन्त्री पुष्पकमल दाहालले महासन्धिलाई कार्यान्वयन गर्ने र नेपाललाई एशीया क्षेत्रमा आदिवासीहरूको अधिकारलाई प्रवर्द्धन गर्ने उदाहरणीय मुलुक भनी सार्वजनिक प्रतिवद्धता जाहेर गर्नु भएको थियो ।

नेपालको अन्तरिम संविधानको भावना अनुसार राष्ट्रिय योजना आयोगले आदिवासीहरूको विकासको सवाललाई समावेश गर्न विचार गर्ने सम्बन्धमा कदम चालिसकेको छ। त्रि-वर्षीय अन्तरिम योजना (सन् २००८-२०१०)मा उदाहरणको लागि- आदिवासीको मानव विकास सूचकाङ्क १० प्रतिशतले बृद्धि गर्न १५ अरब रुपैयाँ (१ करोड ८८ लाख डलर) छुट्याइएको थियो ।

नेपालको आदिवासी आन्दोलनले विगतका केही वर्षहरूमा चालू लोकतान्त्रिक र शान्ति प्रक्रियामा सक्रिय सहभागिता जनाएर एउटा महत्वपूर्ण शक्तिको रुपमा आफूलाई स्थापित गर्न सफल भएको छ। आदिवासी आन्दोलनले सामाजिक समावेशीकरण, धर्मनिरपेक्षता, भाषिक अधिकार, समानता र कानूनी शासनको एजेण्डालाई प्रवर्द्धन गरी अप्रील, २००८ मा भएको संविधान सभाको निर्वाचनमा महत्वपूर्ण भूमिका खेलेको थियो । संविधान सभामा २१८ जना आदिवासी समुदायबाट सभासद् निर्वाचित हुनु एउटा ठूलो उपलब्धि थियो । मुलुक अहिले नयाँ संविधानको मस्यौदा लेखनको प्रक्रियामा छ। यो प्रक्रिया अघि बढ्दै गर्दा नयाँ कानूनमा आफ्नो योगदानको लागि स्थान बनाउनुका साथै भएका नीतिहरूमा भएका कमीकमजोरी र उनीहरूको समावेशीकरणका सम्बन्धमा नेपाल राज्यले गरेको प्रतिवद्धताको कमजोर कार्यान्वयनतर्फ ध्यानाकर्षण गराउनका लागि आदिवासी आन्दोलनको संघर्ष जारी रहने छ।

# सन् २०१० मा नेपाल

## पासाङ डोल्मा शेर्पा

**राजनीतिक रुपान्तरण र आदिवासी आन्दोलनको भूमिका**

आदिवासी आन्दोलनले नेपाल सरकारलाई दवाव दिन र भाषा, संस्कृति, स्रोत, परम्परा र शीप जस्ता सवालहरूमा उनीहरूको संघर्षलाई समर्थन गर्न अन्तर्राष्ट्रिय दस्तावेजहरूलाई क्रियाशील बनाउन समर्थ भए । यी विकासहरू नेपालको अन्तरिम संविधान (२००७) मा भएको उल्लेख र अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९को अनुमोदन र आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघको घोषणापत्रलाई पारित गरेकोबाट प्रष्ट छ। सन् २००९ मा नेपाल आदिवासी जनजाति महासंघ र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले संयुक्त रुपमा सरकारलाई ज्ञापनपत्र दिएर नयाँ संविधानमा उक्त अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको सम्मान गर्न अनुरोध गरेको थियो। उनीहरूले यो पनि उल्लेख गरे कि उनीहरूलाई अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं १६९ सम्बन्धी कार्ययोजना तबसम्म मान्य हुने छैन जबसम्म योजनालाई नयाँ संविधानले पूर्ण रुपमा स्वीकृत गरी चरणबद्ध रुपमा अन्तर्राष्ट्रिय महासन्धिहरू बमोजिम कार्यान्वयन र संशोधन गर्दैन ।

आदिवासीहरूको बीच विधायिकामा उनीहरूको समानुपातिक र पर्याप्त प्रतिनिधित्वका सम्बन्धमा निकै चिन्ता र चासोहरू छन्। अप्रील, २००८ मा भएको संविधान सभाको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने पद्धति (निर्वाचन क्षेत्रको प्रत्यक्ष निर्वाचन) अन्तर्गत एउटै पनि आदिवासीको दलले चुनाव जित्न सकेन। दुईवटा दलहरू-संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च र नेपाः पार्टी-ले समानुपातिक प्रतिनिधित्व पद्धति अन्तर्गत एक-एकवटा सीट जित्न सक्यो । जे भए पनि आदिवासी आन्दोलन गरेर नेफिन, जसले सरकारसंग २१ बुँदे सहमति गरेको थियो, जसको दवावको कारणले निर्वाचनको सन्ध्यामा राजनीतिक दलहरूले आदिवासीहरूलाई अधिकतम स्थान दिनुपर्दछ भन्ने दायित्वबोध गरेको थियो। यसको परिणाम ६०१ सदस्य भएको संविधान सभामा ३६.८ प्रतिशत आदिवासी सभासद् भए । तैपनि उनीहरूको पहिलो बफादारिता आदिवासीहरूको अधिकार हुन्छ वा उनीहरूको आ-आफ्नो राजनीतिक दल प्रति हुन्छ भन्ने प्रश्न उठिरहेको छ । अन्ततः उनीहरूले आदिवासीको दलहरूको वा आदिवासी मतदाताहरूको

मात्र प्रतिनिधित्व गर्दैनन् । यस्तो डरले मान्यता पाउनुको कारण विद्यमान पद्धति अन्तर्गतको 'पार्टी व्हीप' हो, जसमा संसद् वा संविधान सभामा भएका हरेक दलका सदस्यले पार्टीको निर्णयलाई पालना गर्नु पर्दछ । धेरैको विश्वास यो छ कि जे भए पनि संविधान सभामा आदिवासीहरूको उपस्थिति भनेजस्तो नभए पनि केही नहुनुभन्दा त राम्रो छ । संविधान सभामा राजनीतिक दलहरूको प्रतिनिधिको रुपमा प्रत्यक्ष निर्वाचनबाट अर्थात् पहिलो हुने निर्वाचित हुने पद्धतिबाट निर्वाचित भएका सभासद्‌भन्दा हरेक दलबाट समानुपातिक प्रतिनिधित्वबाट निर्वाचित भएका सभासद्‌हरू आदिवासीको अधिकारका सम्बन्धमा बढी सम्वेदनशील छन् ।

नयाँ संविधान बनाउने प्रक्रिया र आदिवासीको चाहनाहरू अन्तर-सम्बन्धित छन् । आदिवासीहरू नयाँ संविधानमा आफ्ना अधिकारहरू सुनिश्चित गर्न कटीबद्ध छन् र उनीहरू यो दिशातर्फ पद्धतिगत ढंगले अघि बढिरहेका छन् । संविधान निर्माण प्रक्रियाका सम्वन्धमा अनिश्चितता र अन्योल कायम छ, तापनि २८ मे, २०१० को डेडलाईनसम्ममा यो काम भएन भने आदिवासी आन्दोलनलाई यसको असर नपर्ने भन्ने छैन । 'बृहत मोर्चा' भनेर चिनिने आदिवासी जनजातिको बृहत मोर्चा नयाँ संविधानमा आत्मनिर्णयको अधिकार समेत सुनिश्चित हुनेगरी आदिवासी जनजातिको भाषिक, साँस्कृतिक र राजनीतिक अधिकारहरू सुनिश्चित गर्नका लागि एउटा दवाव समूह बनाएको छ । यसले संघीय स्वायत्त राज्य स्थापनाको लागि पनि आव्हान गरेको छ ।

## आदिवासीहरू र संविधान सभा

संविधान सभामा ३८.२ प्रतिशत आदिवासी सदस्यहरू छन् । संविधान सभाका अध्यक्ष सुभाषचन्द्र नेम्बाङ पनि उनीहरूमध्ये एक हुन् । नेम्बाङका अनुसार 'संविधान सभाले नेपालका सबै राजनीतिक दलहरूको प्रतिनिधित्व गर्दछ । नेपालको पहिलो समावेशी संविधानसभाले नेपालको विविधता र बहुलता उतारेको चित्र हो । यो सदन किसानको हो, उद्योगपतिहरूको हो र सीमान्तकृत जनताको हो ।' संविधान सभाको सदस्यहरूको समावेशी चरित्रको वारेमा कुनै शंका रहेन । अन्तरिम संविधान, अन्तर्राष्ट्रिय सन्धि र महासन्धिहरूले सुनिश्चित गरेको मौलिक

अधिकारहरू आत्मनिर्णयको सुनिश्चितता कसरी हुन्छ भन्ने सवाल संविधान सभाका आदिवासी सदस्यहरूले आ-आफ्नो विषयगत समितिमा उनीहरूले के कस्तो भूमिका खेल्दछ भन्नेमा निर्भर हुन्छ ।

समग्रमा नयाँ संविधानको विभिन्न मूल सवालहरूमा प्रतिवेदन तयार गर्नका लागि ११ वटा विषयगत समितिहरू बनाएको छ । समितिका प्रतिवेदनहरू पहिलो संवैधानिक समितिमा छलफल हुनेछ । त्यसपछि संविधानसभामा सकेसम्म सर्वसम्मतिबाट हुनेछ र नभए कम्तीमा दुई तिहाई बहुमतबाट पारित गरिनेछ । यसरी पारित प्रावधानहरू नयाँ संविधानको अंग हुनेछ, जुन राजनीतिक दलहरूको संयुक्त प्रतिबद्धता बमोजिम प्रगतिशील, समावेशी र लोकतान्त्रिक हुनेछ । सबैजसो विषयगत समितिहरूले आफ्नो प्रतिवेदनहरू बुझाइसकेका छन् । तर दुईवटा मुख्य विभाजित सवालहरू एउटा राज्य पुनर्संरचना र अर्को शासकीय ढाँचा । सरकारको ढाँचा संसदीय वा राष्ट्रपतीय वा अन्य हुने भन्ने बारे-बाँकी छ ।

आदिवासी संविधान सभासद्हरूले आदिवासीको अधिकारहरू सबै विषयगत समितिहरूले समेट्नु पर्ने माग राख्दै आएका छन् । तर उनीहरूको यो माग अन्तिम मस्यौदामा पर्दैन कि भनेर चिन्तित छन् । अहिलेसम्म विषयगत समितिहरूका परिणामहरू आत्मनिर्णयको अधिकार, जातीय स्वायत्तता, धर्मनिरपेक्ष राज्य, समानुपातिक प्रतिनिधित्व र प्राकृतिक स्रोतहरूमा अग्राधिकारका पक्षमा छन् । तर यी प्रतिवेदनहरू अझैसम्म सार्वजनिक भइसकेका छैनन् । यसले सायद यो जनाउँछ कि आदिवासीहरूको चाहना विपरीत सुझावहरूलाई झेल गरिने डर देखाउँछ । उदाहरणको लागि- यदि विभिन्न राजनीतिक दलहरूको प्रतिनिधित्व गर्ने संवैधानिक समितिका सदस्यहरू संविधान सभाको माध्यमबाट पारित गर्ने पक्षमा छैनन् ।

**संविधान सभामा आदिवासी ककश**

३२ जना सचिवालयका सदस्यहरूसहित १७६ सदस्य भएको आदिवासी ककशको नेतृत्व नेफिनले गरेको छ । यो विशुद्ध अनौपचारिक ककश हो, जसमा सदस्यहरू विभिन्न विचारधाराका छन्, जो आदिवासीको सवालमा र साझा स्वार्थका क्षेत्रहरू विकास गर्नसंगै काम गर्न आएका हुन् । अन्य कुराको साथै ककशले संविधान

सभाको ११ वटा विषयगत समितिहरूको प्रतिवेदनहरू आदिवासीहरूसंग सम्बन्धित सवालहरूलाई अध्ययन गरी केलाउने छन् । तैपनि आदिवासीहरूको अधिकारको लागि सदस्यहरूले पार्टीको लाईन त्याग गर्न सक्छ कि सक्दैनन् ? भन्नेमा शंका छ । एक जना संविधान सभाका सदस्यको भनाई यस प्रकार छ-

*सदस्यहरू, खासगरी कांग्रेस र एमाले पार्टीबाट आएकाहरू, कम केन्द्रित र अभिमुख छन् । कांग्रेस पार्टी बढी सामन्ती किसिमको र व्यक्तिगत मैत्री र व्यक्तिगत स्वतन्त्रताका पक्षमा भएकोले आदिवासीहरूको सामुहिक अधिकारका वारेमा कम चासो राख्दछन् । बामपन्थी दलले अन्तर्राष्ट्रिय समाज (जाति)मा बढी केन्द्रित छ र आदिवासीको सवालहरूलाई चर्को रुपमा लिन्छन् ।*

**राज्य पुनर्संरचनाको प्रक्रिया**

नेपालको वर्तमान राजनीति र संविधान निर्माणमा राज्य पुनर्संरचनाको सवाल सधैंजसो विभाजित र प्राथमिकतामा रहँदै आएको छ । संविधान सभाका साथै राजनीतिक दलहरू नेपालले अपनाउने राज्य पुनर्संरचनाको ढाँचा र संघीयताको प्रकारको सम्बन्धमा समझदारीको नजिक आउन त असफल मात्र नभएर सबैजसो राजनीतिक दलहरूभित्र प्रमुख मत भिन्नताहरू पनि छन् ।

डा. गणेश गुरुङले, जो प्रस्तावित राज्य पुनर्सरचना आयोगको अध्यक्षमा नियुक्त भएको थियो । उनले उक्त पदबाट राजीनामा दिए, जसको कारण आयोगको भूमिका तथा जिम्मेवारीका वारेमा कुनै कार्य विवरण बनाएको थिएन । तैपनि सरकार प्रस्तावित आयोगको अन्य सदस्यहरू मनोनित गर्न पनि असफल भयो । संविधान सभाको राज्य पुनर्संरचना समिति सम्बन्धी विषयगत समितिले १४ राज्य (प्रदेश)को प्रस्ताव बुझाएको थियो- ६ वटा जातीय र जनजातीय आधारमा थियो भने बाँकी भएजति नदी र पहाडजस्ता सीमानाको आधारमा थिए । जे भए पनि प्रस्तावले राजनीतिक किरणका क्षितिज देखाउँछ र संविधान सभाले यो सवालमा कुनै निर्णय लिएको छैन ।

# सन् २०११ मा नेपाल

## कृष्ण भट्टचन

**स्वतन्त्र अग्रीम जानकारीसहितको मञ्जुरी (एफ्पीक) को संयन्त्रको माग राख्दै आम हडताल**

सन् २०१० को शुरुवात नव वर्षको दिन जनवरी १ तारिखका दिन १०५ भन्दा बढी आदिवासी संस्थाहरूको गठबन्धनबाट बनेको आदिवासी बृहत मोर्चा, नेपालको आव्हानमा अत्यन्त शान्तिपूर्ण र स्वःस्फूर्त रुपमा नेपाल बन्द भयो । यो नेपाल बन्द संविधान सभाको अध्यक्ष र प्रधानमन्त्रीले बृहत मोर्चाले राखेको यी दुईवटा मागलाई बेवास्ता गरेको थियो: (क) सबै प्रकारका जातीय भेद्भाव उन्मूलन गर्ने समिति (सर्ड)ले १३ मार्च, २००९ र २८ सेप्टेम्बर, २००९ मा जारी गरेको अग्रीम चेतावनी र यसको अनुगमनका लागि जारी गरेको अर्को अग्रीम चेतावनी जारी गर्दै संविधान सभामा स्वतन्त्र अग्रीम जानकारीसहितको मञ्जुरीको संयन्त्र स्थापना गर्न दिएको सुझाव; र (ख) सरकारको कार्यदलले तयार गरेको अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ लाई कार्यान्वयन गर्नको लागि तयार गरेको कार्य योजनालाई स्वीकृत गरी प्रभावकारी कार्यान्वयन गर्न ।

आदिवासीको अधिकार सम्बन्धी समाधिक्षकले पनि प्रक्रियाको आलोचना गरेको थियो र सुझाव दिएको थियो कि "संविधान सभामा विद्यमान प्रतिनिधित्वको तरिकाको अलावा, आदिवासी जनजातिहरूसंग उनीहरूकै प्रतिनिधिमूलक संस्थाहरूको माध्यमबाट उनीहरूलाई प्रभावित गर्ने नयाँ संवैधानिक प्रावधानहरूका लागि गरेको प्रस्तावहरूका सम्बन्धमा परामर्श गर्न विशेष संयन्त्र बनाउनु पर्दछ" ।

**परिभाषित गर्ने क्षण सर्नु**

आदिवासीहरूले २८ मे, २०१० को दिनलाई एउटा परिभाषित गर्ने क्षणको रुपमा आशा राखेका थिए । किनभने संविधान सभालाई उक्त दिन नयाँ संविधान जारी गर्ने म्याण्डेट दिएको थियो । यो अब एक वर्ष पर सार्नुको साथै संविधान सभाकै कार्यादेश (म्याण्डेट) पनि २५ मे, २०११ सम्म बढाइयो । यसरी पर सार्नुको मुख्य कारण राजनीतिक दलहरूबीच तीनवटा सवालहरूमा गहिरो मतभेद् छन्: (क) तीनमध्ये प्रत्येक राजनीतिक दलले प्रधानमन्त्री पदको दावा गरेको छ; (ख) नेकपा माओवादीले जातीय र क्षेत्रगत प्रदेशहरू, जातीय राज्यहरू र विशेष/संरक्षित

क्षेत्रहरूको माग राखेकोमा यी मागहरूलाई नेकपा एमाले र नेपाली कांग्रेसले विरोध गरेको छ; र (ग) नेकपा एमाले र नेपाली कांग्रेसले माओवादीको जनमुक्ति सेना (पिएलए)लाई नेपाली सेना र अन्य सुरक्षा बलमा पूर्ण रुपमा समाहितको विरोध गरेको छ। जे भए पनि तीन प्रमुख राजनीतिक दलहरूबीच शक्तिको बाँडचुँडको लागि फोहोरी खेल भइरहेको अवस्थामा २८ मे, २०११ मा नयाँ संविधान जारी हुने सम्भावना अत्यन्त न्यून छ। यदि संविधान सभाले समयमा संविधान जारी गर्न वा/र आदिवासीहरूको स्वशासन र स्वायत्तता सुनिश्चित गर्न असफल भयो भने साम्प्रदायिक हिंसा, सशस्त्र द्वन्द्व वा अधिनायकवादी शासनको सम्भावना अवस्यम्भावी छ। केही मधेशी राजनीतिक दलहरू र आपराधिक समूहहरूले हतियार उठाइरहेको छ र सामुहिक हिंसाको राजनीतिमा लागिपरेका छन् र भूमिगत आदिवासीहरूको राजनीतिक समूहहरूको गठबन्धन संयुक्त जातीय मोर्चाले गाउँ विकास समिति (गाविस)का सबै सचिवहरूलाई सामुहिक राजीनामा दिन भनेर त्रसित बनाएको छ।

### संविधान सभालाई ऐतिहासिक सुझाव

विभिन्न आरोह र अवरोहको वावजूद सन् २०१० को वर्ष राज्य पुनर्संरचना तथा राज्यशक्ति बाँडफाँड समिति (संविधान सभाको १० वटा विषयगत समितिमध्ये एक)ले पहिचानमा आधारित संघीय प्रान्तहरू, स्वायत्त क्षेत्रहरू, विशेष क्षेत्र र संरक्षित क्षेत्रहरू ल्याउन दिएको सुझावले आदिवासीको अधिकारहरू सुरक्षित गर्ने दिशातर्फ एउटा कोशे ढुंगाको रुपमा ऐतिहासिक रह्यो। आदिवासीहरूको स्वतन्त्र अग्रीम जानकारीसहितको मञ्जुरी नलिइकन समितिको सदस्यहरूको बहुमतले धेरै जनसंख्या भएका र भू-भाग भएका आदिवासीहरूका लागि ८ वटा संघीय प्रदेशसहितको १४ वटा संघीय प्रदेश, ठीकै जनसंख्या भएका आदिवासीहरूका लागि २३ वटा स्वायत्त क्षेत्रहरू, सानो जनसंख्या भएका आदिवासीहरूका लागि आवश्यक भएको विशेष र संरक्षित क्षेत्रको निर्णय गरे। यी विभिन्न प्रदेश, स्वायत्त, विशेष र संरक्षित क्षेत्र जस्ता इकाईहरू स्थापना गर्ने आधार पहिचान (जातीय/सामुदायिक, भाषिक, साँस्कृतिक, भौगोलिक/क्षेत्रगत निरन्तरता र ऐतिहासिक निरन्तरता)लाई प्राथमिक आधार र सामर्थ्य (विकासको पूर्वाधारको

अवस्था र सम्भावना, आर्थिक अन्तरनिर्भरता र सामर्थ्य, प्राकृतिक स्रोतहरूको सुलभता र प्रशासनिक पहुँच)लाई सहायक आधार मानेर बनाइएको थियो। आदिवासी आन्दोलनले यी सुझावहरूलाई सकारात्मक रुपमा लिन्छ किनभने यसले तिनीहरू, जसले आदिवासीहरूको स्वायत्तता र स्वशासनलाई अन्ध-समर्थन गर्दछन्को गालामा एक झापड दिए जस्तो भयो। जे भए पनि उक्त सुझावहरू अपर्याप्त छन्। किनभने यी सुझावहरूले आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघको घोषणापत्र र अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ अनुरुप स्वतन्त्र अग्रीम जानकारीसहितको मञ्जुरी, भूमि र भू-भागमा नियन्त्रणलगायतका अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम छैनन्।

**पहिचानमा आधारित इकाईहरूलाई सिध्याउने प्रयत्न**

सबै ६०१ संविधान सभाका सभासद्हरू तीन प्रमुख राजनीतिक दलहरू एकीकृत कम्युनिष्ट पार्टी (माओवादी), नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनीनवादी) र नेपाली कांग्रेसको बन्धक भए। फेरी यी तीनै राजनीतिक पार्टीहरू यसका बाहुन नेताहरूका बन्धक भए, जसको बीच गहिरो द्वन्द्व छ। यी र अन्य मधेशी राजनीतिक दलहरू पनि भारतबाट धेरै प्रभावित छन्। यसको परिणाम संविधान सभाको पर्दा पछाडि आदिवासीको अधिकार विरुद्ध षड्यन्त्रका तानाबानाहरू बुनिएका छन्।

समितिको सुझावहरूलाई सिध्याउने उद्देश्यले संविधान सभाको समितिले दिएको सुझावहरू अध्ययन गर्न एउटा समिति गठन गरेको र पहिचानमा आधारित इकाईहरूका सम्बन्धमा पहिले १६ र पछि २२० वटा विवादास्पद बुँदाहरूको सूची बनाएको छ। २७ राजनीतिक दलको प्रतिनिधित्व भएको उच्च स्तरीय कार्यदल गठन भयो र यसले ७५ प्रतिशत प्रश्नहरू सर्वसम्मतिबाट समाधान गरेको छ। तर यसले गरेका धेरैजसो निर्णयहरू विवादग्रस्त छन्। उदाहरणको लागि- खस नेपाली भाषा सरकारी कामकाजको भाषाको रुपमा सहमति भएको छ र अन्य कामकाजको भाषाहरू संघीय र प्रादेशिक व्यवस्थापिका-संसदले गठन गर्ने भाषा आयोगले टुङ्गो लगाउने छ, भन्नु मातृभाषाहरूको हैसियत सरकारी कामकाजको

हुन्छ वा हुँदैन भन्ने निर्णय प्रादेशीक इकाईको प्रकृतिमा निर्भर हुने भयो । संघीय र प्रादेशीक संसद्हरूमा प्रतिनिधित्वको आधार जाति, भाषा वा क्षेत्रगत नभएर भौगोलिक हुनेछ भन्ने पनि निर्णय गरेको छ। हाललाई नेकपा माओवादीको कारणले गर्दा उक्त कार्यदल निष्कृय भएकोबाट तत्कालको लागि केही राहत भएको छ, अन्यथा विद्यमान १४ अञ्चलहरूबाट सातवटा प्रदेश र यी सबै १४ अञ्चलहरू भूगोल र जनसंख्याको आधारमा बनाएर आदिवासीहरूको संघीय इकाईहरूलाई सिध्याउन लागेको हो ।

**आदिवासीको सूची सम्बन्धमा विवादास्पद सुझाव**

१४ अप्रील, २०१० मा आदिवासी जनजातिको सूची परिमार्जन गर्न बनेको प्रतिवेदन मन्त्रिपरिषद्मा बुझायो । कार्यदलले ८१ आदिवासी जनजातिको सूची तयार गरेको थियो । यसले विद्यमान ५९ आदिवासी जनजातिमध्ये बनकरीयालाई चेपाङमा मिसाउने केही नामहरू परिवर्तन गर्ने (जस्तै सुनुवारको सट्टा किरात कोईच, र मुगालीको सट्टा मुगुम्पा) गर्ने बाहेक अन्य केही गरेको छैन । राईलाई किरात राईको रुपमा राखिएको छ । तर राई अन्तर्गतका आठपहरीया, कुलुङ, र याम्फूलगायतका केही समूहहरूलाई अब भने सूचीकरण गरेको छ। थारुलाई कायम राखिएको छ । तर यस अन्तर्गतका राना थारुलाई छुट्टै आदिवासी जनजातिको रुपमा सूचीकृत गरेको छ। सूचीमा थपिएका नयाँ पहिचान भएका आदिवासी जनजातिहरू कार्मारोङ, निस्याङ र निम्बा छन्। कार्यदलले धानुक (राजवंशी)लाई अमत, गोण्ड, सोनाहालगायतका दलित वा गैरआदिवासी, हिन्दू जातमा पर्ने अन्य सबै थरिका धानुकसंग मिसाएर धानुक भनेर संशोधन गरेको छ। किरात राई, गुरुङ (तमू) थारु, र नेवार अन्तर्गत उप-समूहहरूको सूचीकरणले पनि विवाद सृजना गरेको छ। कार्यदलले गरेको यी सुझावहरूलाई आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान (नेफडेन)ले स्वीकृती दिनु पर्ने हुन्छ, जसले विवादहरूको कारणले स्वीकृत गर्ला भन्ने आशा छैन ।

कार्यदलको सुझावहरूको सकारात्मक र नकारात्मक पाटाहरू छन् । सकारात्मक प्रभावका सम्बन्धमा यो प्रतिवेदनले प्रभुत्वशाली जात समूहलाई आदिवासी

जनजातिको सूचीमा राख्न इन्कार गरेको छ, र हालको ५९ आदिवासी जनजातिको सूचीमा छुटेका १२ आदिवासी जनजातिहरूहरूलाई पहिचान गरी समावेश गर्न सुझाव दिएको छ। अर्कोतर्फ १० गैरआदिवासी 'तल्लो' जात र 'अछुत' जातलाई आदिवासी जनजातिको सूचीमा राख्न सुझाव दिएको छ, जसले उनीहरूलाई र अन्ततः अन्य बाँकी जातहरूलाई पनि आदिवासी जनजातिको पहिचान दिन दवाव बढ्ने छ।

**रेडिनेश प्रोजक्ट आईडिया नोट र रेडिनेश प्लान**

नेपालले आदिवासीको परामर्श वा पूर्ण र अर्थपूर्ण सहभागिताबिना नै विश्व बैंकको फोरेष्ट कार्बन पार्टनरशीप फ्यासिलिटीलाई रेडिनेश प्रोजक्ट आईडिया नोट र रेडिनेश प्लान बुझाएको थियो। यस्तो व्यवहारका सम्बन्धमा नेफिनले कडा आपत्ति जनाएपछि सरकारले नेफिनलाई छवटामध्येको एउटा घटक 'सरोकारवालासंग परामर्श र सहभागिता'को उप-घटकमा सामेल गरेको थियो। नीति निर्माण तहमा होस् वा नीति र कार्यक्रम विकास, अनुगमन र सञ्चार वा पुग्ने (आउटरिच)मा होस्, आदिवासीहरूको सहभागिता र/वा प्रतिनिधित्व छैन।

# सन् २०१२ मा नेपाल

## कृष्ण भट्टचन

**पहिचानमा आधारित संघीयता स्थापनाको लागि कठीन लडाईं**

सन् २०१० मा संविधानको मस्यौदा लेख्न म्याण्डेट दिएको संविधानसभाको एउटा विषयगत समिति राज्य पुनर्संरचना तथा राज्य शक्तिको बाँडफाँड समितिले पहिचानलाई प्राथमिक र सामर्थ्यलाई दोस्रो आधार मानी १४ प्रदेश, २३ स्वायत्त क्षेत्र र संख्याको किटान नगरी संरक्षित क्षेत्रहरूको सिफारिश गर्‍यो, जसलाई सबै राजनीतिक पार्टीहरूले संविधानसभामा सर्वसम्मत्‌ले स्वीकार गरे। (हेर्नुहोस्: द ईण्डीजेनश वर्ल्ड, २०११)।

यद्यपि त्यसपश्चात् नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी एमालेलगायतका राजनीतिक पार्टीहरूले यस सिफारिशलाई उल्टाउन पहिचानलाई होइन, सामर्थ्यलाई प्राथमिकतामा राख्ने कुरा अगाडि सारेका थिए। नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का शीर्षस्थ नेताहरूले कैयन उतार-चढावसहितका कैयन उच्च समन्वयगत कारवाहीहरू लगायतका विभिन्न खालका षडयन्त्रका तानाबाना बुन्नमा लीन भए। गत वर्ष वर्चश्वशाली जातिहरू, जस्तै- बाहुन र क्षेत्रीहरू राजनीतिक मोर्चा (संविधान सभा, व्यवस्थापिका संसद र राजनीतिक पार्टी)मा देखिने गरी पहिचानमा आधारित संघीयतालाई अवमूल्यन गर्न सहमत भए र बौद्धिक मोर्चामा अन्तर्राष्ट्रिय सेमिनार आयोजना गरी तथा सञ्चारलाई दुरुपयोग गरी पहिचानमा आधारित संघीयतालाई भत्काउन लागिपरे।

१ नोभेम्बर, २०११ मा तीनवटा ठूला राजनीतिक पार्टी र मधेशी राजनीतिक पार्टीहरूले अन्तरिम संविधानको धारा १३८(२) को एघारौं संशोधनका लागि सरकारले विधेयक ल्याउनको निम्ति सातबुँदे सम्झौता गरे। यो विधेयकले विज्ञहरूको समिति बनाउने र संविधानसभा अन्तर्गतको राज्य पुनर्संरचना आयोगलाई कार्यहीन बनाउने थियो, जुन असान्दर्भिक भइसकेको थियो। यो संविधानसभा जन्मनु अगावै बनिनुपर्ने थियो। सरकारले नोभेम्बर ४ मा विधेयक दर्ता गर्‍यो। वर्चश्वशाली बाहुन जातका शीर्ष नेताहरूले नेतृत्व गरेका तीन प्रमुख राजनीतिक पार्टीहरू, खासगरी नेपाल कम्युनिष्ट पार्टी (माओवादी), नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कांग्रेसले विधेयक विधायिका-संसदमा दर्ता

गराउन मञ्जुर हुने निर्णय गरे, तापनि आदिवासी ककश र मोहन वैद्यले (जसले तीन चिरा परेको कम्युनिष्ट पार्टी माओवादीको विधायक-सांसद/संविधान सभाका सदस्यहरूमध्ये एक घटकको नेतृत्व गर्दछन्) आदिवासी तथा बहिष्करणमा परेका समूहको अधिकार संरक्षण गर्नुपर्ने पक्षमा दह्रोसंग उभिएर आपत्ति जनाएको कारण विधायिका-संसद् विधेयक पारित गर्न असफल भयो ।

सरकारले दोस्रो पटक विधेयकलाई पारित गर्ने प्रयास गरे तापनि आदिवासी ककश र वैद्य घटकको कारण फेरी निष्फल भयो । उनीहरूले प्रस्तावित संशोधन विधेयकको विरोध गर्दै संशोधन गर्न अगावै राज्य पुनर्संरचना तथा राज्यशक्ति बाँडफाँड समितिको सिफारिशलाई रद्दीको टोकरीमा नफ्याँकेर बरु अघि बढाई काम गर्न समितिको कार्यादेश निर्धारण गर्न माग राखे । त्यहीं समयमा आदिवासी जनजातिको आन्दोलनले व्यवस्थापिका-संसद् परिसर बाहिर विधेयकको विरुद्धमा प्रदर्शन आयोजना गऱ्यो । त्यसको परिणाम सरकारले नोभेम्बर १८ मा विधेयकलाई फिर्ता गऱ्यो ।

संविधानसभाको राज्य पुनर्संरचना तथा राज्यको स्रोत बाँडफाँड सम्बन्धी समितिले २०११ मा दिएको प्रतिवेदन र सिफारिशमा थप सुझाव दिनको लागि सरकार तथा मुख्य राजनीतिक पार्टीहरूले समयसीमा काटिसकेको राज्य पुनर्संरचना आयोग सीमित कार्यादेश रहने गरी स्थापना गरियो । इतिहासमा २०११ को वर्ष यु.एन.ड्रिप. र आईएलओ महासन्धि नं. १६९ अनुसारको अन्तर्राष्ट्रिय मापदण्डहरूमा आधारित आदिवासीहरूको मानव अधिकार लागू गर्नुपर्ने भनी नेपालका आदिवासीहरूले गरेको संघर्ष एउटा पानीढलोको रुपमा रहनेछ ।

**परिभाषित गर्ने समय फेरी पनि स्थगन**

नयाँ संविधान २८ मे, २०११ मा अन्तिम रुप दिइसक्नु पर्ने थियो । तर काम नसकिएकोले अन्तिम रुप दिन संविधानसभाको अवधि तीन पटक, पहिलो ३० अगष्टसम्म, त्यसपछि २५ नोभेम्बर, २०११ सम्म र अन्त्यमा २८ मे, २०१२ सम्म थप गरियो । संविधानसभाको म्याद थप्न नमिल्ने र यदि संविधानको मस्यौदा

लेखन कार्य अधुरो रहेको खण्डमा यात नयाँ चुनाव गर्नुपर्ने वा अन्य विकल्प पत्ता लगाउनुपर्ने भनी सर्वोच्च अदालतले २५ नोभेम्बर, २०११ मा फैसला गऱ्यो। नेपाल सरकारले यस निर्णयलाई पुनरावलोकनको निम्ति निवेदन दिने प्रयास गरे पनि सर्वोच्च अदालतले निवेदनलाई दर्ता गर्न इन्कार गऱ्यो र फैसलामाथि पुनर्विचार गर्न संसद र सरकारले गरेको अनुरोधलाई (plea) २७ डिसेम्बर, २०११ मा अस्वीकार गऱ्यो।

आदिवासी, मधेशी र अन्य दलमा परेका र बहिष्करणमा परेका समुदायको अधिकारको विरुद्धमा निरन्तर रचिएको षडयन्त्र र राजनीतिक पार्टीभित्रकै राजनीति पार्टी-पार्टीहरूबीच शक्ति संघर्षले संविधानसभाले बढाएको समयमा संविधान जारी गर्न असमर्थ भएको जस्तो देखिन्छ। आदिवासी र मधेशीहरूले सामर्थ्यको आधारलाई प्राथमिकतामा राखी राज्यको पुनर्संरचना गर्न सहमत जनाएको भए समयमा नै संविधान मस्यौदा तयार हुन्थ्यो। तर यो असम्भव थियो। यसको मतलब नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले आदिवासी तथा मधेशीलाई विभाजित गर्ने लक्ष्य लिएर थप षड्यन्त्र रच्नको निम्ति बढी समय लिन अल्याङ्-तल्याङ गर्दै थियो र यसो गर्नको निम्ति, जनमूक्ति सेनालाई नेपाली सेनामा समायोजन गर्ने र संविधान लेख्नको निम्ति जफत गरिएका जमीन जग्गाधनीलाई फिर्ता गर्नुपर्ने पूर्वशर्त राखेको थियो।

संविधान लेखनको मुख्य अवरोधको रुपमा रहेको माओवादी लडाकुहरूको पुनर्स्थापना र समायोजन गर्न राजनीतिक पार्टीहरू १ नोभेम्बर, २०११ मा सहमतिमा पुगेपछि संविधान लेखनको कार्य द्रूत गतिमा अगाडि बढिरहेको छ। यद्यपि जातीय-आधारमा संघीयतालाई आदिवासी जनजातिलाई विभाजन गरेर निस्तेज पार्ने नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)को अघिल्लो प्रयत्नको कारण आदिवासीहरूको मौलिक अधिकारलाई संविधानले सम्बोधन गर्ने विषय प्रत्याभूत हुने अवस्था छैन।

## बर्चश्वशाली समुदायको आदिवासी पहिचानको दावी

आदिवासीहरूको अधिकारलाई सीमित गर्ने प्रयासहरूमध्ये एकको रुपमा ब्राह्मण समाज, क्षेत्री र खस क्षेत्री समाज (सबै बर्चश्वशाली जात समूहहरूले भर्खर खोलेको संगठन)ले बाहुन र क्षेत्रीलाई आदिवासीको दर्जा दिने माग गरे र उनीहरू पहिचान र/वा जातिमा आधारित संघीयताका विरुद्धमा उभिए । उनीहरूले सडकमा र्‍याली, संविधानसभाको अगाडि धर्ना, मुख्य राजनीतिक पार्टीहरूलाई ज्ञापनपत्र दिने, छापा र विद्युतीय माध्यमबाट आफ्ना विचारहरू राखेर यस्तो माग अगाडि सारे । यद्यपि नेपालमा बाहुन र क्षेत्रीहरू आदिवासी होइनन्, तर सरकारले क्षेत्रीहरूलाई आदिवासीको रुपमा सूचीकृत गर्न नौसदस्यीय कार्यदल गठन गर्‍यो । कार्यदलका संयोजक प्राध्यापक क्षेत्रीले दावी गर्छन्, "हजारौं वर्षदेखि बसोवास गरे पनि उनीहरूलाई आदिवासीको रुपमा पहिचान गरेको छैन । त्यसकारण कार्यदलले भरपर्दो रुपमा क्षेत्रीहरू यहाँका आदिवासी हुन् भनी प्रमाणित गर्नेछ ।" बाहुन र क्षेत्रीहरूको संगठनले आदिवासीको रुपमा मान्यता दिन गरेको माग र आत्मनिर्णयको अधिकार, स्वायत्त र स्वशासनलाई गरेको इन्कारी उनीहरूको शदीयौंको वर्चश्वलाई निरन्तरता दिने कलुसित प्रयास थियो । त्यसैले निकट भविष्यमा बाहुन, क्षेत्री तथा आदिवासीबीच हिंसात्मक र/वा सशस्त्र द्वन्द्व हुनसक्ने देखिन्छ ।

## डीफीड आदिवासीको विरुद्धमा

सरकारले मान्यता दिएका ५९ वटा आदिवासीहरूको छाता संगठन नेपाल आदिवासी जनजाति महासंघ (नेफिन)ले २७ अप्रीलमा देशव्यापी आम हड्ताल आव्हान गर्‍यो । त्यसको अघिल्लो हप्ता, देशव्यापी आम हड्ताल र बन्दलाई निरन्तता दिएको कारण देखाएर बेलायतको अन्तर्राष्ट्रिय विकासका लागि विभाग (डीफीड), नेपालले नेफिनको आदिवासी जनजाति सशक्तिकरण परियोजना-दोस्रो (जेप दोस्रो)लाई दिँदै आएको वित्तीय सहयोगलाई अब निरन्तरता नदिने घोषणा सार्वजनिक गर्‍यो । नेफिनले देशव्यापी बन्द आदिवासी र सीमान्तकृतहरूको अधिकार तथा संवैधानिक अधिकारको निम्ति विरोध स्वरुप प्रयोग गर्दै आएको छ । डीफीड नेपालले नेफिनको जेप परियोजना-दोस्रोको आर्थिक सहयोग रोक्का गर्ने निर्णयको विरुद्ध नेफिनले कडा प्रत्युत्तर दिँदै डीफीडले पारदर्शिता र सुशासनको नाममा

सहयोगको नाममा 'दोहोरो मापदण्ड' अपनाएको आरोप लगायो र उसलाई 'सार्वभौम देशको आन्तरिक मामिलामा हस्तक्षेप गरेको' आरोप पनि लगायो ।

**बृहत मोर्चाद्वारा स्वतन्त्र अग्रीम जानकारीसहितको मञ्जूरीको संयन्त्रको माग**

नेपाल सरकारले विशेष समाधिक्षकको पत्रको जवाफ दिँदै भनेको थियो कि "संविधानसभाको नियमावलीले संविधानसभाको अध्यक्षले आवश्यकता अनुसार समिति बनाउन सक्दछ" र "संविधानसभामा विद्यमान प्रतिनिधित्वको माध्यमको अतिरिक्त, आदिवासीहरूलाई प्रभावित बनाउने नयाँ संविधानका प्रावधानहरूको प्रस्तावको विषयमा आदिवासीहरूको प्रतिनिधिमूलक संस्थामार्फत उनीहरूसंग परामर्श गरिनेछ" पत्रमा लेखेको तथ्यको बावजूद २०११ को अवधिमा सबै प्रकारको जातीय विभेद् उन्मूलन गर्ने समितिले १३ मार्च, २००९ र १५ सेप्टेम्बर, २०१० मा र आदिवासीहरूको विशेष समाधिक्षकले २० जुलाई, २००९ मा दिएको सिफारिश (हेर्नुहोस् द ईण्डीजेनश वर्ल्ड, २०११) अनुसारको संविधानसभा र नेपाल सरकारले अग्रीम सुसूचीत स्वतन्त्र मञ्जूरीको संयन्त्र स्थापना गरेन ।

१६ जनवरी, २०११ मा आदिवासी बृहत मोर्चाले संविधानसभाको सभाध्यक्षसमक्ष स्वतन्त्र अग्रीम जानकारीसहितको मञ्जूरीको संयन्त्र बनाउन ज्ञापनपत्र प्रस्तुत गऱ्यो । यद्यपि आफूले यस्तो संयन्त्र बनाउने अधिकार नभएको अर्थ लाग्नेगरी उसले सबै राजनीतिक पार्टीहरूलाई यस विषयमा जानकारी गराउने बताए ।

**आदिवासी महिलाहरूले ऐतिहासिक सीडको छायाँ प्रतिवेदन पेश**

राष्ट्रिय आदिवासी महिला महासंघ (नीफ) र नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)ले फरेष्ट पिपल्स प्रोग्राम र ईण्टरनेशनल उमेन्स एक्सन वाच एसिया प्यासिफिकको सहयोगमा नेपालको चौथो र पाँचौ संयुक्त आवधिक प्रतिवेदनको लागि नेपालमा आदिवासी महिलाहरूको अधिकार विषयक छायाँ प्रतिवेदन पेश गऱ्यो । १८ जुलाई, २०११ मा न्यूयोर्कमा निफको संस्थापक सदस्यहरूमध्येका एक र सल्लाहकार यशो कान्ति भट्टचनले सीड कमिटि र गैरसरकारी संस्थाबीचको अनौपचारिक बैठकमा ३ मिनेटको प्रस्तुति दिनुभयो । समितिले सम्पूर्ण सत्रको छलफलको दौरानको निष्कर्षमा छायाँ प्रतिवेदनमा

राखिएको मुख्य मागको सवालमा आरक्षण कोटाको माध्यमबाट आदिवासी महिलाहरूको सम-राजनीतिक सहभागिता, आदिवासी किशोरीहरूको शिक्षामा पहुँचलाई प्रभावकारी रुपमा सम्बोधन गर्ने र थारु समुदायमा भएको बँधुवा मजदुरहरूको विषयलाई प्रभावकारी रुपमा काम गर्नुपर्ने सिफारिश गरेको थियो ।

**रेड**

नेपालमा फोरेष्ट कार्बन ट्रष्ट फण्डको पहिलो पाइलट परियोजना अन्तर्गत ईण्टरनेशनल सेण्टर फर माउण्टेन डेभलपमेण्ट (इसिमोड ) ले १५ जुन, २०११ मा आयोजना गरेको एक उत्सवमा सामुदयिक वन उपभोक्ता समूहहरूको तर्फबाट तीनवटा जिल्लाका दोलखा, गोरखा र चितवन जलाधारका प्रतिनिधिहरूले अमेरिकी डलर ९५,००० प्राप्त गरे ।

यो प्रयास इसिमोड र उसका साझेदार सामुदायिक वन उपभोक्ता समूहको महासंघ (फेकोफोन) र दिगो कृषि र जैवीक स्रोतको एशियाली संजाल (एएन एसएबी)ले लागू गऱ्यो । यी दुवै फेकोफोन र एएनएसएबी गैरआदिवासी संगठनहरू हुन् र यिनीहरूको अधिकांश लाभग्राहीहरू गैरआदिवासीहरू छन् ।

सामुदायिक वन र रेडमा आदिवासीहरूको पूर्ण र प्रभावकारी सहभागिता सुनिश्चित गर्नको निम्ति अझै धेरै पर्खनु पर्ने हुन्छ ।

# सन् २०१३ मा नेपाल

## कृष्ण भट्टचन

**नयाँ संविधान जारी गर्न असफल**

२०१० मा संविधान मस्यौदा गर्नको लागि राज्य पुनर्संरचना र शक्तिको बाँडफाँड सम्बन्धी सुझाव दिने कार्यादेश दिइएको संविधानसभाका विषयगत समितिहरूमध्ये एक समितिले पहिचानलाई प्राथमिक र सामर्थ्यलाई सहायक आधार मानेर १४ वटा प्रदेश, २३ वटा स्वायत्त क्षेत्र र संख्या नतोकी विशेष र संरक्षित क्षेत्र सिफारिश गऱ्यो (हेर्नुहोस् द ईण्डीजेनश वर्ल्ड, २०११)। त्यसपश्चात् नेपाली काँग्रेस र नेकपा एमालेले यसलाई उल्टाउनको लागि प्रयास गरे (हेर्नुहोस् द ईण्डीजेनश वर्ल्ड, २०१२)। तीन प्रमुख राजनीतिक पार्टीहरूले संविधानसभामा विवादित विषय जस्तो नाम र संख्यामा मतदानमा जाने निर्णय गरे। यो मधेशी र आदिवासी संविधानसभा सदस्यहरूलाई नियन्त्रण गर्ने अपेक्षा साथ राजनीतिक पार्टीको पहिचानमा आधारित संघीयताको विरुद्धमा मतदान गर्न व्हीप जारी गरेको थियो।

त्यसको जवाफमा मधेशी र आदिवासी पार्टीहरूले ११ मे मा गठबन्धन निर्माण गरी एकल पहिचानमा आधारित संघीयताको पक्षमा भोट दिने भनेर सार्वजनिक अभिव्यक्ति दिए। दलित ककश, मुस्लिम र कम्युनिष्ट पार्टी (एकीकृत माओवादी) मिलेर संविधानसभामा यो गठबन्धन सबैभन्दा ठूलो बन्यो। यस्तो अवस्था आइपरेपछि मे २७ को मध्यरातमा समयसीमामा संविधानसभा भंग गरियो र यसरी संविधान जारी गर्न असफल भयो। अन्तरिम संविधानमा अर्को निर्वाचन गर्ने प्रावधान नै नभए तापनि प्रधानमन्त्रीले २२ नोभेम्बरमा नयाँ निर्वाचन गर्ने घोषणा गऱ्यो। तत्पश्चात् कानूनी समस्या र राजनीतिक विमतिका कारण संविधानसभाको निर्वाचन अप्रील/मे २०१३ मा सारियो।

**पहिचानमा आधारित संघीयताको लागि आदिवासीहरूबाट दवावमा निरन्तरता**

मे महिनामा संविधान जारी गर्नुपर्ने समयसीमाले प्रमुख राजनीतिक पार्टी र बर्चश्वशाली समूहलाई दवाव दिनको लागि आदिवासी बृहत मोर्चाले बौद्धिक बहससहित बृहत जनप्रदर्शन गर्ने आवश्यकता महशूस गऱ्यो र यस्तो दवाव प्रत्येक आदिवासी संगठन संलग्न भए मात्र सम्भव हुने थियो (द ईण्डीजेनश वर्ल्ड, २०११ र २०१२)। बृहत मोर्चाका नेतृत्व र आदिवासीका संघसंस्थाका नेतृत्वहरूले

लिम्बुवानमा अन्तर्राष्ट्रिय सम्मेलन (१९-२१ जनवरी) शुरु गरी त्यसपश्चात् त्यस्तै कार्यक्रम तमूवानमा (२९ अप्रीलबाट १ मेसम्म), तामसालिङमा (१८ मे र नेवाःमा (१९ मे) शृङ्खलाबद्ध कार्यक्रमहरू आयोजना गरियो । यी कार्यक्रमहरूमा आत्मनिर्णयको अधिकार, स्वायत्तता र स्वशासनको प्रकृति र अडानको विषयमा छलफल भएका थिए । अन्तर्राष्ट्रिय विज्ञहरू, बौद्धिक र अभियन्ताहरू स्वीट्जरलैण्ड, भारत र अमेरिकाबाट आमन्त्रित गरिएका थिए । उनीहरूले आदिवासी नेतृत्वहरूसंग आफ्ना अवधारणा र विचार बारे अन्तरक्रिया गरेका थिए । यी कार्यक्रमहरूका बेला, आत्मनिर्णय, स्वायत्तता र स्वशासनको अधिकारको प्रकृतिका सम्बन्धमा अडान बारे स्वीट्जरलैण्ड, भारत र संयुक्त राज्य अमेरिकाबाट आमन्त्रित अन्तर्राष्ट्रिय विज्ञहरू, प्राज्ञिकहरू र अभियन्ताहरूको बिचारहरूमा नेपालका आदिवासी नेतृत्वसंग अन्तरक्रिया भएको थियो । प्रत्येक कार्यक्रम सडक जुलूसपछि भएको थियो र सडक जुलूसमा भाग लिएका आदिवासीहरूको अनुमानित संख्या लिम्बुवानको धरानमा २०,०००, तमुवानको पोखरामा ६०,००० र थारुवानको धनगढीमा ७०,००० थिए ।

संविधानसभाको अवसान गराइनु ठीक एक हप्ता अगाडि स्वशासन र स्वायत्ततासहितको पहिचानमा आधारित संघीयता नयाँ संविधानमा रहनुपर्ने माग राख्दै आदिवासी संयुक्त संघर्ष समितिले आदिवासी जनजाति महासंघ र अरु आदिवासी संघसंस्थाहरूको गठबन्धनको रुपमा राष्ट्रव्यापी तीन दिने (मे २०-२२) आमहड्ताल आव्हान गरे । लाखौं आदिवासीहरू देशका विभिन्न भागका सडकहरूमा ओर्ले र काठमाडौंमा झनै ठूलो संख्यामा सडकमा उत्रे । जातीय आधारमा संघीयता दिने प्रतिबद्धताका साथ नौबुँदे सम्झौता सरकारसंग भएपश्चात् मात्र आन्दोलन रोकियो ।

**आन्दोलनबाट राजनीतिक पार्टीहरू**

संविधानसभा भंग गरे पछि नेफिन आदिवासी ककश र अरु आदिवासी संघसंस्थाहरूले संयुक्त रुपमा काठमाडौंमा एउटा राजनीतिक सम्मेलन ४ र ५ जुलाईमा आयोजना गरे । सम्मेलनका बेला आदिवासी नेतृत्वले सघन आत्मसमीक्षा गरे र यो निष्कर्ष निकाल्यो कि प्रभुत्वशाली समूहले नेतृत्व गरेको प्रमुख राजनीतिक पार्टीहरूले

कहिल्यै पनि नयाँ संविधानमा पहिचानमा आधारित संघीयता सुनिश्चित गर्ने छैनन् तथा त्यसैले बैकल्पिक राजनीतिक शक्तिको आवश्यकता अपरिहार्य छ। आदिवासी पार्टी गठन गरी ९ अगष्टमा घोषणा गर्ने भनी एउटा कार्यदल स्थापना गरे। त्यस महत्वपूर्ण दिनमा राष्ट्रिय राजनीतिमा तरंग ल्याउँदै सामाजिक लोकतान्त्रिक बहुराष्ट्रिय पार्टीको घोषणापत्र घोषणा गऱ्यो। आदिवासीहरू संलग्न कम्युनिष्ट पार्टी एमाले र कांग्रेसवाट ठूलो संख्यामा आ-आफ्ना पार्टी त्याग्न शुरु गरे। वाम देखि दक्षिणपन्थी खेमासम्मका विभिन्न राजनीतिक दलहरूसंग पहिले आबद्ध  आदिवासी नेताहरूबीच साझा अवधारणा बनाउन प्रयास गऱ्यो। सबै नेताहरू आत्मनिर्णयको अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलगायतका आदिवासीहरूको सवालमा सबै सहमत भए तर बैचारिक आधारमा भने ध्रुबीकृत भए। वामपन्थी खेमामा रुझान भएकाहरूले मार्क्सवादलाई निर्देशक सिद्धान्त माने। तर बहुल राष्ट्रियवाद र आदिवासीवादलाई विवादित माने, जब कि अरुहरूले, जो आदिवासी आन्दोलनबाट आएका थिए, सामाजिक लोकतन्त्र, बहुल राष्ट्रवाद र आदिवासीवादलाई माने। तर मार्क्सवादलाई निर्देशक सिद्धान्तको विरुद्धमा रहे। दुवै खेमालाई मिलाउने कुरा असफल भयो र वामपन्थी खेमामा रुझान भएकाहरूले २२ नोभेम्बरमा संघीय समाजवादी पार्टी (ससपा)को घोषणा गरे र पछि अध्यक्ष मण्डलले नेतृत्व गरेको सामाजिक लोकतान्त्रिक पार्टी (सालोपा) ३० डिसेम्बरमा गठन भयो। आदिवासीहरूको सवाल खासगरी स्वायत्तता र स्वशासनलाई अर्थपूर्ण रुपमा अगाडि बढाउन फरक राजनीतिक पार्टीहरूलाई गाभ्ने वा गबन्धन बनाउने कार्यभार आवश्यक भएकोले कतिपय आदिवासी बौद्धिक र आन्दोलनका नेतृत्वहरू यीमध्ये कुनै पनि पार्टीमा लागेनन्।

**आदिवासीहरूको मागको विरुद्धमा वर्चश्वशाली समूहहरूको कपट**

आदिवासीको मागलाई चुनौति दिन बाहुन र क्षेत्री (वर्चश्वशाली समूह)का विभिन्न राजनीतिक पार्टीहरू, जसमा कम्युनिष्ट पार्टी माओवादी, नेपाली कांग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टीले विशेष गरी आदिवासी थारुहरू र समग्रमा आदिवासीहरू तथा मधेशीहरूको स्वायत्तता र स्वशासनको मागलाई इन्कार गर्दै अखण्ड सुदुरपश्चिमको माग राखी अप्रील २७ देखि अनिश्चितकालीन हड्ताल शुरुवात गरे। यस आन्दोलनलाई

पूर्ण समर्थन जनाउन सुरक्षा निकायका मान्छेहरू तथा सरकारी कर्मचारी समेतले पनि आफ्ना अफिसको समयपछि सडक जुलूसमा भाग लिने गरेका थिए । ७० हजार थारुहरू र अरु आदिवासीहरू धनगढीमा ११ मे मा 'संयुक्त थारु संघर्ष समिति'को ब्यानरमा भेला भए । प्रहरीले भीड तितर-वितर गर्न अश्रुग्यास प्रहार गऱ्यो । आदिवासीहरू बसेको होटलमा प्रदर्शनकारी (अखण्ड पक्षधर)हरूले ढुंगामुढा गरे । यस बन्दलाई थुप्रै राजनीतिक पार्टीका नेताहरूले थुप्रै 'नेपाली जनता' पहिचानसहितको संघीयताको पक्षमा छैनन् भन्ने प्रमाणित गर्न प्रयोग गरे ।

**नश्लवादले कुरुप टाउको उठाइँ**

८ मे मा राष्ट्रिय एकता र जातीय सद्भाव समाज, जसमा वर्चश्वशाली समूह संलग्न थिए । उनीहरूले नवलपरासी जिल्लाको डण्डाबजारमा रहेको थारु संग्राहलयमा आगजनी र संयुक्त थारु संघर्ष समितिका कार्यकर्ताहरूको मोटरसाईकल तोडफोड गरे । ९ मे मा थारु संग्राहालयमा भएको आगजनीको विरोधमा संयुक्त थारु संघर्ष समितिले आव्हान गरेको बन्दको बेला कावासोती र डण्डामा प्रहरी र प्रदर्शनकारीहरूबीच झड्प भयो । प्रहरीले १२ राउण्ड गोली र २० राउण्ड अश्रुग्यास प्रहार गरेपछि दुवै पक्षमा न्यूनतममा पनि १७ जना मानिसहरू घाइते भए । धनबहादुर थनेत थारु, जसलाई नवलपरासीको डण्डामा प्रहरीको गोली लागेको थियो । उनको ५ जुनमा मृत्यु भयो । नेफिनको आन्दोलनबाट झुकेर सरकारले थनेतलाई शहीद घोषणा गऱ्यो । थारु र आदिवासी नेतृत्वले प्रतिहिंसा गर्न हुन्न भनी रोकेकोले यो दुर्भाग्यपूर्ण घट्नाले साम्प्रदायिक दंगाको रुपमा बिष्फोट नभए पनि यसले भविष्यमा कुनै पनि समयमा साम्प्रदायिक दंगा भड्किन सक्ने इङ्गित गर्दछ ।

**बनावटी जनगणना**

२६ नोभेम्बरमा, २०११ को जनगणनालाई सार्वजनिक गरियो । नेफिनले आदिवासी जनजातिको जनसंख्यालाई २००१ मा ३७.२१ प्रतिशतबाट २०११ मा ३५.८१ प्रतिशतमा घटेको देखाएकोले इन्कार गऱ्यो । सन् २०११ मा जातजातिको संख्या १०० बाट १२५ मा बढ्यो तर ५९ आदिवासीको सूचीबाट १२ वटा संख्या हटाइयो ।

जस्तो- थुदाम, सुरेल, बनकरीया, बाह्रगाउँले, मार्फाली थकाली, मुगाल, ताङबे, तीनगाउँले थकाली, र दुईवटा लोपोन्मुख समूह छैरोतन र फ्रि जब कि थपिएकामा आठपहरिया, बाहिङ, बान्तावा, चामलिङ, खालिङ, कुलुङ, लोहोरुङ, मेवाहाङ, नाछिरिङ, साम्पाङ, थुलुङ र याम्फु छ, जो पहिला राई आदिवासी अन्तर्गत थिए, तथा घले छ, जो पहिले गुरुङ अन्तर्गत थिए । जनगणनाको विरुद्धको नेफिनले २ डिसेम्बरमा केन्द्रिय तथ्याङ्क विभागको अगाडि जनगणनाको प्रतिवेदन जलायो ।

### दातृ निकाय विरुद्ध आरोप

यद्यपि दोस्रो आदिवासी दशकको कार्यान्वयनको उद्देश्य अनुरुप अन्तर्राष्ट्रिय दातृ निकायले आदिवासीहरूसंग साझेदारी खोज्न आवश्यक भए तापनि आदिवासी लगानी अत्यन्त नगन्य मात्राको थियो । दातृ निकायका अधिकांश बजेट यात सरकारमा वा नागरिक समाजमा जान्छ । यी दुवै बर्चश्वशाली समुदायको कब्जामा छ । वर्चश्वशाली समूहले प्रायजसो गलत तरिकाले युएन, नर्वे, युके र पश्चिमा दातृनिकायहरूले नेपालमा जात-जातिको राजनीतिमा बजेट दिइरहेको आरोप लगाउने गरेका छन् । २५ मे मा हिन्दू वर्चश्वशाली समूहको एक प्रतिनिधिमण्डलले युएनडीपी, स्वीट्जरलैण्ड र अन्तर्राष्ट्रिय विकास विभाग (डीफीड)को प्रतिनिधित्व भएको कूटनीतिक समूहलाई गुनासो गरी उनीहरूले नेपालको केही समूहलाई दिने गरेको सहयोग उनीहरू (वर्चश्ववाली समूह)को विरुद्धमा प्रयोग भएको आरोप लगाए । यूकेका अन्तर्राष्ट्रिय विकास राज्यमन्त्री एलेन डङ्कनले यो प्रतिक्रिया 'पूर्वाग्राही' भएको र डीफीडको नेपालस्थित कार्यालयले नेपाललाई 'समावेशीको सम्बन्धमा आफूले गरेको प्रतिबद्धता' कार्यान्वयन गर्नका लागि सहयोग पुऱ्याइरहेको भनी जवाफ दिए । डीफीडले जारी जातीय संघीयताको अभियानलाई सहयोग गरेको भन्ने कुराको प्रष्टसंग इन्कार गरे । तर उनले "यो सन्देश प्रष्ट रुपमा दिए कि अभियानमा आएको फरक आवाजलाई सुन्नु पर्दछ" तथा "कुनै पनि देशमा दोस्रो दर्जाको नागरिक हुनु गलत तथा अस्वीकार्य हुने र मलाई कुनै शंका छैन कि नेपाल पूर्ण रुपमा समावेशी समाज भएमा मात्र दिगो शान्ति प्राप्त हुनेछ ।"

**सीडको छायाँ प्रतिवेदनको फलोअप**

महिला विरुद्ध हुने सबै प्रकारको विभेद् हेर्ने समिति (सीड)को निष्कर्ष सुझाव सिफारिशको कार्यान्वयनको अवस्था के रहेको छ भन्ने बारे (हेर्नुहोस् द ईण्डीजेनश वर्ल्ड, २०१२) राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (नीफ)ले २७ नोभेम्बरमा सरकारी अधिकारीहरू र आदिवासी महिला नेतृहरूको बीच अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । सरकारी अधिकारीहरूले यस विषयमा केही नगरेको स्वीकार गरे । तर आगामी दिनमा आदिवासी महिला सम्बन्धित सिफारिशलाई कार्यान्वयन गर्ने वाचा गरे ।

**वनको विनाश र क्षयीकरणबाट उत्पन्न कार्बन उत्सर्जन घटाउने (रेड)**

नेपालले तयारी योजना (आर.पी.पी.)लाई सन् २०१० देखि लागू गरी आएको छ र सन् २०१३ मा पूर्ण हुनेछ । आरपीपीकै अनुरुप वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत जलवायु परिवर्तन र रेड फरेष्ट्री सेलले राष्ट्रिय रेडप्लस रणनीतिकको खाकाको मस्यौदा तर्जूमा गऱ्यो । सेप्टेम्बरमा जलवायु परिवर्तन र रेड फरेष्ट्री सेलले परिमार्जित रेडप्लस सामाजिक र वातावरणीय सुरक्षण (एसईएस) सूचकाङ्कहरू प्रस्तुत गऱ्यो र यस सम्बन्धमा ३० दिनभित्र सुझावहरू दिनका लागि सूचना जारी गर्नुका साथै सूचकाङ्कका सम्बन्धमा राष्ट्रिय तहमा बहु-सरोकारवालाहरूको कार्यशाला गर्ने घोषणा पनि गऱ्यो । आदिवासीहरूको मस्यौदा सूचकका सम्बन्धमा पहिला दिइएको सुझावलाई समावेश गर्न र त्यसमा अन्य विषय, अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ र युएनड्रीपलाई उपयुक्त सन्दर्भ बनायो तथा वनको दिगो व्यवथापनका लागि आदिवासीहरूको परम्परागत ज्ञान, शीप, वनजंगलको दिगो प्रयोगको प्रथाजनित अभ्यासलाई सम्मान गरी नेफिनले परिमार्जित सूचकलाई हेर्ने कार्यादेशसहित कार्यदल स्थापना गऱ्यो । अक्टोबरमा नेफिनले सूचकाङ्क कार्यशालाहरूमा नीफसहितले भाग लियो र महिना दिनभित्र नै आफ्नो अन्तिम सुझाव दियो ।

# सन् २०14 मा नेपाल

## कृष्ण भट्टचन

**आदिवासीहरूको प्रतिनिधित्वको बारेमा सर्वोच्च अदालतको निर्देशनात्मक आदेश**

नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) र राष्ट्रिय आदिवासी महिला महासंघ (नीफ) लगायतका २० वटा आदिवासी संस्थाहरूले संविधानसभामा आदिवासीहरूको प्रत्यक्ष प्रतिनिधित्वको निम्ति कानून संशोधनका विषय लिई सर्वोच्च अदालतमा सन् २००९ मा रीट दायर गरे । अदालतले पेशी सार्दै गरे पनि अन्ततः १९ नोभेम्बर, २०१३ मा निर्धारित दोस्रो संविधान सभाको निर्वाचनसंग सम्बन्धित भएको महशूस गरी २१ अप्रील, २०१३ मा अदालतले निर्देशनात्मक आदेश जारी गर्दै नेपालले अनुमोदन गरेका नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र, सबै किसिमको जातीय भेद्भाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि, अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९, यु.एन.ड्रीप. र आफ्नो प्रथाजनित कानून अनुसार संविधान-निर्माण प्रक्रियामा आदिवासीहरूको प्रत्यक्ष प्रतिनिधित्वको प्रत्याभूत गर्ने अन्य अन्तर्राष्ट्रिय कानून अनुरुप संविधानसभा सदस्य निर्वाचन नियमावली, २०६४, संविधानसभा सदस्य निर्वाचन नियमावली, २०६५ लाई संशोधन गर्ने आदेश जारी गऱ्यो । अदालतले सरकारको सम्बन्धित निकाय कानून तथा न्याय मन्त्रालयलाई यो निर्णय मन्त्रालयले लागू गर्नपर्ने जानकारी गरायो ।

२०१३ मा आदिवासीहरूको अधिकार सम्बन्धी विशेष समाधिक्षकले पनि नयाँ संविधान विकासको प्रक्रियामा आदिवासीको आफ्नै प्रतिनिधिमूलक संस्थाको माध्यमबाट प्रभावकारी सहभागिता सुनिश्चित गर्नको लागि विशेष संयन्त्र बनाउने वारे आफ्ना पहिलाको सिफारिशलाई दोहोऱ्याउँदै संविधान-निर्माण प्रक्रियामा आदिवासीहरूको सहभागिताको सवाललाई उठायो ।

सेप्टेम्बरमा नेपाल आदिवासी जनजाति महासंघ (नेफिन) र अन्य आदिवासी संघसंस्थाहरूले निर्वाचन आयोगमा कानूनहरू नोभेम्बरको संविधानसभाको निर्वाचन अगावै सर्वोच्च अदालतको निर्देशनात्मक आदेश अनुसार संशोधन गर्नुपर्ने माग राखी ज्ञापनपत्र बुझाएको थियो । निर्वाचन सम्पन्न गर्नको निम्ति सरकार बनाइएको थियो । तापनि सर्वोच्च अदालतको निर्देशनात्मक आदेशलाई बेवास्ता गरी कानून

नै संशोधन नगरी संविधानसभाको निर्वाचन गऱ्यो । अदालतले निर्देशनात्मक आदेशको माध्यम स्वीकार गरेको प्रथाजनित अभ्यास र राज्यको दायित्व अनुरुप आफ्ना प्रत्यक्ष प्रतिनिधित्व नभएका कारण संविधानसभाले तयार गर्ने नयाँ संविधानमा सहमत हुन वा स्वामित्व लिन नपर्ने भन्ने वारे आदिवासी संस्था, विज्ञ र अभियन्ताहरूले प्रष्ट पारेका छन् ।

आदिवासीहरूको संविधान निर्माण प्रक्रियामा आदिवासीहरूको सहभागिता सुनिश्चित गर्न सम्भ्रान्तहरू आफूले मात्र नियन्त्रणमा राखेको राजनीतिक पार्टीमा मात्र पूरै निर्भर रहनुको विभेद्कारी असरलाई नेपालको अन्तरिम संविधानले नश्ल, जातीयता, धर्म वा सम्प्रदायको आधारमा सामाजिक सद्भाव खल्बलिने कार्य निषेध गर्नका लागि भएको प्रावधान अनुसार आदिवासीहरूलाई मात्र प्रतिनिधित्व गर्ने दावी गर्ने राजनीतिक पार्टीलाई दर्ता गर्न इन्कार गरेको कारण झनै जटील बनेको छ ।

**दोस्रो संविधानसभामा 'एकल पहिचान-विरुद्ध' भएका राजनीतीक दलहरूको दुई तिहाई बहुमत**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी), जो वैद्य ग्रुप भनी चर्चित छ, ले नेतृत्व गरेको १७ पार्टीहरूको गठबन्धनले आव्हान गरेको १०-दिने राष्ट्रव्यापी यातायात बन्दको घोषणाको बावजूद १९ नोभेम्बरमा संविधानसभाको निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भयो । यस समूहले राजनीतिक दलहरूले अपनाएको संविधानासभाको निर्वाचन प्रक्रियालाई विरोध गरेको थियो र आधारभूत सवालहरू, जसमा राज्यको समावेशी पुनर्संरचना र बाह्य हस्तक्षेपविना निर्णय-गर्नेमा सर्वसम्मति कायम गर्न राजनीतिक पार्टी र सामाजिक आन्दोलनहरूबीच गोलमेच सम्मेलन गरियोस् भन्ने उनीहरूको माग थियो ।

पहिलो हुने निर्वाचित हुने पद्धतिबाट दोस्रो संविधानसभाका २४० वटा सीटमा र २७ वटा राजनीतिक पार्टीहरूले ३३५ वटा समानुपातिक निर्वाचन पद्धतिको सीटमा जिते । पहिलो हुने निर्वाचित हुने पद्धतिबाट १०५ र समानुपातिकबाट ९४ गरी जम्मा १९६ सदस्यसहित नेपाली कांग्रेस ठूलो पार्टी बन्यो । नेपाल कम्युनिष्ट

पार्टी एमालेले १७५ र नेपाल कम्युनिष्ट पार्टी माओवादीले ८० सीट र राष्ट्रिय प्रजातन्त्र पार्टीले २४ सीट जित्यो । पहिलो हुने निर्वाचित हुने प्रणालीमा आदिवासीहरूको एजेण्डा बोक्ने राजनीतिक पार्टीले कुनै पनि सीट जितेनन् भने समानुपातिकको ३३५ वटा सीटमा १२ वटा जित्यो ।

मुख्य राजनीतिक पार्टीहरू, जस्तो- नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र कम्युनिष्ट पार्टी (माओवादी)बाट पहिलो हुने निर्वाचित हुनेमा २४० वटा सीटमा ६८ आदिवासी व्यक्तिहरू (५ महिला, ६३ पुरुष) जसमा ५९ आदिवासीमध्ये ११ आदिवासी जनजातिहरू नेवार, लिम्बू, मगर, थारु, तामाङ, गुरुङ, राई, सुनुवार, छन्त्याल, शेर्पा र थकाली समुदायबाट जितेका थिए । ३३५ समानुपातिकतर्फ ११५ आदिवासी व्यक्तिहरू (५७ महिला, ५८ पुरुष) ले ९ वटा समुदाय भुजेल, मार्फाली थकाली, राजवंशी, तीनगाउँले थकाली, दराई, बरामु, पहरी, ह्योल्मो र याक्खा समुदायबाट जितेका थिए । केही जातिगत समूह, जस्तो- भण्डारी, खुना, धामी, टुडु, मोदी र निसादहरू आदिवासीको रुपमा गल्तीपूर्ण तरिकाले समावेश गरिएका थिए ।

२४० प्रत्यक्ष र ३३५ समानुपातिकको अलावा २६ वटा क्याविनेटबाट मनोनित हुनुपर्ने थियो । शक्तिशाली नेता र सीमान्तकृत समुदायको महिला र अपांगता भएका व्यक्तिहरू नियुक्ति गर्नुपर्छ भन्ने चर्को दवावका कारण आदिवासी जनजाति प्राथमिकतामा नपर्ने उच्च सम्भावना थियो । २६ सीट सबै आदिवासीलाई दिइए तापनि केही समुदाय छुट्ने नै थियो ।

द ईण्डीजेनश वर्ल्ड, २०१३ मा उल्लेख गरेजस्तै नेपाली आदिवासीहरू एकल पहिचानमा आधारिक संघीयता र सामुहिक अधिकारका लागि लडेका थिए । पहिलो संविधानसभा (२७ मे २००८ देखि २७ मे २०१२) मा कम्तीमा पनि ६०१ मा ४१७ जना संविधानसभा सदस्य एकल पहिचानको आधारमा संघीयताका पक्षमा थिए । तर दोस्रो संविधानसभामा ६०१ मा दुई तिहाई सभासद्हरू यसको विरुद्धमा थिए । उदाहरणको लागि- उनीहरू बहु-पहिचानमा आधारित संघीयताको पक्षमा थिए र एकल पहिचानले एउटै जातिलाई इंगित गर्छ र बहु-पहिचानले भौगोलिक क्षेत्रलाई इंगित गर्दछ ।

यद्यपि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले संविधानसभाको निर्वाचन स्वतन्त्र र स्वच्छपूर्ण ढंगले सम्पन्न भयो भने तापनि कम्युनिष्ट पार्टी (माओवादी) र अरु साना पार्टीहरूले आरोप लगाए कि प्रक्रियाबद्ध, संरचनागत र नीतिगत रुपमा राजनीतिक पार्टीहरूलाई सुरक्षा गर्न नदिई आर्मीलाई मतपेटीका ओसार्न लगाए । मतपत्रहरू जंगलतिर छरपष्ट फेला परे, कतिपय स्थानका मतपेटीकाको लाहाछाप तोडिएको थियो । मतपेटीकाको लाहाछाप तोडिएको भए पनि मतगणना गर्न निर्वाचन आयोगले निर्देशन जारी गर्‍यो र कतिपय स्थानमा मतदान गर्नेको संख्याभन्दा बढी मतपत्रहरू देखा पर्‍यो । शुरुमा नेपाल कम्युनिष्ट पार्टी संयुक्तले स्वतन्त्र आयोगमार्फत यो अभियोगलाई छानवीन गर्ने भने तापनि पछि मुख्य राजनीतिक पार्टीहरू संसदीय समितिले छानवीन गर्नेमा सहमत भए ।

**स्वतन्त्र अग्रीम जानकारीसहितको मञ्जूरीको प्रभावकारी कार्यान्वयनको लागि बढ्दो माग**

आदिवासीहरूको पुर्ख्यौली भूमिमा जब योजना, परियोजना र क्रियाकलाप गरिन्छ, स्वतन्त्र अग्रीम जानकारीसहितको मञ्जूरी र महासन्धि नं. १६९ र यु.एन.ड्रीप.लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न असफल भएको कारण नेपाल सरकार, दातृनिकाय, बहुपक्षीय, दुईपक्षीय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूप्रति आदिवासीहरूको नैराश्यता बढेर गएको छ । आदिवासी तथा गैरआदिवासीहरू र अर्कोतिर सरकार र दातृ निकायबीचको द्वन्द्व बढेर गएको छ ।

उदाहरणको लागि- सिन्धुली जिल्लामा विश्व बैंकको वित्तीय सहयोगमा नेपाल विद्युत प्राधिकरणले 'खिम्ती ढल्केबर २२० के.भी.' उच्च भोल्टको प्रसारण लाईनको काम थाल्यो । आदिवासीहरूको पुर्ख्यौली थलोमा बस्ने आदिवासी खासगरी तामाङ र गैरआदिवासीहरूलाई यसले असर गर्‍यो । १८ फेब्रुअरी, २०१३ मा परियोजनाको बारेमा सरोकारको पत्र विश्व बैंकको प्रेसिडेन्टलाई समुदायले पठायो । यसको परिणाम विश्व बैंकको व्यवस्थापन र समुदायको नेतृत्वको बीच १३ मार्च र १० जुलाईमा विश्व बैंकको इन्सपेक्शन प्यानललाई अनुरोध गर्‍यो । केही कमजोरी सूचना दिने र परामर्शमा रहेको यसको अहिले विश्लेषण भइरहेको भनी व्यवस्थापनले ११ सेप्टेम्बरमा रिस्पोन्स गर्‍यो र नेपाल विद्युत प्राधिकरण र विश्व बैंकले योजना

बनायो । त्यसपछि विश्व बैंकको इन्सपेक्शन प्यानलले त्यस क्षेत्रमा ३० अप्रील, २०१४ मा भ्रमण गरी अनुसन्धान गर्न सिफारिश गर्‍यो । काठमाडौंको पुरानो शहर कीर्तिपुरमा नगरपालिकाले स्वतन्त्र अग्रीम जानकारीसहितको मञ्जूरी नलिई एसियाली विकास बैंकको सहयोगमा सडक विस्तार गर्ने परियोजना लागू गरेको विरुद्ध स्थानीय जनताले आन्दोलन गरे । त्यस्तै आदिवासी मगरहरूलाई स्वतन्त्र अग्रीम जानकारीसहितको मञ्जूरी नलिई ढोरपाटन शिकार आरक्षको मध्यवर्तीक्षेत्र विस्तार गरेकोले द्वन्द्व चर्केर गयो । शेर्पाहरूको पुर्ख्यौली भूमिमा अवस्थित बरुण राष्ट्रिय निकुञ्ज बनाउन सेना परिचालन गरेको हुनाले त्यहाँ पनि द्वन्द्व बढेर गयो । अझ धेरै सशस्त्र प्रहरी र राष्ट्रिय खेलकूद परिषद्ले आदिवासीहरूको चिहान मासेर रंगशाला बनाइरहेको छ । यस विषयमा पक्षहरूको बीचमा वार्ता चलिरहेको छ ।

# सन् २०१५ मा नेपाल

## कृष्ण भट्टचन

**संविधानसभा 'प्रक्रिया' विरुद्ध 'सहमति' मा ध्रुवीकृत**

सन् २०१४ को वर्षभरी दोस्रो संविधानसभाको ६०१ जना सदस्यहरू सत्तापक्ष र प्रतिपक्षमा ध्रुवीकृत भई 'प्रक्रियाको बाटो' वा 'सहमतिको बाटो' कुन रोज्ने भनेर तर्क गरे । पहिलोले संविधान जारी गर्ने समयसीमा २२ जनवरी, २०१५ भित्र संविधान पारित गर्ने र बाँकी रहेका विवादलाई पछि मतदान (बहुमतीय नियम)लाई प्राथमिकता दिन्छन् भने पछिल्लोले यो बाटो चालू शान्ति प्रक्रिया र अन्तरिम संविधानको मर्मलाई आत्मसात गर्न पर्ने पूर्व-आवश्यकता भएकोले बृहत राजनीतिक सहमति खोजी गर्नु पर्दछ । सत्तारुढ राजनीतिक पार्टी खासगरी नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)को संयुक्त नेतृत्वले सत्तारुढ खेमाको नेतृत्व गरेका छन् तथा उनीहरूलाई अन्य पार्टीहरूको समर्थनमा ६०१ जना संविधानसभाका सदस्यहरूमध्ये दुई तिहाई बहुमत छ । प्रतिपक्ष खेमामा १९ राजनीतिक दलहरू छन्, जसको नेतृत्व नेपाल कम्युनिष्ट पार्टी माओवादीले गरेको छ, जसलाई मधेशवादी र आदिवासी पार्टीहरूको समर्थन छ । उनीहरूले विवादको समाधान संविधानसभामा मतदानमार्फत गर्ने 'प्रक्रिया'को विरोध गर्दछन् । यसको मुख्य कारण यो हो कि पहिलो संविधानसभामा माओवादी र मधेशी राजनीतिक पार्टीहरूको दुई तिहाई बहुमत थियो । तर 'प्रक्रियाको बाटो' (मतदान गरी बहुमतले जित्ने) नअपनाएर 'सहमतीय बाटो' अपनाइएको थियो । दोस्रो संविधानसभामा नेपाली कांग्रेस र नेकपा एमाले 'प्रक्रियाको बाटो' (मतदान) बाट जान चाहन्छन् । किनभने उनीहरूको विश्वास छ कि उनीहरूको दुई तिहाईको सहज बहुमत भएकोले उनीहरूले चाहे बमोजिम संविधान पारित गर्न सक्दछन् ।

चालू संविधानसभाको एउटा मुख्य काम संघीयता, राज्य पुनर्संरचना, निर्वाचन पद्धति र न्यायपालिकालगायतका बाँकी रहेका विवादित सवालहरूलाई औपचारिक तथा अनौपचारिक प्रक्रियाहरूबाट समाधान गर्न प्रयत्न गर्ने हो । यो कामको जिम्मा संविधानसभाको राजनीतिक सम्बाद र सहमति समितिको हो । पहिलो संविधानसभाले गरेका कामहरूमध्ये ९० प्रतिशत कामको स्वामित्व दोस्रो संविधानसभाले लिएको भए तापनि सत्तारुढ पार्टीहरूले पहिलो संविधानसभाले सुझाव दिएको १४ वटा पहिचानमा आधारित प्रदेशहरू (हेर्नुहोस् द ईण्डीजेनश

वर्ल्ड, २०११) तथा पहिले संविधानसभाको राज्य पुनर्संरचना आयोगले सिफारिश गरेको १० वटा पहिचानमा आधारित प्रदेशहरूको विरोध गरेका थिए। यसको सट्टा उनीहरूले तराईको समथर मैदानलाई पहाडसंग नछुट्टिने गरी भूगोलको आधारमा ५ देखि ७ वटा प्रदेशहरूको प्रस्ताव राखे। उनीहरूले आदिवासीहरूले समानुपातिक निर्वाचन पद्धति सीमान्तकृत समूहहरूको उचित प्रतिनिधित्व सुनिश्चित गर्न आवश्यक छ भन्ने तर्कलाई पनि अस्वीकार गरेको थिए। उनीहरूले अन्तरिम संविधानको धारा १३८ को 'धर्मनिरपेक्षता'को सट्टा 'धार्मिक स्वतन्त्रता' लगायतका खास-खास प्रावधानहरू तथा आदिवासी, मधेशी, मुस्लिम, र दलित आन्दोलनसंग विगतमा भएका सहमतिहरूलाई भत्काउन चाहन्थे।

यो वर्ष उत्कर्षमा पुगेको ध्रुवीकरणले दुईवटा मुख्य सम्भावना भएको संकेत दियो। एउटा संविधानसभाको अवधि सिद्धान्ततः अझै तीनवर्ष बाँकी रहेकोले यथास्थितिको निरन्तरता र अर्को राजनीतिक पार्टीहरूले सेनालगायतको बल प्रयोग गरी आदिवासी, मधेशी, दलित, मुस्लिम र अन्य अल्पसंख्यकको अधिकारहरू इन्कार गरेको नयाँ संविधान ल्याउने।

**आदिवासीको प्रतिनिधित्वका सम्बन्धमा सर्वोच्च अदालतको आदेश**

२८ अप्रील, २०१४ मा सर्वोच्च अदालतले सरकारले मनोनयन गर्न बाँकी रहेको २६ जना संविधानसभा सदस्यका सम्बन्धमा संविधान निर्माण प्रक्रियामा आदिवासीहरूको प्रत्यक्ष सहभागिता प्रत्याभूत गर्ने सम्बन्धी २०१३ को आदेश अनुसार गर्न आदेश दियो।

अदालतले बोल्यो कि मनोनयनमा पहिलो हुने निर्वाचित हुने तथा समानुपातिक प्रतिनिधि निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेको र राजनीतिक पार्टीहरूमा आवद्ध नभएका विशिष्ट व्यक्तित्वहरू हुनु पर्दछ। सरकार र राजनीतिक पार्टीहरूले आफ्नो पार्टीको सम्बन्धित सदस्यहरू वा ती राजनीतिक पार्टीका नेताका नातेदारहरूलाई मनोनयन गरी उक्त आदेशलाई पूर्ण बेवास्ता गरे। नेकपा एमाले भने नेपाल आदिवासी जनजाति महासंघ (नेफिन)को महासचिवलाई मनोनयन

गरेकोले नेफिन र अन्य आदिवासीका संघसंस्थाहरूले अदालतको मानहानीको मुद्दा दायर गर्न गाह्रो भयो ।

**पहिचानमा आधारित संघीयता प्रवर्द्धन गर्न गठबन्धन**

"पहिचानसहितको संघीयता, संघीयतासहतिको संविधानको सुनिश्चितता"को नारासहित विरोधीसंग प्रतिरोध गर्न एकीकृत नेकपा माओवादीको नेतृत्वमा संविधानसभामा प्रतिनिधित्व भएका मधेशी र आदिवासीका राजनीतिक पार्टीहरूको २२ वटा राजनीतिक पार्टीहरू मिलेर सेप्टेम्बरमा एउटा गठबन्धन बनाए । उनीहरूले संविधानसभाभित्र गरिरहेको आफ्नो प्रयासलाई समर्थन गर्न जनताहरूलाई सडकमा उत्रन आव्हान गरे । पहिचानमा आधारित गठबन्धन निर्माणको अभियानको एउटा पाटोको रुपमा आदिवासीहरूले धेरै राजनीतिक पार्टीहरू बनाए ।

संख्यात्मक रुपमा केही ठूलो आदिवासी समुदायका नेताहरू मिलेर नेफिनको पूर्व-सल्लाहकार पद्मरत्न तुलाधरको नेतृत्वमा एउटा नयाँ आदिवासी राष्ट्रिय संघर्ष समिति बनाए । यसलाई पछि नेफिनले नै समानान्तर पहल गरी चुनौति दियो । मुलुकको आदिवासीहरूको आन्दोलनले चाहेको एकता र शक्ति राजनीतिक पार्टीहरूसंगको आबद्धता र अन्य राजनीतिक चाहनाहरूको कारणले दिएको चुनौतिलाई निरन्तरता दियो तथा आन्दोलन टुक्रिएको देखियो ।

**संविधानसभामा आदिवासीको ककश(हरू) निर्माण**

संविधानसभा नियमावलीले औपचारिक रुपमा ककशको निर्माण गर्न दिँदैन, तापनि संविधानसभामा भएका नेपाली कांग्रेस, नेकपा एमाले र एकीकृत नेकपा माओवादीलगायतका विभिन्न मूलप्रवाहका राजनीतिक पार्टीहरूमा भएका आदिवासीहरू समेटेर एउटा ककश बनाउने प्रयत्नले निरन्तरता पायो । आदिवासी आन्दोलनभित्रबाट बनेको राजनीतिक दलबाट प्रतिनिधित्व गर्ने संविधानसभाका सदस्यहरूले पहिले नै साझा मुद्दाका लागि संयुक्त मञ्च गठबन्धन बनाएका थिए । यसको ककशमा १० वटा राजनीतिक पार्टीहरू आबद्ध छन् । त्यसैगरी संविधानसभाका ४१ जना थारु सभासद्हरूले नयाँ संविधानमा थारुको अधिकार

तथा थारुवान/थरुहट प्रदेशको प्रवर्द्धनको सुनिश्चितता गर्न थारु ककश बनाए । यसैलाई पछ्याएर मगर र राई सभासदले पनि आ-आफ्नो ककशहरू बनाए । जब नेपाली कांग्रेस र नेकपा एमालेले राजनीतिक सम्बाद र सहमति समितिमा (यदि संविधानसभामा प्रस्तावमा मतदान भएको खण्डमा आफ्नो दुई तिहाई बहुमत आउनेमा विश्वस्त हुँदै) भूगोलको आधारमा ७ प्रदेशको सुझाव पेश गऱ्यो । थारु ककशले सार्वजनिक रुपमै उक्त प्रस्तावप्रति असहमति जनायो । यसले गर्दा, अन्तमा संविधानसभामा मतदान भएको खण्डमा अधिकांश आदिवासी सभासद्हरूले आफ्नो आदिवासीको अधिकार संरक्षण गर्नको लागि अन्ततः उनीहरूको ह्वीपलाई नाघेर जान सक्नेछन् भनेर यसलाई अघि बढाउने आँट नेपाली कांग्रेस र नेकपा एमालेको खस्केर गयो ।

**लिम्बुवान दलहरूको एकीकरण**

तुतुतुम्याङ- (बौद्धिक र पाका नेताहरू)को महिनौंको प्रयासपछि पाँचवटा लिम्बुवानी राजनीतिक दलहरूको एकीकरण २०१४ मा सम्पन्न भयो । पाँच पार्टीहरूको एकीकरण (एउटै लिम्बुवान पार्टी नेपालमा रहना)ले नयाँ संविधानमा लिम्बुवान स्वायत्तता सुरक्षित गर्न बलियो आन्दोलन उठाउन सकिनेछ भनेर नेता, कार्यकर्ता, समर्थक, भलो चाहने र आदिवासी आन्दोलनको अभियन्ताहरूलाई नयाँ आशा जगायो साथै अन्य आदिवासी आन्दोलन र राजनीतिक पार्टीहरूलाई यो ऐतिहासिक घडीमा एकताबद्ध भएर शक्ति आर्जन गर्न सकिने छ भनेर आशा पलायो ।

**स्वतन्त्र अग्रीम जानकारीसहितको मञ्जूरी (एफ्पीक)को प्रभावकारी कार्यान्वयनका लागि बढ्दो माग**

सन् २०१४ को वर्षभरी आदिवासीहरूको थातथलोको भूमि तथा स्रोतहरूमा आदिवासी अधिकारको उल्लंघनहरू भइरहे । माथिल्लो मर्स्याङदी एउटा उदाहरण हो, जहाँ जलविद्युत परियोजनाले कम्तीमा पनि पाँचवटा गुरुङ र तामाङ गाउँहरू प्रभावित हुनेछन् । स्थानीय गाउँलेहरूका अनुसार उनीहरूको समुदायसंग कुनैपनि अर्थपूर्ण परामर्श गरिएको छैन र वातावरणीय प्रभाव मूल्याङ्कन पनि गलत छ । परियोजना जुलाई, २०१५ मा समाप्त गर्ने योजना छ । तर आदिवासी र परियोजनाका

कामदारहरूले काम गर्ने राम्रो वातावरणको माग राखेर संयुक्त प्रतिरोध गरेपछि परियोजनाको काम थप्प भयो । यो प्रतिरोधको परिणाम परियोजनाको व्यवस्थापनले परियोजनाको कामदार प्रतिनिधिहरूसंग ३ मार्च, २०१४ मा उनीहरूको मागका सम्बन्धमा वार्ता गरी परियोजनाका कामदारहरू र आदिवासीबीच विभाजन ल्याउने र आदिवासीलाई एकल्याउने काम भयो । स्थानीय मानव अधिकार रक्षकहरूले पछि परियोजनाको कर्मचारीहरूसंग एफ्पीक प्रक्रियाका सम्बन्धमा सम्वादको पहल गरे तथा २०१५ को शुरुमै एउटा बैठक बस्न सहमत भए ।

नेफिन आफैं र यसको जिल्ला समन्वय समितिले कार्यान्वयन गर्ने एफ्पीकको निर्देशिकालाई अन्तिम रुप दिएर पारित गरे । निर्देशिकाको मस्यौदा बनाउनुको कारण यो थियो कि अधिकांश स्थानीय तहमा आदिवासी संघसंस्था र उनीहरूको नेतृत्वलाई आदिवासी र परियोजना वा कार्यक्रमका कर्मचारीहरूसंग यस्तो परियोजना वा कार्यक्रमबाट आदिवासीको भूमि तथा स्रोतहरूमा पर्ने प्रभावको बारेमा उचित सम्वाद गर्ने प्रक्रियाको बारेमा जानकारी छैन ।

**आदिवासीको विश्व सम्मेलन, २०१४ मा आदिवासी सवालको प्रस्तुती**

'आदिवासीको विश्व सम्मेलन' भनेर परिचित संयुक्त राष्ट्रसंघको महासभाको उच्च तहको प्लेनरी न्यूयोर्कस्थित संयुक्त राष्ट्रसंघको मुख्यालयमा २१ देखि २२ सेप्टेम्बर, २०१४ मा सम्पन्न भयो । २२ सेप्टेम्बर, २०१४ मा राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (नीफ), नेपालका यशो कान्ति भट्टचन र ईण्टरनेशनल डिस्अविलिटी फोरमको प्रतिनिधि प्रतिमा गुरुङले टेबुल छलफल १: आदिवासीको अधिकार कार्यान्वयन गर्न संयुक्त राष्ट्रसंघको पद्धतिगत कार्यमा स्टेटमेण्ट पढ्नु भयो ।

# सन् २०१६ मा नेपाल

## कृष्ण भट्टचन

२०१५ नेपालको इतिहासमा अप्रील र मे मा आएको विनाशकारी भूकम्पका पीडितहरूको लागि विनाशकारी वर्ष रह्यो । त्यसमा पीडित धेरैजसो आदिवासी र दलितहरू थिए ।

**भूकम्पपश्चात् नयाँ संविधान जारी**

यो वर्ष शुरुवात चारवर्षे कार्यकालसहित निर्वाचित संविधानसभाले आफ्ना चारवर्षे कार्यकाल अगावै तीनवर्षमा नै २२ जनवरीमा नयाँ संविधान जारी गऱ्यो । संविधान प्रक्रिया (२२ जनवरीको समयसीमा) वा सम्झौता (परामर्श र समझदारी बनाउन अझ समय दिने), प्रदेशहरू पहिचानको आधारमा बनाउने वा नबनाउने, पहिलो संविधानसभाले पारित विषय नयाँ संविधानमा समावेश गर्ने या नगर्नेजस्ता तीखा सवालहरूको विषयमा गम्भीर विवादहरू भयो । ३३ राजनीतिक दलको मोर्चा, जसलाई माओवादी एकीकृत कम्युनिष्ट पार्टीले नेतृत्व गरेको थियो, जसले पहिचानमा आधारित संघीयता र परामर्शको आधारमा संविधान जारी गर्ने प्रस्तावलाई सहयोग गऱ्यो । नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले पहिचानमा आधारित संघीयताको विरुद्धमा र संविधानलाई द्रूतमार्गबाट संविधान जारी गर्ने पक्षमा थिए । यी दुई लडाई गरिरहेका पक्षकाबीचमा कुनै सम्झौता हुन सकेन र दोस्रो संविधानसभा तोकिएको जनवरी २२ मा संविधान जारी गर्न असफल भयो । त्यसपश्चात् सर्वसाधारण जनता अझ विभाजित भए र उच्च रुपमा ध्रुवीकृत भए ।

अप्रील २६ को ठूलो भूकम्प, त्यसपश्चात्का असंख्य पराकम्पहरूले मुख्य राजनीतिक पार्टीहरूलाई उद्धार, सहायता, पुनर्स्थापना र पुनर्निर्माणको लागि एउटै छातामुनी ल्यायो । आफ्ना भग्नावशेष बनेका घरहरूबाट भूकम्प पीडितहरू निक्लन खोज्दै थिए र प्राकृतिक प्रकोपसंग कठीनतासाथ जुधिरहेका थिए । ८ जुनमा नेपाली कांग्रेसका सभापति र प्रधानमन्त्री सुशिल कोइराला, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष के.पी. शर्मा ओली र माओवादीका अध्यक्ष पुष्पकमल दाहाल तथा मधेशी जनअधिकार फोरमका अध्यक्ष विजयकुमार गच्छदारले संविधानको मस्यौदालाई अन्तिम रुप दिने भनी १६ बुँदे सम्झौतामा हस्ताक्षर गरे । आकस्मिक रुपमा समझौताको विरुद्धमा सडकमा प्रदर्शन हुँदैन भन्ने अनुमान गरेर उनीहरूले

संविधानका पूरै विवादित प्रक्रियाहरूको बारेमा निपटारा गरे । उनीहरूले ९ वटामध्ये ५ वटा प्रदेशहरू मात्र पहिचानको आधारमा हुने र तिनीहरूको नाम प्रदेशसभाका दुई तिहाई मतबाट तय गर्ने विषयमा सहमति गरे र प्रदेशहरूको सीमांकन संघीय आयोगबाट निपटारा गर्ने, त्यसलाई संसद्मा ६ महिनाभित्र प्रतिवेदन बुझाउने र अन्तिम निर्णय दुई तिहाई बहुमतबाट निर्णय गर्ने तय गरे । यस कदमभित्र संविधानसभाको कार्यादेश अनुसार एक-एक गरेर संविधानका प्रावधान पारित गर्नुभन्दा सबै भाषाहरूलाई पारित गर्नेगरी बाटो सफा बनाए । द्रूतमार्गबाट संविधान पारित गर्ने प्रक्रियाले नेपाली जनतासंग परामर्श गर्ने र संविधानसभामा छलफल गर्ने समयलाई खुम्च्यायो ।

अन्त्यमा १६ सेप्टेम्बरमा ६०१ मध्ये ५३२ संविधानसभा सदस्यले मतदान गरे, जसमा ६५ जना अनुपस्थित थिए । नयाँ संविधानको निम्ति ५३२ मध्ये ५०७ जनाले पक्षमा मतदान गरे र २५ वटा विपक्षमा मतदान गरे । सेप्टेम्बर २० मा पाँच प्रतिमा हस्ताक्षर गर्दै राष्ट्रपति रामवरण यादवले नेपालको संविधान (२०७२)लाई संविधानसभा र राष्ट्रलाई सम्बोधन गर्दै आधिकारिक रुपमा जारी गरे ।

**नयाँ संविधानको विरुद्धमा प्रदर्शन**

तीनवटा राजनीतिक पार्टीहरूले नयाँ संविधानलाई संसारकै सर्वोत्कृष्ट भने र यसले आदिवासी, मधेशी, दलित र महिला सबैको अधिकार संरक्षण गर्दछ । अर्कोतर्फ आदिवासी र मधेशी, जसको सम्पूर्ण जनसंख्यामा बहुसंख्यक रहेकाछन्, उनीहरूले नयाँ संविधानको प्रतिलिपिहरू सडकमा जलाउन थाले । उनीहरूले यसलाई नश्लीय, पितृसत्ता, धर्मनिरपेक्षताको विपरीत, आदिवासी विरोधी, अन्तरिम संविधानको विरोधी, यू.एन.ड्रीप.लगायत अन्तर्राष्ट्रिय मानव अधिकारका मापदण्ड र आदिवासी र मधेशी तथा आन्दोलनरत र सरकारबीच भएको समझौता विपरीत भएको आरोप लगाए ।

नेपालको संविधान (२०१५)लाई विस्तृतरुपमा विश्लेषण गरेर नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)ले न्यूनतम प्रावधानहरू

धर्मनिरपेक्षता, पहिचान, सामाजिक न्यायलाई तोडमोड वा सीमित पारेको र अन्य सवालहरू जो आदिवासीहरूका मुख्य-मुख्य सवालहरू तोडमोड गरेको आलोचना गरेको छ । उदाहरणका लागि- यसले नेपाललाई एकल साँस्कृतिक राज्य बनाएको छ (धारा ३ र ४); यसले धर्मनिरपेक्षताको परिभाषा गरेर हिन्दूहरूलाई विशेष हैसियत दिएको छ (धारा ४); खस नेपाली भाषालाई सरकारी कामकाजको भाषा बनाएको र केही मातृभाषालाई मात्र राज्यको कामकाजी भाषा बनाएको छ (धारा ६ र ७); गाई र अरु हिन्दूहरूका पहिचानलाई राष्ट्रिय प्रतीक बनाएको (धारा ९.३); सम्मानपूर्वक बाँच्न पाउने हक (धारा ५५)लाई कार्यान्वियन गर्न राज्य बाध्य नहुने उल्लेख भएको (धारा १६ ञ अनुच्छेद ८ र ५५) । समावेशिताको सिद्धान्त अनुसार राज्यको निकायमा सहभागिताको कुनै अर्थ हुँदैन । यदि जात, जनजाति, क्षेत्र, लैंगिक रुपमा पहिचानको समानुपातिक समावेशी भएन भने (धारा ४२) । यसभन्दा बढी संविधानसभालाई अन्तरिम संविधानले दिएको पहिचानमा आधारित संघीयताको कार्यादेश विपरीत राज्यको संघीय संरचना- प्रदेश र स्थानीय तहमा शक्तिको बाँडफाँड भएको छ (धारा ५६ अनुसूची ४), राज्यको उच्च केन्द्रिकृत (अनुसूची ५), संसद्मा आदिवासी जनजाति र अरु सीमान्तकृतहरूको समानुपातिक प्रावधान अन्तरिम संविधानभन्दा पनि कमजोर छ (धारा ८४) इत्यादि । त्यसैकारण आदिवासी र मधेशीहरूले संविधानको पुनर्लेखनको माग गरेकाछन् ।

संविधान जारी हुनासाथै मधेशी र आदिवासी थारुहरूले संविधानको पुनर्लेखनको माग गर्दै प्रदर्शनलाई घनीभूत बनाए । यस्तो प्रदर्शन पश्चिम तराईमा घनीभूत थियो र यसको बारे रिपब्लिकनले रिपोर्ट गऱ्यो ।

*हिंसात्मक थारु प्रदर्शनपश्चात् थरुहट प्रदर्शनकारीहरूको निम्ति टीकापुरलाई निषेधित क्षेत्र घोषणा गरिएको थियो । करीब २०,००० थरुहट अभियन्ताहरू विभिन्न भागबाट सरकारी कार्यालयहरूमा थरुहटको बोर्ड राख्ने संगठित कार्यक्रमका साथ टीकापुरमा आइपुगे । थरुहट अभियन्ताहरूको शंकरापुर क्षेत्र टीकापुर नगरपालिकामा सोमबार भएको आन्दोलन 'एसएसपी, दुई इन्सपेक्टरसहित आठ व्यक्तिहरू र दुईवर्षीय बालक मारियो र ४२ जना प्रहरीहरू धाइते भए ।*

टीकापुर क्षेत्रमा सरकारले कर्फ्यू जारी गरी सेना परिचालन गर्‍यो । धेरै थारु नेताहरू पक्राउमा परे, मारिए, वेपत्ता पारिए र महिलाहरूलाई दुर्व्यवहार गरियो । पहिचानको आधारमा थरुहट प्रदेश बनाउने विषयमा विरोध गरी आएका अखण्ड सुदुरपश्चिमका मानिसहरूले थारुहरूका घर र एफ.एम. रेडियो स्टेशनमा आगजनी गरे । थारु समुदायलगायतलाई लक्षित गरी सुरक्षाकर्मीहरूको अत्यधिक शक्ति प्रयोगको कारण ५० मानिसहरू, जसमा बच्चा र बृद्धहरू मारिए ।

मधेशी आन्दोलनकारीहरू नागरिक विरोधको लागि नेपाल भारत नाकामा धर्ना बसे नेपाल सरकारले यसलाई सेप्टेम्बर २३ देखिको आर्थिक नाकाबन्दीको रुपमा लियो । त्यस समयदेखि सर्वसाधारणलाई पेट्रोलियम पदार्थ, खाना पकाउने ग्यास, आर्थिक गिरावटले अत्यन्त प्रभावित बनायो ।

**छिमेकीको परिवर्तित हाउभाऊ**

छिमेकी देश भारत र चीनको हाउभाऊले नेपालका दुवै आदिवासी र मधेशीलाई ठूलो परिस्थिति सृजना गर्‍यो । भारतले संविधानलाई स्वागत गरेन तर जानकारीमा छ भन्यो र चीनले नेपालका आदिवासी नेतृत्वलाई भ्रमणमा बोलायो । भारतले २० सेप्टेम्बरमा प्रेस विज्ञप्ती जारी गर्दै भन्यो ।

> *"हामी नेपालको संविधान जारी भएकोमा जानकारी राख्दछौं र सीमाका विभिन्न भागहरूमा हिंसा बढेको बारेमा हाम्रो सरोकार छ । हाम्रा राजदूतले काठमाडौंमा यस विषयमा प्रधानमन्त्रीसंग कुरा गरेको छ । हामी चाहन्छौं कि मतभिन्नता भएका सवालहरूलाई हिंसा र त्रासमूक्त वातावरणमा वार्ताका माध्यमबाट समाधान गर्नु पर्दछ र यसबाट बृहत आधारमा स्वामित्व र स्वीकार्यतालाई संस्थागत गर्न समर्थ होस् । यसले नेपालको सदभाव, प्रगति र विकासको आधारशीला बनाउनेछ ।"*

भारतको दरिलो अडानको कारण मधेशी र आदिवासीहरूको प्रदर्शनका साथै उनीहरूको पहिचानसहितको संघीयता (आदिवासी र मधेशी तथा सरकारबीच भएको सम्झौतामा आधारित) र मधेशी तथा थारु प्रर्दशनकारीहरूलाई सरकारले

प्रयोग गरेको अत्यधिक बलको प्रतिक्रिया थियो । यसले भारत नेपालको १७०० की.मी. लामो सीमाको तराई क्षेत्रमा भएको हिंसात्मक द्वन्द्वको प्रत्यक्ष प्रभावप्रति भारतको गम्भीर चासो छ भन्ने प्रष्ट देखायो ।

चीनको प्रतिक्रिया पनि समान रुपमा चाखलाग्दो थियो । चाइनिज राजदूतावासले १४ देखि २१ डिसेम्बरसम्म जनता-जनताबीचको सम्बन्धको रुपमा नेपालका आदिवासी नेतृत्वहरूलाई सिंचुवान प्रान्तको एकहप्ते भ्रमण आयोजना गर्‍यो । यो वास्तवमा पहिलो पटक आदिवासी नेतृत्वलाई आफ्नो देश भ्रमण गराएको हो र यसले विगतका चाइनिज अभ्यासभन्दा बिल्कूल पृथक अभ्यास थियो । यद्यपि चीनले नेपालको संविधानलाई स्वागत गरे तापनि आदिवासीको संविधानको विरुद्धमा भएको आन्दोलनप्रति परिचित रहेको छ र बढ्दो आदिवासी द्वन्द्व र आदिवासीको अधिकारको इन्कारीले द्वन्द्वलाई उत्पन्न गर्न सक्छ र राजनीतिक अस्थिरता ल्याउन सक्छ र यसले उत्तरी चीनप्रति जोखिम उत्पन्न गर्दछ भन्ने बारेमा सचेत रहेको देखिन्छ ।

**महाभूकम्प**

२६ अप्रील शनिवार ११.५६ स्थानीय समयमा काठमाडौंबाट ७६ की.मी. उत्तरमा अवस्थित गोरखा जिल्लाको बारपाकलाई केन्द्रविन्दु बनाएर ७.८ रेक्टर स्केलको नेपालमा भूकम्प गयो । यसपश्चात् निरन्तर पराकम्पहरू गए, जसमा १२ मे को १२.५४ बजे ६.७ रेक्टर स्केलको भूकम्प गयो र ७५ मध्ये ३१ वटा जिल्लाहरूलाई प्रभावित पार्‍यो । १४ वटालाई संकटपूर्ण क्षेत्रको रुपमा घोषणा गर्‍यो । यी सम्पूर्ण क्षेत्रहरू धेरै आदिवासीहरू, जसमा घले, गुरुङ, तामाङ, जिरेल, सुरेल, सुनुवार, थामी, माझी, दनुवार, पहरी र नेवारलगायतको पुर्ख्यौली थलो थियो । प्रकोपपश्चात्को आवश्यकता विश्लेषण योजना आयोगले तयारी गर्‍यो, जसमा लगभग ९,००० जनताले ज्यान गुमाए र २२,००० जति जनता घाइते भए । पछिल्लो आंकलन अनुसार करीब ५० हजार जति घरहरू भत्किए वा जोखिममा परे । यसले ९,००० मृतकमध्ये ७० प्रतिशत आदिवासी र दलित थिए भनी आंकलन गरिएको छ, जसमा ३३ प्रतिशत तामाङ थिए ।

आदिवासी र दलितहरू विरुद्ध उद्धार तथा राहत वितरण तथा पुनर्स्थापना कार्यमा विभेद् भएको थियो र सरकारले जोखिमपूर्ण समूह जस्तो बालबालिका र जेष्ठ नागरिकलाई उचित राहत नपुऱ्याकोमा चौतर्फी आलोचना भएको थियो ।

पुनर्निर्माणका काम राहत वितरण कार्य सकिना साथ गर्नुपर्ने थियो । तर सरकार अन्तर्राष्ट्रिय दातृनिकायलाई पैसामाग्ने कार्यमा लोभियो र सरकारले दुरुपयोग नगरोस् भनी अन्तर्राष्ट्रिय दातृ निकायहरू अत्यन्त सजग बने, न्यानो लुगा, औषधि र घर पुनर्निर्माण जस्ता सहयोग समयमा उपलब्ध गराउन सरकार असफल भयो । सरकारको तर्फबाट प्रष्टसंग वेवास्ता गरेको कारण थुप्रै बालबालिका, गर्भवती आमा र जेष्ठ नागरिकहरू कडा चिसो, विराम र समयमा नै औषधिको कमीले थुप्रैले ज्यान गुमाए ।

# सन् २०१७ मा नेपाल

## कृष्ण भट्टचन

### संविधान कार्यान्वयनमा असफलता

मुख्यत: प्रमुख राजनीतिक पार्टीहरूबीचको खिचातानी, सबै समूहहरूको संविधानको मस्यौदा प्रक्रियामा समाजका सबै समूहहरूको अर्थपूर्ण समावेशीको अभाव र आदिवासी र मधेशीहरूको निरन्तर आन्दोलनका कारण विवाद र मधेशी तथा आदिवासीहरू विरुद्ध राज्यले हिंसा प्रयोगको माझमा जारी गरिएको नेपालको नयाँ संविधान, २०१५ कार्यान्वयन हुन सकेन (हेर्नुहोस् द ईण्डीजेनश वर्ल्ड, २०१६)। नयाँ संविधानमा थुप्रै आधारभूत तत्वहरूको अभाव रहेकोले, जस्तै- ७ वटा प्रदेशहरूको नामांकन नगरिएको, विशेष, संरक्षित र स्वायत्त क्षेत्रहरू नबनाइएको, संघीय र प्रादेशीक संसद्को निर्वाचन नगरिएको र निर्वाचित निकायहरू कतै देखा नपरेकाले कार्यान्वयन गाह्रो हुनु स्वभाविक छ। यद्यपि प्रमुख राजनीतिक पार्टीहरूले नयाँ संविधानमा संघीयता, धर्मनिरपेक्षता, समावेशी प्रतिनिधित्व र सकारात्मक विभेद्लगायतका थुप्रै सकारात्मक तत्व छन् भनी दावी गरे पनि आदिवासीहरूको सामुहिक अधिकारलाई इन्कार गर्न जाली काम गरेको र दुरुपयोग गरेको भनी आदिवासी विज्ञ, आन्दोलन र नेताहरूले गम्भीर रुपमा आलोचना गरे। नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)ले आदिवासीहरू विरुद्ध संविधानमा चार प्रकारका विभेद् रहेको पत्ता लगाएका छन्: (क) खस- आर्यको नश्लीय सर्वोच्चता कायम गर्ने ५ वटा प्रावधान छ, (ख) ११ वटा प्रावधान आदिवासीको विरुद्धमा छ, (ग) २३ वटा प्रावधानले आदिवासीलाई विभेद् गर्दछ, र (घ) ४९ वटा प्रावधानले आदिवासीलाई बहिष्करण गर्दछ। आदिवासी आन्दोलनले यू.एन.ड्रीप. र आई.एल.ओ. महासन्धि नं. १६९ र आदिवासी विश्व सम्मेलनको परिणामपत्र अनुसार (साथै मधेशी आन्दोलनले) प्रस्तावना देखि अनुसूचीसम्म संशोधन वा पूर्ण रुपमा पुनर्लेखन गर्ने माग राखी रहे। यसो गरिएन भने सबैभन्दा खराबमा यात अधिनायकवादतर्फ वा जातीय क्षेत्रीय द्वन्द्वतर्फ देश धकेलिने अवस्था छ। सन् २०१६ मा त्यस्ता अनिश्चितताहरू समाधान भएन।

### संविधानको संशोधनप्रति बढ्दो विवाद

आदिवासीहरू, विशेषत: थारुका साथै मधेशीहरूले २००६ को जनआन्दोलन तथा मधेशी र आदिवासीहरूको २००७ को आन्दोलन र नेपालको अन्तरिम संविधान,

२००७ जो राजनीतिक पार्टी र आदिवासी आन्दोलनबीच सहमत भएको म्याण्डेट पूरा गर्न संविधानको पुनर्लेखनको माग गरी रहे । आदिवासीहरू, विशेषगरी थारुको तथा मधेशीहरूको मागलाई नेपाली कांग्रेस पार्टी र अन्य साना राजनीतिक पार्टीसहित कम्युनिष्ट पार्टी एमालेको नेतृत्वको गठबन्धन सरकारले सम्बोधन गर्नका लागि कुनै प्रयास नगरेकोले त्यसपछि नेकपा माओवादीको साना पार्टीसहितको नेपाली कांग्रेस पार्टीसंगको गठबन्धन सरकारले संविधान संशोधनको विधेयक संसद्मा पेश गऱ्यो । विपक्षी दलहरू, खास गरेर नेकपा एमाले र मधेशी तथा आदिवासी पार्टीहरूले यसलाई आवश्यक तर अपर्याप्त छ, भने ।

**भक्षक स्थानीय निकायको पुनर्संरचना**

नयाँ संविधानको कार्यान्वयनको प्रक्रियाको अंशको रुपमा सरकारले स्थानीय निकाय पुनर्संरचना आयोग (एलबीआरसी) स्थापना गऱ्यो । यो आयोगलाई निर्वाचन प्रयोजनको लागि स्थानीय निकायहरूको पुनर्संरचना गर्ने कार्यादेश छ । यसले १७ मार्च, २०१६ देखि काम गर्न शुरुवात गऱ्यो र यसलाई १५ डिसेम्बर, २०१६ भित्र स्थानीय निकायको संख्या र स्वरुपको विषयमा सिफारिश गर्ने कार्यादेश दिएको थियो, जुन यसले गरेन । आयोगका काममध्ये सबैभन्दा समस्यामूलक सवाल यो छ कि धेरैजसो आदिवासीहरूको चिन्ता उनीहरूको पुर्ख्यौली भूमि र समुदायलाई दुई वा दुईभन्दा बढी गाउँपालिका (गाउँ परिषद्) भनिने गाउँको संस्थाहरूमा पारिदिन्छ कि भन्ने रहेको छ । आयोगको कामको विषयमा स्थानीय निकायहरू सम्बन्धित प्रदेशहरूले निर्णय गर्नुपर्ने हो, केन्द्रीय सरकारले गर्ने होइन, भन्ने आधारमा मधेशीहरूको एक राजनीतिक पार्टी संघीय समाजवादी फोरम र पहाडीया आदिवासी नेताहरूको गम्भीर आपत्ति थियो र छ । यो कुरा ख्याल राख्न पऱ्यो कि यू.एन.ड्रीप. र आदिवासी विश्व सम्मेलनको परिणामपत्र अनुसार आवश्यक स्वतन्त्र अग्रीम जानकारीसहितको मञ्जूरी प्राप्त गर्न खोजिएन ।

**आयोगहरूको स्थापना**

संविधानले दुईवटा आयोगहरूको व्यवस्था गरेको छ: एउटा अदिवासीको लागि र अर्को थारुको लागि । यो विचार प्रशंसनीय भए पनि वास्तविकता यो हो कि आय

आर्जन कार्यक्रम, अन्तरक्रिया कार्यक्रम र आदिवासीहरूको संघसंस्थाका क्षमता अभिवृद्धिलगायतका केही विकास सम्बन्धी कार्य हेर्ने बाहेक यी आयोगहरू वास्तवमा शक्ति वा अधिकारविहीन, न्यायिक अधिकारविहीन वा अन्य महत्वपूर्ण शक्ति वा अधिकारविहीन छन् । पूर्व प्रधानमन्त्री के.पी.ओलीले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई खारेज गर्ने अभिव्यक्ति दिए । त्योभन्दा अगाडि संविधानमा यी आयोगहरू १० वर्ष पुगेपछि समीक्षा गर्ने लेखिएकोले यस्तो समीक्षापश्चात् यी आयोगहरूलाई निरन्तरता नदिइने सम्भावना बढी छ ।

**संयुक्त राष्ट्रसंघको महासभामा आदिवासीहरूको सशक्त सहाभागिता बढाउने सम्बन्धमा परामर्श**

१४ डिसेम्बर, २०१४ को आदिवासी विश्व सम्मेलनको फलोअपको अंगको रुपमा संयुक्त राष्ट्रसंघीय महासभामा आदिवासीहरूको सशक्त सहभागिताको लागि संयुक्त राष्ट्रसंघीय महासचिवलाई स्थान, खाका, प्रतिनिधित्व र चयनको आधारका विषयमा सल्लाह दिन ४ सदस्यीय सल्लाहकार समिति गठन गऱ्यो । लाहुर्निपको प्रतिनिधित्व गर्दै डा. कृष्ण भट्टचनले संयुक्त राष्ट्रसंघको हेडक्वार्टरमा १४-१५ डिसेम्बर, २०१६ मा भएको परामर्श बैठकमा भाग लिनुभयो र आदिवासीहरूलाई महासभामा छुट्टै, विशेष स्थायी पर्यवेक्षकको हैसियत दिनुपर्नेमा जोड दिनुभयो । आदिवासी परिभाषाको सम्बन्धमा लाहुर्निपले नेपाल र एसियामा हिन्दूको चार वर्णको व्यवस्थामा पर्नेहरू आदिवासीको रुपमा नपर्ने भनी सुझाव दिएको थियो ।

**अतिक्रमणकारी विकासको विरुद्धमा प्रर्दशन**

विश्व बैंक र एसियाली विकास बैंकको सहयोगमा केन्द्र र स्थानीय सरकारहरूले गर्दै आएका हस्तक्षेपकारी विकास, विशेष गरेर जलविद्युत परियोजना, विद्युत प्रसारण लाईन, सडक विस्तार र शिकार आरक्ष क्षेत्रको विरुद्धमा सन् २०१६ मा घनीभूत रुपमा विरोध भए । करीब १०० आदिवासी र स्थानीय व्यक्तिहरूले काठमाडौं उपत्यकाभित्रको सडक विस्तारका सम्बन्धमा ज्ञापनपत्रमा हस्ताक्षर गरे । नेवा: आदिवासी तथा अन्य स्थानीयहरूसंग स्थानीय शासन ऐन, १९९९, अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ र आदिवासीहरूको अधिकार

सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ ले प्रत्याभूत गरेको परामर्श तथा मञ्जूरीको अधिकार विपरीत मस्यौदा गरिएको क्राइटेरीयालाई खारेज गर्नको लागि ज्ञापनपत्रमार्फत आव्हान गर्‍यो। ज्ञापनपत्रले महानगरभित्रको कुनै पनि परियोजना आदिवासीहरूको स्वतन्त्र अग्रीम जानकारीसहितको मञ्जूरी प्राप्त गरेर संचालन गर्नुपर्ने र यो मागलाई सम्बोधन नगरिए कडा विरोधको सामना गर्नुपर्ने चेतावनी दिइएको थियो। २०१६ मा काठमाडौं महानगरपालिकाले कार्यान्वयन गरेको सडक विस्तार परियोजनाको विरोधमा आदिवासी नेवा:हरूको जम्मा २३ वटा समितिहरू बन्यो। यी समितिहरूले ४ जनवरीका दिन काठमाडौं उपत्यका बन्द गर्ने घोषणा भनी उल्लेख गरेको छ।

**संगठित अपराध सम्बन्धी ऐनको दुरुपयोग**

संगठित अपराध सम्बन्धी ऐन, २०१४ भन्ने नयाँ कानूनको कपटपूर्वक प्रयोग गरी १३ जना मंगोल मूलवासी राष्ट्रिय फोर्स सम्बद्ध राजनीतिक कार्यकर्ताहरू विरुद्ध मुद्दा चलायो। सामान्यत: संगठित अपराध लागू औषधि तस्कर, गैरकानूनी हातहतियार कारोबारी र महिला वा मानव बेचविखनकारीलाई लागू हुन्छ। तर नेपालमा राजनीति तथा सरकारमा दर्ता नगरिएका संगठन र जो साम्प्रदायिक सद्भाव खल्बल्याउने कार्यमा संलग्न हुनेले गरेको कुनै पनि संगठित प्रयासलाई सरकारले संगठित अपराधको रुपमा लिने गर्दछ। राजनीतिक उद्देश्य प्राप्त गर्ने संगठनहरूलाई यस रुपमा नलिइनुपर्ने हो, तर दुर्भाग्यवश नेपालमा यस्तै छ।

**जलवायु परिवर्तन**

सन् २०१६ मा सरकारले जलवायु परिवर्तन र रेडप्लसको विषयमा सरकारले मुख्य कामहरू गर्‍यो। नेपालले पेरिस सम्झौतालाई २२ अप्रील, २०१६ मा हस्ताक्षर गर्‍यो र ५ डिसेम्बर, २०१६ मा अनुमोदन गर्‍यो। राष्ट्रिय अनुकूलन योजना (एनएपी) सन् २०१६ मा जनसंख्या तथा वातावरण मन्त्रालयले पहल गर्‍यो। जनसंख्या तथा वातावरण मन्त्रालयले मुलुकको सोचिएको राष्ट्रिय निर्धारण योगदान (आईएनडीसी) बुझायो। वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गतको रेड कार्यान्वयन केन्द्रले तयार गरेको नेपालको रेड तयारी प्याकेज (आर-प्याकेज)लाई

विश्व बैंकको वन साझेदारी कार्वन सुविधा (एफसीपीएफ)ले स्वीकृत गऱ्यो। १२ जिल्लाका होचो भू-भाग (तराई)का लागि कार्बन उत्र्सजन न्यूनीकरण योजना दस्तावेज (ईआरपीडी) वन तथा भू-संरक्षण मन्त्रालयमातहतको आरआईसीले शुरुवात गऱ्यो। राष्ट्रिय वन सन्दर्भ तह (एफआरएल)लाई युएनएफसीसीसीमा पेश गऱ्यो। आदिवासीहरूको स्वतन्त्र अग्रीम जानकारीसहितको मञ्जूरी (एफपीक) र लाभको बराबर साझेदारीलाई बेवास्ता गर्दै सरकार र अन्तर्राष्ट्रिय सहयोग निकायले कार्बनमा मात्र ध्यान दिने कार्यलाई निरन्तरता दिएका छन्।

यी सम्पूर्ण जलवायु परिवर्तन सम्बन्धी कार्यहरू युएनएफसीसीसी पेरिस सम्झौता, जसले आदिवासीको अधिकारलाई स्वीकार गर्दछ, बाट सुसूचित र त्यस अनुरुप हुनुपर्दछ। महत्वपूर्ण रुपमा पेरिस सम्झौताले संयुक्त राष्ट्रसंघको महासन्धि वा आदिवासीको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज यु.एन.ड्रीप.संग बाझ्ने काम गर्दैन। यद्यपि चेतनाको अभाव, सूचनामा पहुँच, जनवकालत तथा नीति निर्माताहरूको हैकमवादी मानसिकताका कारण नेपालका अदिवासीहरूले यी कार्यक्रम तथा नीति निर्माण प्रक्रियामा सहभागिता आदिमा अझै पनि चुनौतीहरू सामना गरिरहेका छन्। जलवायु परिवर्तन सम्बन्धित विषयहरूमा नेपाल आदिवासी जनजाति महासंघ (नेफिन)ले आफ्ना जलवायु परिवर्तन साझेदारी परियोजनामार्फत आदिवासीहरूको अधिकार सुनिश्चित गर्ने उद्देश्यले काम गरी आएको छ। नेफिनले एफआरएल, राष्ट्रिय रेड रणनीति र  रेड तयारीको सन्दर्भमा सुझाव दिंदै आएको छ। यसले एफसीपीएफलाई आर-प्याकेज बुझाउने बेला क्षमता अभिवृद्धि, सूचना प्रवाह र आदिवासीहरूलाई प्रभावित बनाउने विषयमा उनीहरूबाट एफपीक प्राप्त गर्नेलगायतका धेरै सवालहरूलाई उठाएको छ। दोस्रो- नेफिनले पेश गरेको ईआरपीडी सम्बन्धी अडानपत्रमा कार्बन उत्र्सजन परियोजनामा आदिवासीहरूको सामुहिक अधिकारलाई सुनिश्चित गर्न सरकार तथा सरोकारवालाहरूलाई अनुरोध गरेको छ। आजसम्म राष्ट्रिय अनुकूलन कार्ययोजना (एनएपी) विकास प्रक्रियाको ९ वटा फरक विषयगत कार्य समूह (टीडब्लुजी) छन्, जसमा अझै पनि आदिवासीहरूको अर्थपूर्ण सहभागिता रहेको छैन। नेफिन एउटा विषयगत समिति अन्तर्गतको हो र यसले अझ बढी सहभागिताको अवसरका लागि माग गरी

आएको छ। आईएनडीसीले आदिवासीहरूको सुझावमध्ये अत्यन्त थोरै मात्र समावेश गरेको छ, जसले जलवायु परिवर्तनको 'गलत समाधान'को जोखिम उत्पन्न गरेको छ । जस्तै- ठूला जलविद्युत परियोजनाहरू। साथै, सरकार, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, गैरसरकारी संस्था, दुईपक्षीय र बहुपक्षीय निकायहरूले जलवायु परिवर्तनको विषयमा काम गरिआए तापनि हालसम्म उपयुक्त ढंगले आदिवासीहरूसंग नत परामर्श गरेका छन् नत सवाललाई नै सम्बोधन गरेका छन्।

# सन् २०१८ मा नेपाल

## कृष्ण भट्टचन

**स्थानीय, प्रदेश र संघीय चुनावहरू**
नेपाल सरकारले २०१६ मा संविधान संशोधन वा पुनर्लेखन भन्ने विषयको उर्लदो विवादको कारण स्थानीय, प्रदेश र संघीय चुनावहरू गराउन सकेन (हेर्नुहोस् द ईण्डीजेनश वर्ल्ड, २०१७) । जब नेपाल सरकारले २० फेब्रुवरीमा स्थानीय चुनाव छोटो अवधिमा गरिनेछ भन्यो, आदिवासीहरूले आफ्ना अपेक्षालाई समेटेर नश्लीय संविधान संशोधन हुने कुरामा पहिलेभन्दा पनि अत्यन्तै कम आशाका साथ २०१७ को शुरुवात भयो । तराईमा भएको हिंसात्मक आन्दोलनले सरकारलाई स्थानीय चुनाव तीन चरणमा गर्न बाध्य बनायो । पहिलो चरणमा- प्रदेश नं. ३, ४ र ६ को मे १४ मा, दोस्रो चरणमा- प्रदेश नं. १, ५, र ७ को २८ जुनमा र तेस्रो चरणमा- प्रदेश नं. २ को २८ सेप्टेम्बरमा ।

स्थानीय निर्वाचनको अङ्गको रुपमा र निर्वाचन आयोगको अनुरोधमा नेपाल सरकारले प्रतिनिधित्व सुनिश्चित गर्नका लागि ९८ वटा अल्पसंख्यकलाई सूचीकृत गऱ्यो । यसमा सूचीकृत ५९ आदिवासीमध्ये ४० आदिवासीसमेत परेको छ- कुमाल, सतार/सन्थाल, राजवंशी, शेर्पा, दनुवार, माझी, चेपाङ, सुनुवार, ताजपुरीया, दराई, पहरी, भोटे, थकाली, छन्त्याल, ह्योल्मो, बोटे, बरामु, जिरेल, दुरा, मेचे, राजी, डोल्पो, ब्यासी शौका, लेप्चा, पत्थरकट्टा/कुशबाडीया, किसान, तोप्केगोला, वालुङ, हायु, ल्होपा, कोचे, ल्होमी, राउटे र कुसुण्डा । यसले सूचीउन्मूख १३ वटा आदिवासीलाई पनि समावेश गरेको छ, जसमा- कुलुङ, घले, खवास, नाछिरिङ, याम्फू, चाम्लिङ, आठपहरिया, बान्तावा, थुलुङ, मेवाहाङ, साम्पाङ, खालिङ र लोहोरुङ ।

आदिवासीलाई अल्पसंख्यक बनाउने सरकारको निर्णयको विरुद्धमा सर्वोच्च अदालतमा रीट दायर भएको छ (Writ No. 073-WO-1333) । यो रीट मे ३० मा लाहुर्निपको कानूनी सहयोगमा नेपाल आदिवासी जनजाति महासंघले दायर गरेको हो । गृहमन्त्रालयले २४ अप्रील, २०१७ मा प्रकाशित गरेको राजपत्रमा आदिवासीहरूलाई अल्पसंख्यकको रुपमा सूचीकृत गऱ्यो । यो प्रत्यक्ष रुपमा

अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं १६९ र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८, जसले आदिवासीहरू विशिष्ट पहिचान र अधिकारसंग बाभिएको छ। अप्रत्यक्ष रुपमा यसले आदिवासीहरूलाई विभाजन गर्ने र आईएलओ महासन्धि नं. १६९ तथा यू.एन.ड्रीप.मा दिएको अधिकारलाई खलल पार्नेछ। हाल माननीय न्यायधीश डा. आनन्दमोहन भट्टराईको इजलासबाट यस विषयमा 'कारण देखाऊ' आदेश जारी भई मुद्दा कारबाहीको अवस्थामा छ।

स्थानीय निर्वाचन सफलताका साथ सम्पन्न भए लगत्तै प्रादेशीक र संघीय निर्वाचनहरू दुई चरणमा पहिले ३२ जिल्लाहरूमा (२६ नोभेम्बरमा) र दोस्रो ४५ वटा जिल्लाहरूमा (७ डिसेम्बरमा) गरेको थियो। वर्षको अन्त्यमा आइपुग्दा आदिवासी, मधेशी र अरु सीमान्तकृत समुदायहरूको सवाललाई उठाइआएको संघीय समाजवादी फोरम, राष्ट्रिय राजनीतिमा किङमेकरको रुपमा केही बार्गेनिङ गर्नसक्ने शक्ति बन्नु र मधेशीको सवाललाई मात्र उठाईआएको राष्ट्रिय जनता पार्टीले प्रदेश नम्बर २ को संसद्मा नियन्त्रण राखेकोले नेपालको राजनीतिमा आदिवासीहरूको आवाज अझै पनि उठ्नसक्ने आशाको दियो बलेको छ।

मूलतः पहिचानसहितको संघीयता सुनिश्चित गर्नका लागि संविधानलाई पुनर्लेखन वा संशोधन गर्ने भन्ने सवालमा थारु तथा मधेशी आन्दोलनबाट कडा प्रतिरोधका कारण सरकारले स्थानीय, प्रादेशीक र संघीय चुनाव गराउन विलम्ब गऱ्यो। यस आन्दोलनको वेगलाई आदिवासी जनजातिको आन्दोलनलाई नेतृत्व गरिआएका आदिवासी जनजाति महासंघ (नेफिन) का नेताहरू नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) एमाले, नेपाली कांग्रेस तथा नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) माओवादी केन्द्रले सहवरण गरेको कारण दवाव हराउँदै गयो। यद्यपि नेफिनसंग आबद्ध नभएका आदिवासीका आन्दोलनले पहिचानमा आधारित संविधानको पुनर्लेखनको लागि दवावलाई निरन्तरता दियो। आदिवासीका घोर विरोधी नेकपा एमाले, १० वर्षे जनयुद्धका बेला आदिवासी पक्षधर जस्तो देखिएको, तर शान्ति प्रक्रियापश्चात् पहिचानसहितको संघीयतालाई त्यागेका नेकपा माओवादी केन्द्र र आदिवासी विरोधी अर्को पार्टी नेपाली कांग्रेसले मधेशी र आदिवासीहरूको निरन्तर रुपमा

दिइरहेको राजनीतिक दवावलाई बिल्कूल वास्ता नगरी कठोर निर्णय गऱ्यो । वर्ष सकिन लाग्दासम्ममा उनीहरूले स्थानीय, संघीय र प्रदेशको संयुक्त चुनाव 'सफलता' पूर्वक सम्पन्न गरे । मधेशीहरूको कडा प्रतिरोधको कारण स्थानीय चुनाव तीनचरण र संघीय तथा प्रादेशीक चुनाव दुई चरणमा गरियो ।

आदिवासी र मधेशी मतदाताहरू, जसले संविधानप्रति विमति जनाए पनि मतदान केन्द्रमा गएर आफूले जे कुराको विरोध गरेको थियो, त्यसैलाई नै वैधता दिनेजस्तो उल्टो काम गरे । केही आदिवासी विज्ञहरूले आफ्ना सामुहिक अधिकारलाई डकैती गर्ने संविधानलाई वैधता नदिनका लागि मतदान गरेनन् । वर्षको अन्त्य हुँदै गर्दा संघीय र प्रदेशको चुनावको परिणाम आयो र नेकपा एमाले संघीय संसद्मा सबैभन्दा ठूलो पार्टी बन्यो । त्यसपछि क्रमश: नेकपा माओवादी केन्द्र, नेपाली काँग्रेस, चौथो संघीय समाजवादी र राष्ट्रिय जनता पार्टी । सात प्रदेशहरूमध्ये छवटा प्रदेशमा नेकपा एमालेले र प्रदेश नं २ मा मधेशी राजनीतिक पार्टीले नियन्त्रण गऱ्यो ।

१६५ वटा प्रत्यक्ष निर्वाचन सीटमध्ये ४५ वटा सीटमा ४५ जना आदिवासी निर्वाचित भएको देखिन्छ, जसले ५९ मध्ये १० आदिवासीको प्रतिनिधित्व गर्दछन् । १० जना थारु, ९ जना नेवार, ६ जना खम्बू (राई), ६ जना मगर, ५ जना याक्थुम्बा (लिम्बू), ३ जना तमू (गुरुङ), १ सुनुवार, १ जना थकाली तथा १ जना सूचीकृत हुन बाँकी निस्याङबा (मनाङ्गे) छन् । निर्वाचित आदिवासीहरू दुई प्रदेश (नं १ र ४) मा बहुसंख्यक रहेका छन् । यद्यपि प्रतिनिधित्व हेर्दा राम्रै देखिन्छ । तर उनीहरू आफ्ना पार्टीको नीतिभन्दा बाहिर जान सक्दैनन् । त्यसैले आदिवासीहरूको सवाल उठाउने काम दुरुह छ । पहिलो संविधानसभाको समयमा आदिवासीहरूको राष्ट्रिय आन्दोलन शिखरमा थियो । तर त्यो २०१७ मा ओरालो लागे तापनि अब प्रदेश नं. १, ३, ४, ५ र ७ मा पुन:उठाउन सकिने सम्भावना छ ।

यो ख्याल राख्नु पर्दछ कि रेशम चौधरी, एक युवा थारु संचार पेशाकर्मी र नेता आफू स्वयं निर्वासन रहेकै बखत चुनावमा उम्मेद्वारका रुपमा उठे र कैलाली क्षेत्र

नं. १ बाट भारी मतले विजय प्राप्त गरे, जहाँ सरकारी सुरक्षाकर्मी र थारु आन्दोलनकारीबीच झडप हुँदा ७ जना प्रहरीको मृत्यु भएको थियो र जसमा प्रहरीको एसएसपी र एक बच्चा परेका थिए, जसको कारण १०,००० थारुहरू भारतमा विस्थापित भएका थिए । प्रधानमन्त्री शेरबहादुर देउवाले आफ्ना वारेसमार्फत निर्वाचन आयोगबाट निर्वाचनमा जितेको प्रमाणपत्र प्राप्त गरे । तर नेपालको सर्वोच्च अदालतले रेशम चौधरीलाई वारेसमार्फत प्रमाणपत्र प्राप्त गर्न इन्कार गऱ्यो । कैलाली हिंसात्मक झडपपश्चात् प्रहरीले वारेण्ट जारी गरेको कारण रेशम चौधरी भूमिगत रहेकाछन् । धेरैले यसलाई आदिवासीहरूलाई विभेद् गर्ने दोहोरो मापदण्डको रुपमा लिएका छन् । रेकर्ड पत्रिकामा पत्रकार सुप्रिया मानन्धरले “यसले थारु र नेपाली राज्यकोबीच दरार उत्पन्न भएको छ” भनेर लेखेका छन् । वास्तवमा थारु मात्र होइन, आदिवासी र राज्यबीचको दरार नेपाल पक्ष राष्ट्र भएको आईएलओ महासन्धि नं १६९ र यू.एन.ड्रीप.लाई ठट्टाको विषय बनाएर बढाएको छ ।

**आदिवासी भूमि, भू-क्षेत्र र स्रोतहरू**

आईएलओ महासन्धि नं १६९ र यू.एन.ड्रीप.को एउटा मुख्य विषय आफ्ना भूमि, भू-भाग, भू-क्षेत्र र स्रोतहरूमा आदिवासीहरूको स्वामित्व, नियन्त्रण, प्रयोग र व्यवस्थापनको अधिकार हो । महासन्धि नं. १६९ लाई अनुमोदन गरेको र यू.एन.ड्रीप.लाई पारित गरेको दश वर्ष वितिसकेको छ र यसको पूर्ण र अर्थपूर्ण कार्यान्वयन भने कतै देखिदैन । जस्तो- आदिवासीहरूको अग्रीम जानकारीसहितको मञ्जूरीविना बनाइएको र जारी गरेको तथा यसले आदिवासीले आफ्नै संस्थाहरूमार्फत स्वतन्त्र रुपले छनौट गरेकाले प्रतिनिधित्व गर्ने र अग्रीम जानकारीसहितको मञ्जूरी सुनिश्चित गर्ने  सम्बन्धमा सबै प्रकारको जातीय विभेद् उन्मूलन गर्ने महासन्धि अनुगमन समितिको दुईवटा अग्रीम चेतावनी र सर्वोच्च अदालतले जारी गरेको एउटा निर्देशनात्मक आदेश र एउटा परमादेश सबैलाई बेवास्ता गरेर जारी भएको नेपालको संविधानबाट नयाँ कानूनहरू यी अन्तर्राष्ट्रिय मानव अधिकारका मापदण्ड अनुरुप आउने छ भन्ने आशा विरलै गर्न सकिन्छ ।

जसै आदिवासीहरूको अधिकारप्रतिको सचेतना बढ्दै जान्छ र राज्य र निजी क्षेत्रले हस्तक्षेपकारी विकासलाई घनीभूत पार्दै जान्छन् । आदिवासीले आफ्ना व्यक्तिगत र सामुहिक जग्गा, भूमि, भू-क्षेत्र र स्रोतको नियन्त्रणको लागि थप प्रतिरोध गर्दै आएका छन् । सन् २०१७ मा लाहुर्निपले मुलुकको विभिन्न भागमा घटेका मानव अधिकार उल्लंघनका प्रतिरोधका १३ घटनाहरूमा कानूनी सहयोग उपलब्ध गराएको थियो । १३ वटा उल्लंघनका मुद्दाहरूमा दुईवटा सडक विस्तार परियोजनाहरू (एउटा काठमाडौं र अर्को धनकुटा)बाट विस्थापनसंग सम्बन्धित छन् । दुईवटा जलविद्युत परियोजना पदमखोला जलविद्युत र माथिल्लो त्रिशुली परियोजनासंग सम्बन्धित छन् । दुईवटा विद्युत उच्च भोल्ट विद्युत प्रसारण लाईनसंग सम्बन्धित छन्- काबेली र भुलभुले  मर्स्याङ्गदी, एउटा पाल्पाको चुनढुंगा खानी, एउटा गुलरिया बर्दियाको मासु कारखाना, एउटा मोरङ्गमा भएको बिराट पोल्ट्री फार्मबाट भएको प्रदुषणको मुद्दा, खड्गी समाजको प्रतिष्ठा र पहिचानसंग जोडिएका काठमाडौंको एउटा मुद्दा, कैलालीको मगर समुदायको आस्थाको क्षेत्र-वन र पानी सम्बन्धी मुद्दा, पाँचथर जिल्लामा सेनाले लिएको जमीनको एउटा मुद्दा र एउटा कैलालीमा थारुहरूलाई राज्यबाट भएको गम्भीर मानव अधिकारको उल्लंघनको मुद्दा रहेका छन् । यी सबै मुद्दाहरूमा समानता के हो भने नत राज्य पक्षले र निजी क्षेत्रले आदिवासीहरूसंग अग्रीम जानकारीसहितको मञ्जूरी लिएका छन्, नत  खोसिएको जमीन र सम्पत्तिको उचित क्षतिपूर्ति नै दिइएको छ ।

नेपाल सरकारले सडक विस्तार परियोजना (९९६ किलोमिटर) गर्ने काठमाडौंमा संचालन गरेकाछन्, जसले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा १,५०,००० भन्दा बढी जनतालाई असर गर्दछ । यस परियोजनाको प्रभावितहरू नेवाः समुदायहरू छन् । उनीहरूको जबरजस्ती विस्थापन, यातना, कैयौं धार्मिक, आध्यात्मिक र आस्थाका स्थानहरू नष्ट गरिएका छन् र आर्थिक विस्थापनहरू लगायतका गम्भीर मानव अधिकार उल्लंघन व्यहोरेका छन् । महिला, केटाकेटी र अपांगता भएका व्यक्तिहरूले असमानुपातिक असर व्यहोर्ने छन् । सडक विस्तारको कुनै विकल्प हेरिएको छैन नत क्षतिपूर्ति नै दिएको छ । कुनै प्रभाव विश्लेषण गरिएको छैन । लाहुर्निपको कानूनी सहयोगमा यस कार्यले अदालतमा चुनौति दिइएको छ । सेप्टेम्बरमा

अदालतले परियोजनाको विरुद्धमा रीट जारी गरेकोछ। हाल अदालतले पूर्ण फैसला तयार गरिरहेकोछ। दुईवटा उच्च भोल्ट विद्युत प्रसारण लाईन परियोजना एउटा पश्चिम नेपालको लमजुङ जिल्लामा र अर्को- ताप्लेजुङ जिल्लाको कावेली परियोजना, जसमा १० प्रतिशत क्षतिपूर्ति दिने भनिएकोमा समुदायले अस्वीकार गरी पूरा क्षतिपूर्तिको माग गरिआएका छन्। स्थानीय आदिवासी र अन्य चासो भएका मानिसहरूको दैनिक जीवन अत्यन्त कठीन बनाइरहेको, विराट पोल्ट्री फार्मले दुई वर्षभित्र त्यहाँबाट स्थानन्तरण गर्ने भनी सम्झौता गरेको छ।

**दुईवटा संवैधानिक आयोगको विधेयक पारित**

अगष्ट २ मा आदिवासी आयोगको विधेयक संसद्ले पारित गरेको छ र सेप्टेम्बर १९ मा थारु आयोगको विधेयक पारित गरेको छ। महिनौपश्चात् पनि सरकारले उक्त आयोग गठन गरेको भने छैन। यद्यपि यी दुई आयोगहरू संवैधानिक भनिए तापनि यिनीहरूमा न्यायिक वा अर्धन्यायिक अधिकार छैन।

**आदिवासी महिलाको आर्थिक सशक्तिकरण**

१७ मार्चको साँझमा महिलाहरूको अवस्था सम्बन्धी आयोगको ६१औं सत्रको एक भागको रुपमा 'आदिवासी महिला र किशोरीको सशक्तिकरण र समानता प्राप्तिको लागि अवसर र चुनौती'को सम्बन्धमा उच्चस्तरीय प्यानल छलफल आयोजना भएको थियो। यसको सभापतित्व महामहिम एन्टनीयो पात्रियोता डि अगुवेर (सीएसडब्लु ६१ औं सेशनका सभाध्यक्ष)ले गरेको थियो, जसमा लक्ष्मी पुरी, युएन उमनका उप-कार्यकारी निर्देशक, फिमिको अध्यक्ष टार्सिला रिभेरा र तीनजना मुख्य वक्ताहरू आदिवासी महिलाहरूको प्रतिनिधित्व गर्दै राष्ट्रिय महिला मञ्च (नीफ) नेपालको तर्फबाट यशो कान्ति भट्टचनले आदिवासी महिलाहरूको निर्णय गर्ने तरिकामा राजनीतिक सहभागिताको विषयमा बोल्नुभएको थियो। यशोकान्ति भट्टचनले भन्नुभयो कि आदिवासी महिलाहरू संयुक्त राष्ट्रसंघ र सदस्य राज्यका हरेक तह र तप्कामा देखिनुपर्ने, युनिफेममा आदिवासी महिलाहरूको सशक्तिकरणको लागि छुट्टै बजेट र युनीट रहनुपर्ने, आदिवासी महिलाहरूको खण्डीकृत तथ्यांक लिनुपर्ने र संयुक्त राष्ट्रसंघको महासभामा आदिवासीहरूको स्थायी पर्यवेक्षक

(अब्जर्भर)को हैसियत पाउनु पर्नेमा जोड दिनु भयो । यूएनडीपी नेपालले राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (नीफ)संगको सहकार्यमा नेपालमा आदिवासी महिलाहरूको सशक्तिकरणको विषयमा अनुसन्धान शुरु भएको बताउनुभयो ।

**जलवायु परिवर्तन**

नेपालमा २०१७ मा भएको जलवायु परिवर्तनको विषयमा भएको मुख्य गतिविधिहरूमध्ये वन जंगलमा लगानी कार्यक्रम (एफआईपी), नेपालको लागि लगानी योजना, ‘रुपान्तरणको समयमा समृद्धिको लागि वनजंगलमा लगानी’लाई विश्व बैंकले २०१७ मा पारित गर्‍यो । यूएनडीपी, आईयूसीएन, र एफएओ र अर्थ मन्त्रालयको हरित जलवायु कोष (जीसीएफ)को निम्ति राष्ट्रिय जिम्मेवार निकाय (एनडीए)ले जीसीएफको निम्ति फरक अवधारणापत्रहरू र प्रस्तावहरू तयार गरिरहेको छ। सरकारले लागू गरेको जलवायु परिवर्तन सम्बन्धी कार्यक्रमले आदिवासी सम्बन्धी स्वतन्त्र अग्रीम जानकारीसहितको मञ्जूरी सुनिश्चित गर्ने संयन्त्र बनाउन बाँकी छ ।

# सन् २०१९ मा नेपाल

## कृष्ण भट्टचन

**एफपीक बिनाको कानून**

मुलुकी अपराध (संहिता) ऐन, २०१७, मुलुकी अपराध प्रक्रिया (संहिता) ऐन, २०१७, देवानी (संहिता) ऐन, २०१७ र नागरिक प्रक्रिया (संहिता) ऐन, २०१७, १७ अगष्ट, २०१८ देखि कार्यान्वयन भयो। ईण्टरनेशनल ईन्ष्टीच्युट फर डेमोक्रेसी एण्ड एलक्टोरल एसिष्टेन्स (ईण्टरनेशनल आईडीया)का अनुसार-

> *सरकारले २०१५ मा जारी भएको संविधान विरुद्ध भएका ५६ वटा कानूनहरू संशोधन गर्ने प्रस्ताव राखेको छ। कानून, न्याय तथा संसदीय मामिला (Affairs) मन्त्रालय [...] को प्रवक्ताका अनुसार सरकारले विद्यमान १०० भन्दा बढी कानूनहरू संशोधन गर्नको लागि अर्को विधेयकको प्रस्ताव क्याविनेटमा पठाएको छ।*

यी कानून र विधेयकहरू यू.एन.ड्रीप., अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ र आदिवासीको विश्व सम्मेलन २०१४ को परिणामपत्र अनुरुप छैन, तथा सवै कानूनहरू निर्माण गर्दा, संशोधन गर्दा, पारित गर्दा वा कार्यान्वयन गर्दा आदिवसीहरूबाट स्वतन्त्र अग्रीम जानकारीसहितको मञ्जूरी प्राप्त गरेको थिएन।

**नेपाल र युरोपेली संघको बीच द्वन्द्व**

सत्तासीन प्रभुत्वशाली खस-आर्य जातकाहरू दलित, मधेशी र आदिवासीलाई सहयोग गर्ने प्रावधान राखेकोमा युरोपेली दातृसंस्थाहरूसंग खुशी थिएन। उनीहरूलाई आफ्नो मानव अधिकार र सामाजिक न्याय जनवकालत र सम्वादको माध्यम दावी गर्न सहयोग गर्न टेवा दिएको विशेष गरेर विवादास्पद बनाएको थियो। नेपालको शासकहरू र युरोपेली संघ (ईयू)बीच द्वन्द्व २०१८ मा शुरु भयो। ईयूको निर्वाचन पर्यवेक्षण टोलीले नेपालमा दुई चरण (२६ नोभेम्बर, २०१७ तथा ७ डिसेम्बर, २०१७) मा भएको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनहरूका सम्बन्धमा निर्वाचन पर्यबेक्षण सम्बन्धी आफ्नो अन्तिम प्रतिवेदन प्रस्तुत गरेको थियो। यसमा २० मार्च, २०१८ मा हुने निर्वाचनको लागि सुझावहरू समेटेको थियो। ईयूले सरकारलाई संसद्मा जातीय स्वरुपका सम्बन्धमा कोटा पद्धतिले पारेको प्रभाव

बारे पुनरावलोकन गर्न तथा 'समावेश गरिएको समूहहरूबाट खस आर्यलाई हटाउन' सिफारिश गरेको थियो । नेपालको संविधानको धारा ८४(२)मा क्षेत्री, बाहुन, ठकुरी तथा सन्यासी (दशनामी) सुमदाय रहने गरी खस-आर्यलाई परिभाषित गरेको छ । ईयूले आफ्नो सुझावमा उल्लेख गरेको छः

[...] समानताको प्रावधानहरू गरीब खस-आर्यलाई मात्र जनाउँछ । तर यो योग्यता निर्वाचन प्रावधानहरूमा समेटिएको छैन । यो तर्कपूर्ण रुपमा अन्तर्राष्ट्रिय स्तरको विरुद्धमा छ । जस्तै- महिला विरुद्ध हुने सबै प्रकारका भेद्भाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि र सबै किसिमको जातीय भेद्भाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि अन्तर्गत सकारात्मक कारवाहीका उपायहरूलाई समानता अभिवृद्धि गर्ने साधनको रुपमा मात्र हेरिएको छ ।

'के युरोपेली संघले नेपालमा जातीय द्वन्द्वलाई चर्काएको छ ?' शीर्षक लेखमा परराष्ट्र मन्त्रालय, नेपालको निर्वाचन आयोग, प्रेस काउन्सील नेपाल र नेताहरूले ईयूको निर्वाचन पर्यवेक्षण टोलीको प्रतिवेदनलाई 'तथ्यहीन', 'भ्रमकारी', 'आधारहीन', 'हानिकारक' र 'निर्वाचन पर्यवेक्षणको आचारसंहिता विपरीतको निर्वाचन पर्यवेक्षण' भनेको छ । ईण्डियन एक्सप्रेसले नेपालको प्रधानमन्त्रीको भनाई उद्घृत गर्दै लेखेको छ, 'ईयूको यो प्रतिवेदनबाट म र नेपाली जनताले अपमानित महशूस गरेका छौं । यो गल्ती सुधार्नको लागि म ईयूलाई विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु ।' सरकारको यो आपत्तिको सम्बन्धमा ईयूको प्रत्युत्तर यो थियो कि यो अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणको अभ्यासमा रहेको मापदण्ड अनुरुप रहेको थियो ।

**भूमि, भू-क्षेत्र र स्रोतका लागि संघर्षहरू**

यो वर्ष एफपीकको मागका साथै आक्रमक विकास विरुद्ध विरोध सघन भयो । उदाहरणको लागि-

- सरकारले नेवाः आदिवासीको पैतृक थातथलोमा कार्यान्वयन गरेको आक्रमक सडक विस्तार परियोजनाले एकलाख पचास हजारभन्दा धेरै जनतालाई नकारात्मक असर पार्‍यो । यसबाट धेरै जनतालाई बलपूर्वक विस्थापन गर्नु

मात्र नभएर साँस्कृतिक र आध्यात्मिक क्षेत्रहरूलगायतका पहिचानको चिन्हहरू धराशायी बनाउनुका साथै डर र त्रास देखाउनेलगायतका मानव अधिकारको व्यापक उल्लंघन गर्ने काम गऱ्यो । सर्वोच्च अदालतले १७ सेप्टेम्बर, २०१७ मा सानु श्रेष्ठसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतको मुद्दामा निर्देशनात्मक आदेश जारी गऱ्यो । फैसलाको पूर्ण पाठ (२०१८ मा उपलब्ध गराएको)मा अदालतले वैकल्पिक समाधान नभएको अवस्थामा बाहेक घरको सुरक्षालाई नकारात्मक प्रभाव पार्ने कुनै काम नगर्नु, विस्थापितको समतामूलक पुनर्स्थापना र पुनर्वासको अधिकार सम्बोधन गर्नु र भूमि अधिग्रहण सम्बन्धी कानून र नियमावली अनुसार जग्गा अधिग्रहण गरे अनुरुप फायदा र मुआब्जा दिनु तथा विकास परियोजना कार्यान्वयन गर्दा वातावरणको संरक्षणमा ध्यान दिनु भनि निर्देशनात्मक आदेश जारी गरेको छ । जुन २०१८ मा सडक विस्तार परियोजनाले आईएलओ महासन्धि नं. १६९ लाई पालना नगरेको भन्ने सम्बन्धमा नेपाल टेलिकम्युनकेशन कर्मचारी युनियनले गरेको उजूरीलाई जाँच गर्न अन्तर्राष्ट्रिय श्रम संगठनले एउटा त्रिपक्षीय समिति गठन गऱ्यो ।

- सिन्धुली जिल्लामा विद्युत प्रसारण लाईनको कारणले परेको नकारात्मक असरहरू, जस्तै- घर, जग्गा र स्रोतहरू गुमाउनेलगायतका मानव अधिकार हननका विरुद्ध आन्दोलनको नेतृत्व गरेका समुदायका नेताहरूलाई भएको दण्ड सजाँयका विरुद्ध नेपालको आदिवासीहरूको मानव अधिकारको लागि वकिल समूह (लाहुर्निप)को सहयोगमा उच्च अदालत, पाटनमा पुनरावेदन दर्ता गऱ्यो । २१ डिसेम्बर, २०१८ मा अदालतले प्रमुख जिल्ला अधिकारीले गरेको निर्णयलाई उल्टाइदियो र समुदायका नेताहरूलाई सो अभियोगबाट मूक्त गऱ्यो ।
- ८ अक्टोबर, २०१८ मा लाहुर्निप र एकाण्टेबेलिटी काउन्सीलको सहयोगमा लमजुङमा उच्च भोल्टेजको विद्युत प्रसारण लाईनको कारणले विशेषगरी आदिवासीहरूमा पारेको नकारात्मक प्रभावहरू- उनीहरूको भूमि, स्रोत र जीविका गुमेको सम्बन्धमा युरोपियन ईन्भेष्टमेण्ट बैंक (ईआबी)को उजूरी

संयन्त्रको प्रमुखलाई मध्यस्थता गर्न अनुरोध गरी एउटा उजूरी गऱ्यो । ईआईबीले यो मुद्दालाई अघि बढाउने संकेत दियो र यो अहिले त्यत्तिकै छ ।

**सशस्त्र द्वन्द्व र संगठित अपराधको आरोप**

आदिवासीको सशस्त्र समूह खम्बुवान मुक्ति मोर्चा संयुक्त, जसले विगत आठ वर्षदेखि पूर्वी पहाडी जिल्लाहरूमा छुट्टै राज्यको लागि लड्दै आएकोछ । एउटा समाचार अनुसार सरकार समक्ष 'हतियार बुझायो र शान्तिपूर्ण कार्यमा लाग्ने बाचा गऱ्यो' । ५ नोभेम्बर, २०१८ मा मंगोल मूलवासी राष्ट्रिय फोर्स (किरात) को १४ जना नेताहरू, जो १६ अक्टोबर, २०१६ देखि न्यायिक हिरासतमा रहँदै आएका छन् लाई भक्तपुर जिल्ला अदालतले उनीहरू संगठित अपराधमा लागेको आरोपबाट मूक्त गरी छाडि दियो ।

**सर्डले राज्य पक्षलाई आच्छु–आच्छु पारेको**

नश्लीय भेद्भाव उन्मूलन गर्ने समिति (सर्ड)ले नेपालले बुझाएको १७ औं देखि २३ औं आवधिक प्रतिवेदनको सम्बन्धमा २९ मे, २०१८ मा निष्कर्ष अवलोकन जारी गऱ्यो र आदिवासीसंग सम्बन्धित कैयन सुझावहरू दियो । यसले सुझाव दियो कि 'आदिवासीहरूले सरकारी निकायहरूमा सहभागी हुने अधिकारलाई प्रभावकारी रुपमा सम्मान गरोस्' तथा आदिवासीको संस्कृतिलाई अपराधीकरण गर्ने कानूनहरू फिर्ता लिइयोस र 'उनीहरूको परम्परागत भूमि तथा स्रोतहरूको प्रयोग र विकासमा प्रभाव पार्ने कुनै पनि परियोजना स्वीकृत गर्नु अघि' स्वतन्त्र अग्रीम जानकारीसहितको मञ्जूरी प्राप्त गरोस् ।

**आदिवासी महिला**

२३ अक्टोबर, २०१८ मा जेनेभामा नेपालले प्रस्तुत गरेको छैठौं आवधिक प्रतिवेदन उपर महिला विरुद्ध हुने सबै प्रकारको भेद्भाव उन्मूलन गर्ने समिति (सीड)ले अनुगमन गऱ्यो । राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (नीफ)को नेतृत्वमा आदिवासी महिलाहरूको संघसंस्थाहरूको कन्सोर्टीयमले आदिवासी महिलाको अवस्था सम्बन्धमा छायाँ प्रतिवेदन पेश गऱ्यो । ९३ वटा मूलप्रवाहको महिलाको संघसंस्थाहरूको  सीड छायाँ प्रतिवेदन तयारी समिति (एसपीआरसी)ले आदिवासी महिलाहरूलाई सामेल भई एउटा मात्र प्रतिवेदन पेश गर्न आमन्त्रण गऱ्यो । तर

आदिवासी महिलाहरूको अधिकार विशिष्ट भएकोले आदिवासी महिलाहरूको संघसंस्थाहरूको कन्सोर्टीयमले आफ्नो छुट्टै प्रतिवेदन पेश गर्‍यो ।

सीड समितिले १४ नोभेम्बर, २०१८ मा आदिवासी महिलाको सम्बन्धमा नेपाललाई १५ वटा सिफारिश गर्‍यो । यसले अवलोकन गरे अनुसार 'संविधानमा आदिवासी महिलाहरूको अधिकारको मान्यता नहुनु, र आधारभूत रुपमा आदिवासीहरूको आत्मनिर्णयको अधिकारको मान्यता नहुनु ।' तसर्थ समितिले यी अधिकारहरू यू.एन.ड्रीप. अनुसार संविधान संशोधन गरी प्रष्ट पहिचान गर्न सिफारिश गर्‍यो, जुन ऐतिहासिक तथा विश्व मञ्चमा नै आदिवासी महिलाको सफलताको सूचकाङ्क हो ।

**आदिवासी महिलाहरूको आर्थिक सुदृढीकरण (नीफ/यू.एन.डी.पी.)**

महिलाको अवस्था विषयक आयोगको (सीएसडब्लु) एकसठीऔं सत्रले आदिवासी महिलाको आर्थिक सशक्तिकरणमा विशेष ध्यान दिएकोलाई फलोअप गर्दै नीफ र संयुक्त राष्ट्र संघीय विकास निकाय (यूएनडीपी) नेपालले संयुक्त रुपमा नेपालमा आदिवासी महिलाहरूको आर्थिक सशक्तिकरण विषयमा अनुसन्धान गरी प्रतिवेदन प्रकाशन गर्‍यो । यसको सुझाव अनुसार कुनै पनि लागू भइरहेको वा लागू गर्न लागिएको आर्थिक सशक्तिकरण कार्यक्रमहरूमा नेपालले आदिवासी महिलाहरूको प्रथाजनित ज्ञान र शीपलाई ध्यान दिनुपर्ने, प्रचलित कानूनहरूमा आदिवासी महिलाहरूको भूमि, भू-क्षेत्र र स्रोतहरूमा स्वामित्व र नियन्त्रणको लागि यू.एन.ड्रीप. तथा आईएलओ महासन्धि नं. १६९ अनुरुप संशोधन गर्ने र व्यापारिक केन्द्रहरू स्थापना गर्नु पर्ने ।

**घुमन्ते राउटेहरूलाई बढ्दो दवाव**

नेपालका अन्तिम घुमन्ते आदिवासी राउटेहरूलाई १४ जुनको मन्त्रिपरिषद्को निर्णय अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको आदेश अनुसार दैलेख जिल्लाको गुँरास गाउँपालिकाले उनीहरूको स्थायी ठेगाना उल्लेख गरी परिचयपत्र दियो । राउटेहरूको प्रथाजनित भूमि, भू-क्षेत्र र स्रोतहरूमा नियन्त्रण नभएकोले उनीहरूलाई स्थायी बसोवासका लागि अत्यन्तै दवाव दिइएकोले परिचयपत्रको कारण राउटेहरूलाई आफ्नो घुमन्ते जीवनशैली त्याग्नेतर्फ डोर्‍याउन सक्नेछ ।

# सन् २०२० मा नेपाल

## कृष्ण भट्टचन

**२०६२/०६३ पछिको सबैभन्दा विशाल ऐतिहासिक विरोध**

नेपाल सरकारले हिन्दू मठमन्दिरको गुठीलाई नियमन गर्ने नाममा नेवाःको प्रथाजन्य संस्था गुथीलाई समाप्त गर्ने ध्येयले संघीय संसद् (माथिल्लो सदन)मा एउटा विधेयक दर्ता गर्‍यो । २०१९ (२०७५/०७६) को वर्षलाई लाखौं आदिवासीहरू, खासगरेर नेवाः, आफ्नो ऐतिहासिक थातथलो नेपाल मण्डलको सडकभरी आफ्नो प्रथाजन्य स्व-सरकारको पद्धतिलाई निमिट्यान्न पार्न प्रभुत्वशाली खस-आर्य शासकहरूको प्रयास विरुद्ध सामुहिक विरोध प्रदर्शनमा उत्रिएको वर्षको रुपमा सम्झनामा रहिरहने छ ।

द काठमाण्डू पोष्टको समाचार अनुसार "सरकारले राष्ट्रिय सभाबाट विधेयक मंगलवार फिर्ता गरेको बावजूद काठमाडौंका बासिन्दाहरू-प्रायःजसो नेवाःहरू-ठूलो संख्यामा सडक-सडकमा उत्रेर शताब्दियौं-पुरानो-परम्पराहरूलाई राज्यको-नेतृत्वमा सखाप पार्न गरेको प्रयासको विरोध गरे ।" नेवाः आदिवासीले विधेयक संधैको लागि फिर्ता गरिनुपर्ने र भविष्यमा फिर्ता ल्याउन कुनै पनि प्रयास गर्न नहुने भनी माग राखेका थिए । द काठमाण्डू पोष्टले राष्ट्रिय पहिचान संयुक्त संघर्ष समितिका संयोजक गणपतिलाल श्रेष्ठलाई उधृत गरे अनुसार उनले भनेः "एघार दिन अघि हामीले विरोध गर्दा सरकारले लाठी चार्ज र पानीको फेहोरा प्रयोग गरेर हामीलाई भगायो । हामीमध्ये धेरै घाइते भयौं । हाम्रो संस्कृति बचाउन र सरकारको अधिनायकवादको विरोध गर्न अव पूरै शहर ब्युँउझिएको छ ।" जुन १० मा द काठमाण्डू पोष्टले दिएको समाचार अनुसार "उपयुक्त छलफल नगरीकनै सरकारले संसद्मा सुटुक्क लगेको गुठी विधेयकको विरोधमा उत्रिएका सम्पदा संरक्षणवादीहरू, स्थानीयहरू र सरोकारवालाहरूलाई तितर-वितर पार्न प्रहरीले आइतवार बल प्रयोग गर्दा कम्तीमा पनि छजना घाइते भएका छन् ।"

यो असाधारण ऐतिहासिक घटनाले राजनीतिक पार्टीका नेताहरूलाई एउटा स्पष्ट सन्देश दियो कि आफ्नो प्रथाजन्य संस्कार पद्धतिहरूको रक्षार्थ आदिवासीहरू उनीहरूको पार्टीदेखि माथि उठ्न सक्दछन् । सरकारले मान्यता दिएको ५९ आदिवासीहरूमध्ये एक नेवाहरूले २०६२/०६३ को जनआन्दोलन बराबरको

विरोध प्रदर्शन गर्न सक्दछन् भने आदिवासीको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघको घोषणापत्र अनुरुप आत्मनिर्णय, स्वायत्तता, स्वशासन र प्रथाजन्य कानूनलगायतका सामुहिक अधिकार सुनिश्चित गर्न यदि सूचीकृत सबै ५९ र सूचीकृत हुन बाँकी आदिवासीहरू सामुहिक रुपमा सडकमा उत्रियो भने के होला ?

नेवा:हरूको पुर्ख्यौली भूमि, भू-क्षेत्र र स्रोतहरू काठमाडौंमा छ र सबै परिवारलाई उनीहरूको कूलसंग सम्बन्धित, जन्मदेखि मृत्युपर्यन्तका संस्कारहरू, सामाजिक, साँस्कृतिक, धार्मिक, आध्यात्मिक, न्यायिक र आर्थिकलगायतका सबै अनिवार्य र स्वेच्छिक गतिविधिहरूलगायतका उनीहरूको दैनिक सामुहिक जीवन चलाई राख्न प्रथाजन्य-संस्कार पद्धति अन्तर्गत १,००० भन्दा बढी गुथीहरू छन् । यो सत्य हो कि 'जहाँ गुथी छैन, त्यहाँ नेवा छैन' ।

**लोकसेवा आयोगले आरक्षणलाई हटाएकोमा विरोध**

दलित र मधेशी आन्दोलनसंग नेपाल आदिवासी जनजाति महासंघले गठबन्धन गरी संघीय लोकसेवा आयोगले सीमान्तकृत समुदाय-(आदिवासी, दलित, मधेशी, मुस्लिम, अपांगता भएका व्यक्ति र दूर्गम क्षेत्रका व्यक्ति)का लागि सम्पूर्ण खाली पदमध्ये ४५ प्रतिशत आरक्षण अन्तर्गतको ९,१६१ खाली पदको लागि गरेको विज्ञापन लोकसेवा आयोग ऐन अनुसार नभएको दावी गर्दै २०१९ मा संयुक्त रुपमा सडकमा कैयन विरोध कार्यक्रम भएका थिए । समाचारमा लोकसेवा आयोगले "सबै स्थानीय तहमा पर्याप्त पद खाली नभएकोले समावेश गर्न नसकिएको" भनेको थियो । सबै खाली पदलाई एउटै बास्केटमा राखेर हरेक क्लष्टरलाई बाँड्न पर्दछ । यस्तो भए पनि सरकारले विरोधहरूलाई अत्यधिक बल प्रयोग गर्‍यो । महासंघको अध्यक्ष र अन्य आठजना आन्दोलनकारीहरू घाइते भए । यो आन्दोलनको सकारात्मक पक्ष बहिष्करणमा पारिएका सबै समूहहरू अब कोटालाई पुनर्प्राप्ति गर्ने शक्तिहरूमा समाहित भए ।

**भूमि, भू-भाग तथा स्रोतहरू**

भूमि, भू-भाग तथा स्रोतहरू पुन:दावी गर्न आदिवासीहरूको निरन्तर चलिरहेको

संघर्षको हिसाबले २०१९ को वर्ष घटनामय भयो । उदाहरणको लागि- नेपालको सर्वोच्च अदालतले ३१ डिसेम्बर, २०१८ का दिन संविधानमा उल्लेख भए अनुसारको बराम विशेष, संरक्षित तथा स्वायत्त क्षेत्र स्थापना गर्नका लागि निर्देशनात्मक आदेश जारी गऱ्यो (*भूवन बराम र टेकबहादुर बराम विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय* (WN 074-WO-0239) । बरामलाई सरकारले औपचारिक रुपमा मान्यता दिएको ५९ आदिवासीहरूमध्ये एक हो र उनीहरू अतिसीमान्तकृत आदिवासीमा पर्दछन् । सर्वोच्च अदालतले स्पष्ट रुपमा बोलेको छ कि बरामको संस्कृति र सामाजिक संरचना बराम विशेष वा संरक्षित क्षेत्रको स्थापनाविना सम्भव छैन । यो निर्देशनात्मक आदेशबाट उत्साहित भएर माझी, बराम, नेवा:, मगर, किराती र सन्थालहरू सबैले नेपालका आदिवासीहरूको मानव अधिकारका लागि वकिल समूह (लाहुर्निप)को सहयोगमा संरक्षित, विशेष र स्वायत्त क्षेत्रको सवालहरू उठाइरहेका छन् । यहीं शिलशिलामा सदरसिंह लिम्बूसमेतले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. १ विरुद्ध एउटा रीट (076-WO-0259) दर्ता गरेका थिए । सर्वोच्च अदालतले ‘कारण देखाऊ’ आदेश जारी गरेको छ र यो मुद्दा विचाराधीन छ । धारा ५६(५) मा यस्तो प्रावधान छ- “सामाजिक, साँस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि कुनै विशेष, संरक्षित वा स्वायत्त क्षेत्र स्थापना गर्न सकिनेछ” तर सरकारले यसलाई कहिल्यै पनि कार्यान्वयन गरेन ।

अर्को उदाहरण- नेवा: थातथलोमा बाध्यात्मक विस्थापनको विरुद्ध, साँस्कृतिक अधिकारको संरक्षणको लागि र हस्तक्षेपकारी विकासको विरुद्धमा सर्वोच्च अदालतमा परेको रीट निवेदन *(अमृत शाक्यसमेत विरुद्ध नेपाल सरकार)* हो । तेस्रो उदहारण- अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)को महानिर्देशकले पठाएको पत्र हो । यो पत्र आईएलओको सञ्चालक समितिले आफ्नो ३३३ औं सत्र (जुन २०१८)मा गरेको निर्णयको परिणाम हो । यो निर्णय अनुसार नेपाल टेलीकम कर्मचारी संघले नेवा: आदिवासीको तर्फबाट ६ नोभेम्बर, २०१९ मा  दर्ता गरेको उजूरीको सम्बन्धमा जाँचबुझ गर्न आईएलओले त्रि-पक्षीय समिति बनाउने छ । आईएलओले नेपाल टेलीकम कर्मचारी संघलाई सोध्यो कि उनीहरूले आईएलओलाई मध्यस्थता गर्न

(यदि दुवै पक्षले समहति जनायो) भने कि अन्यथा आवश्यक कारवाही गर्नका लागि उजूरीको सम्बन्धमा अनुसन्धान गर्न चाहेको हो । सरकारले मेलमिलाप गर्ने विकल्प चाहेन, त्यसैले आईएलओले अनुसन्धान कार्य अघि बढाउनु पर्ने भयो । गैरन्यायिक सडक विस्तार विरुद्ध आन्दोलन गरिरहेको नेताहरूले सरकारले आईएलओ महासन्धि नं १६९ को उल्लंघन गरेकोले यो मुद्दा समाधान गर्नेछ भन्ने कुरा विश्वास गर्दैनन् ।

## विश्व-वन्यजन्तु कोषबाट मानव अधिकार उल्लंघनको वेवास्तामा निरन्तरता

चितवन राष्ट्रिय निकुञ्जको रेञ्जरहरूले आदिवासी शीखाराम थारुलाई गैँडाको सिङ आफ्नो घरको बारीमा गाड्न छोरालाई सहयोग गरेको आरोपमा सन् २००६ मा जेलमा बन्दी बनायो । सिङ कहिल्यै पनि बरामद गर्न सकेन । तर उक्त व्यक्तिलाई रेञ्जरहरूले पक्रेर यातना दिएको नौदिनपछि निजको मृत्यु भयो । यस सम्बन्धमा थप जानकारीसहितको खोज समाचार द काठमाडू पोष्टले बज फिडसंग सहकार्य गरी ३ मार्च, २०१९ मा प्रकाशित खोज समाचारले पर्दाफास गरेको थियो, जसमा यो दावी गरिएको छ कि विश्व-वन्यजन्तु कोष (डब्लुडब्लुएफ)ले “नेपालको संरक्षण क्षेत्रहरूमा मानव अधिकार उल्लंघनलाई बेवास्ता गर्दै आएको छ” । मार्च, २०१९ मा बज फिडले छापेको थप प्रतिवेदनमा दावी गरेको छ कि विश्व वन्यजन्तु कोषले “चोरी शिकारी गर्नेहरूलाई अर्ध-सैनिक निज शक्तिहरूलाई आर्थिक सहयोग गर्दछ”, “चिन्तालाग्दो के छ भने संरक्षण क्षेत्रमा विश्वकै नेतृत्वदायी संस्था प्रकृतिको लागि विश्वव्यापी कोष (पहिलेको विश्व)वन्यजन्तु कोष र जसलाई छोट्करीमा डब्लुडब्लुएफ भनेर विश्वभरी चिनिन्छ)ले खराब काम देखाइरहेको छ-जसले सबैभन्दा असुरक्षित जनसमुदायहरूमध्ये केहीको विरुद्ध भएको मानव अधिकारको उल्लंघनका सबै प्रमाणहरूलाई लुकाउँदै आरोपी अधिकारीहरूलाई नै साथ दिन्छ र उनीहरूसंग काम गर्दछ” भनी द काठमाण्डू पोष्टले लेखेको छ ।

## युरोपियन ईनभेष्टमेण्ट बैंकको उजूरी संयन्त्र र एफ्पीक

युरोपियन ईनभेष्टमेण्ट बैंक (ईआईबी) को उजूरी संयन्त्र (सीएम्)को टोलीले २०१९ को मार्च १४ देखि २० तारिखसम्म नेपालको भ्रमण गऱ्यो र एफ्पीक एण्ड

राईटस् फोरम, लमजुङले १९ अक्टोबर, २०१८ मा गरेको उजूरीको बारेमा समीक्षा गर्नका लागि ईआईबी र राष्ट्रिय प्राधिकरणले लगानी गरेको २२० केभी मर्स्याङदी करीडोर विद्युत प्रसारण आयोजनाबाट प्रभावितहरूसंग भेटघाट गऱ्यो । ईआईबी-सीएम्ले लमजुङ जिल्लाको पाँचवटा गाउँका प्रभावितहरूसंग छलफल गरेको थियो र २२० केभी प्रसारणको प्रस्तावित कैयन स्थलहरूको पनि निरीक्षण गरेको थियो । उनीहरूले उजूरीकर्ताहरूका सल्लाहकारहरू, एकाउण्टेबिलिटी काउन्सील र नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)का प्रतिनिधिहरूसंग भेटघाट गऱ्यो । ईआईबीले नेपाल विद्युत प्राधिकरण (एनईए)ले समुदायसंग मध्यस्थता गर्ने र प्रभावित आदिवासीहरूले एफपीक प्राप्त गर्नेछ भन्ने पूर्वानुमान गरी लाहुर्निपलाई एफपीक प्रोटोकल बनाउन अनुरोध गऱ्यो । नेपाल विद्युत प्राधिकरणले मध्यस्थता गर्न अस्वीकार गरेकोले ईआईबीले भविष्यमा सम्मति समीक्षा (कम्लाएन्स रिभ्यू) गर्नेछ ।

**सहभागिता**

नेपालको सर्वोच्च अदालतले कानून निर्माण प्रक्रियालगायत नीति निर्णयमा आदिवासीहरूको अर्थपूर्ण सहभागिताको सवालमा लाहुर्निपले दर्ता गरेको रीट निवेदन (076-WO-0104) को सम्बन्धमा ११ अगष्ट २०१९ मा 'कारण देखाऊ' आदेश जारी गरेको छ । यो मुद्दा चलिरहेको छ र अन्तिम सुनुवाईको पर्खाईमा छ ।

**आवधिक योजनामा आदिवासी**

सरकारले पन्ध्रौं पञ्चवर्षिय योजना (२०१९/२०-२०२३/२४)लाई २८ अप्रीलमा पारित गऱ्यो । अवधारणापत्रको मस्यौदा बनाउने क्रममा लाहुर्निपको प्रयासमा राष्ट्रिय योजना आयोगले आदिवासीहरूका लागि कैयन योजना तथा कार्यक्रमहरू समावेश गरेको थियो । अवधारणापत्र अनुसार विशेष, संरक्षित र स्वायत्त क्षेत्रहरू संविधान र स्थानीय-निकाय सञ्चालन ऐन बमोजिम गठित र कार्यान्वयन गरिने छ । यसमा उल्लेख भए अनुसार सर्भे गर्न वा नक्शा बनाउन बाँकी रहेको जग्गाहरूको सर्भे गरी भूमि प्रशासन पद्धति अन्तर्गत ल्याइनेछ र यसलाई सरकारी, सार्वजनिक सामुदायिक र गुठी (कोष) भूमिको विस्तृत विवरण तयार गरी संरक्षण

गरिने छ । अरु आदिवासी जनजाति र स्थानीय समुदायको स्थानीय तहको जैविक विविधता र सम्बद्ध सबै ज्ञान, शीप, अभ्यास, सामाजिक, साँस्कृकित पद्धति, कला र बौद्धिक सम्पत्तिको अभिलेखीकरण गरिने छ र विधिवत् दर्ता गरिने छ । यसमा सीमान्तकृत र लोपोन्मुख जातजाति (खासगरी राउटे, चेपाङ, राजवंशी, चमार, मुसहर, वादी, राजी आदि)को संरक्षणका लागि विशेष कार्यक्रम कार्यान्वयन गर्ने र संस्थागत गर्ने प्रतिबद्धता पनि जनाइएको छ । यो सकारात्मक हुनसक्छ, यदि सरकारले यू.एन.ड्रीप. र आईएलओ महासन्धि नं. १६९ अनुसार आदिवासीहरूको एफपीक प्राप्त गर्नुको साथै उनीहरूको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्व भयो भने मात्र । अन्यथा यो आदिवासीहरूको लागि सम्भावित धम्की हुनसक्ने भएकोले उनीहरूले उनीहरूको भूमिको वर्गीकरणमा असहमत हुन सक्छन् ।

**'मानव चिडीयाखाना'मा राउटे**

दैलेख जिल्लाको गुँरास गाउँपालिकाले घुमन्ते राउटेका ४२ परिवार (१४९ जना)लाई गाउँको गर्छेनदी किनारमा तारवारभित्र राख्ने निर्णय गरी उनीहरूलाई भेट्न आउनेहरूलाई प्रवेश शुल्क तिर्नपर्ने गरेको अर्थ राउटेलाई मानव चिडीयाखानामा राखेको देखियो । लाहुर्निपले ५ जुलाई, २०१९ मा एउटा प्रेस विज्ञप्ती जारी गरी राउटले आफ्नो पुर्ख्यौली वनमा स्वतन्त्रता पूर्वक घुमफिर गर्न पाउने मानव अधिकार उल्लंघनको भत्सर्ना गर्‍यो । उनीहरूको इच्छा विपरीत ३ महिना बन्धकमा बसेपछि उनीहरू पहिले सुर्खेतको लेकवेँसी नगरपालिकाको साताखानीमा गए र पछि गुँरास गाउँपालिकाको सत्ताचौरमा गए । अहिले उनीहरूको एउटा समूह सुर्खेतको बगर्ने नदीको किनारमा र अर्को समूह बराहताल ग्रामीण नगरपालिकाको सेतीनदी किनारमा बसेका छन् । राउटेको मुखीयाले भने कि उनीहरूले आफ्नो घुमन्ते प्रथालाई छाड्न सक्दैन र वन उनीहरूको आफ्नै घर भएकोले त्यहीँ जीवन बिताउन खुशी मान्दछन् ।

**जलवायु परिवर्तन**

नेपालले नयाँ जलवायु पविर्तन नीति, २०१९ जारी गरी सन् २०११ मा जारी गरेको नीति फिर्ता लियो । यो २०१९ को नीतिको उद्देश्यमा यस्तो उल्लेख छः

*जलवायु परिवर्तन अनुकूलन (सीसीए) सम्बन्धमा क्षमता बढाउनका लागि पर्यावरण लचकता विकास गर्ने, न्यून कार्बन आर्थिक विकास अवधारणा ग्रहण गर्दै, राष्ट्रिय र अन्तर्राष्ट्रिय वित्तीय स्रोतहरू परिचालन गर्ने, सूचना सेवा प्रभावकारी बनाउन, नीति, रणनीति, योजना र कार्यक्रमहरूमा जलवायु परिवर्तनलाई मूलप्रवाहीकरण गर्ने र जलवायु परिवर्तनको न्यूनीकरण र अनुकूलन कार्यक्रमहरूलगायतका लैंगिक र सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण समेत गर्ने ।*

यो नीति अन्तर्गत "संघीय, प्रदेश र स्थानीय तहहरूमा कानूनहरू, रणनीतिहरू, कार्यमूलक नीतिहरू, पथप्रदर्शन, प्रक्रियाहरू, म्यानुअल र योजना बनाउने" र यस कार्यका निम्ति स्थानीय अनुकूलन योजनाको राष्ट्रिय खाका निर्माण र कार्यान्वयन, राष्ट्रिय अनुकूलन योजना (नाप) रेड रणनीति, जलवायु लगानी खाका र बजेट कोड, हरित वृद्धि रणनीति, जलवायु परिवर्तन कार्य योजनाको लैंगिक मूलप्रवाहिकरण, र अन्य जलवायु परिवर्तन दस्तावेज संशोधन गर्ने वा निर्माण गर्ने वा कार्यान्वयन गर्ने ।

उक्त नीतिमा "न्यून कार्बन आर्थिक बिकास सम्बन्धी राष्ट्रिय रणनीति निर्माण गर्ने र कार्बन व्यापार (२०११ को नीति प्रतिबिम्बित हुनेगरी) र पेरीस सहमतिको मार्गचित्र तयार गर्ने, राष्ट्रिय निर्धारित योगदान (एनडीसी), राष्ट्रिय अनुकूलन कार्य योजना र पारदर्शी खाका" तथा "संस्थाहरूले दातृ संस्थाहरूको सहयोगबाट चलाइने जलवायु परिवर्तन सम्बन्धित परियोजनाहरू कार्यान्वयन गर्नुपूर्व वन तथा वातावरण मन्त्रलायबाट पूर्वस्वीकृति लिनु पर्दछ" भनेर आफ्नो प्रतिबद्धता नवीकरण गरेको छ। नेफिनको जलवायु परिवर्तन सम्बन्धी कार्यक्रमले यी सरकारी पहलहरूमा आदिवासीको अधिकारको सुनिश्चितताको लागि योगदान गरेको छ। जलवायु कार्यमा आदिवासी अधिकारको पूर्ण सम्मानको लागि जनवकालतको निरन्तराता आवश्यक छ।

**आदिवासी एलजीबीटीआई**

नोभेम्बर, २०१९ मा नीलहिरा समाज (ब्लु डाइमण्ड सोसाईटी-बीडीएस्) र राष्ट्रिय आदिवासी महिला मञ्च (नीफ)ले पहिलो पटक संयुक्त रुपमा युनिभर्सल पिरियोडिक रिभ्यु र अन्य अन्तर्राष्ट्रिय कानून, आदिवासी महिला र एलजीबीटीआईका अधिकारका बारेमा जनवकालत सम्बन्धी गोष्ठी र प्रशिक्षण सत्र काठमाडौंमा भएको थियो । यो गोष्ठी नेपालमा ऐतिहासिक थियो, जहाँ नेपालका आदिवासी एलजीबीटीआई समुदायका सवालहरूमा छलफल भयो र जनवकालतको रणनीति बनाइएको थियो । सहभागीहरूले म्याग्नाकार्टा सिद्धान्तहरू १० जोडलाई यु.एन.ड्रिप. अनुरुप बनाउन पर्ने र यु.एन.ड्रिप.मा एलजीबीटीआईको विशेष उल्लेख हुनु पर्नेमा जोड दिएका थिए ।

## लाहुर्निपको बारेमा

नेपालमा आदिवासीका मानव अधिकार र आधारभूत स्वतन्त्रताको बारेमा काम गर्ने उद्देश्यले आदिवासी वकिलहरूले २०५१ सालमा नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) स्थापना गरेका हुन् ।

आदिवासीले स्वतन्त्र रुपमा सामूहिक अधिकार, आत्मनिर्णयको अधिकार, भूमि, भू-क्षेत्र र स्रोत माथिको स्वामित्व र नियन्त्रण, प्रथाजन्य कानून र न्याय प्रणाली र आत्मनिर्णित विकासको उपभोग गरेको यस संस्थाले परिकल्पना गर्दछ । साथै, सबै प्रकारको उपनिवेशवाद्, विभेद्, जातिवाद र अन्यायको अन्त्य र राज्यका सबै निर्णायक तहहरूमा आदिवासीको स्वतन्त्र रुपमा आफ्नै राजनीतिक प्रणालीमार्फत सहभागितासहितको न्यायपूर्ण लोकतान्त्रिक समाजको स्थापना यस संस्थाले परिकल्पना गर्दछ ।

लाहुर्निपले आदिवासीको सामुहिक अधिकार प्रतिरक्षाको निम्ति आदिवासी समुदायलाई सचेतना जगाउने, परिचालन गर्ने तथा अभियान गर्नका लागि प्राविधिक सहयोग प्रदान गर्ने तथा कानूनी सहयता प्रदान गर्ने गर्दछ। नीतिगत निर्णयमा प्रभाव पार्न अध्ययन अनुसन्धान गर्ने, नीतिगत बहश तथा पैरवी गर्ने यस संस्थाको प्रमुख गतिविधिहरू हुन् ।

## IWGIA को बारेमा

IWGIA - International Work Group for Indigenous Affairs अर्थात् आदिवासीहरूको मामिलाको लागि अन्तर्राष्ट्रिय कार्य समूह एक विश्वव्यापी मानव अधिकारवादी संस्था हो। यो संस्था डेनमार्कमा अवस्थित छ। यो संस्थाले आदिवासीहरूको अधिकारको प्रतिरक्षा, प्रवर्द्धन र संरक्षणको लागि काम गरिरहेको छ ।

सन् १९६८ देखि यस संस्थाले विश्वका आदिवासीका संघसंस्था र अन्तर्राष्ट्रिय संघ संस्थाहरूको समन्वय र सहकार्यमा आदिवासीका अधिकार कार्यान्वयनको लागि काम गरिरहेको छ। यस संस्थाले विश्वका आदिवासीहरूको क्षमता विकास, अध्ययन अनुसन्धान तथा दस्तावेजीकरण र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा आदिवासीका अधिकार संरक्षणको लगि नीतिगत बहश तथा पैरवी गर्ने कार्यहरू गर्दछ ।




IWGIA

LAHURNIP -1995
Kathmandu, Nepal

ISBN 9937-9-4091-5
9789937940917